जनकपुर टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २२ • अंक ३४२ • २०७७ साल वैशाख २५ गते बिहिवार (7 May, Thursday, 2020) • पृष्ठ ८ • मूल्य रु. ५।-

## बीरगञ्जमा एकै दिन १७ संक्रमित पुष्टि
## २ महिनाकी बालिकापनि संक्रमित

**टुडे समाचारदाता**

वीरगन्ज। प्रदेश २ मा एकै दिन १७ जना कोरोना भाइरसको संक्रमित फेलापरेका छन्। नारायणी अस्पतालमा ठूलो पीसीआर मेसिन सञ्चालनमा आएको दोस्रो दिन नै एकै परिवारका १७ जनामा कोरोना भाइरस पुष्टि भएको हो।

वीरगन्ज ३ छपकैयाका ३६ वर्षीय पुरुषको परिवारका १७ जनामा कोरोना भाइरसको संक्रमणको पुष्टि भएको हो। स्वास्थ्य तथा जनसंख्यामन्त्रालयले वीरगन्ज महानगरपालिकाको वडा नम्बर ३ छपकैयामा भेटिएका एकै परिवारका १७ संक्रमितमध्ये १० पुरुष र ७ जना महिला रहेको जनाएको छ। संक्रमित मध्ये एक जना २ दुई महिना र अर्का ६ महिनाका दुई शिशु छन्।

त्यसैगरि ३ वर्ष, ९ वर्ष, १२ वर्ष, १३ वर्ष र १४ वर्षका पाँच बालबालिका छन्। अन्य १० जनामा ३५ देखि ६६ वर्षसम्मका महिला र पुरुष रहेको नारायणी अस्पतालका प्रमुख डाक्टर मदन उपाध्यायले बताए

१७ जना संक्रमित फेला परेका परिवारका ३६ वर्षिय पुरुषलाई गत आइतबार कोरोना भाइरस संक्रमणको पुष्टि भएको थियो। उनको सम्पर्कमा रहेका व्यक्तिहरुको परीक्षण गर्ने क्रममा परिवारका थप १७ जना संक्रमित रहेको पुष्टि भएको छ।

उनको सम्पर्कमा रहेका ३२ जनाको थ्रोट स्वाबको पीसीआर टेस्टका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा सोमवार पठाइएको थियो। त्यसमध्ये १७ जनामा संक्रमण देखिएकोछ। रिपोर्ट पोजिटिभ देखिएका सबैलाई उपचारका लागि नारायाणी अस्पतालको आइसोलेशनमा भर्ना गरिएकोछ।

नारायणी अस्पतालमा अहिले २८ जनाको उपचार भइरहेको छ। त्यस मध्ये १ जना सर्लाही, ३ जना रौतहट, २ जना बारा र २२ जना पर्सा जिल्लाका छन्।

नारायणी अस्पतालमा पहिलेदेखि नै थप गरी राखिएको ५० बेडमा रोगीहरुको उपचार भइरहेको अस्पतालका प्रमुख डा.उपाध्यायले जनाए।

बीरगञ्ज महानगरपालिकाको वडा नम्बर ३ मा सबै भन्दा बढी १९ जना संक्रमित रहेका छन्। वडा नम्बर २ र वडा नम्बर १६ का १/१ जना संक्रमित छन्। त्यस मध्ये १ जना भारतीय जमाती रहेका छन्।

यसअघि वैशाख १४ मा कोरोना संक्रमण पुष्टि भएका वडा नम्बर ३ मा कार्यरत महानगरपालिकाका सफाइकर्मीसँगै उनी पनि राहत वितरणमा खटिएका थिए।

१८ जना संक्रमित परिवारका ३६ वर्षिय पुरुष वडा नम्बर ३ को टोलहरुमा राहत वितरण गर्न सकृय रहेकाले अन्य मानिसहरुमा पनि संक्रमण फैलिएको हुन सक्ने त्रास बढेको छ।

सुरक्षा समितिले वडा नम्बर ३ लगायत त्यससित जोडिएका वस्तीहरुपनि सिल गरिएको पर्सा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी ललित कुमार बस्नेतले जनाए।

प्रदेश २ मा अहिले पर्सा, बारा, रौतहट र सर्लाही जिल्लामा संक्रमित भेटिएका छन्। महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्लामा संक्रमित फेला परेको छैन्। पीसीआर परीक्षणको गति कमजोर रहेकाले संक्रमितहरुको पहिचान हुन नसकेको बताइन्छ।

जमातीहरुको संम्पर्कमा रहेकाहरुको संख्या बढी भएको र संक्रमितको पहिचान नहुँदा उनीहरुपनि समाजमा घुमफिर गरिरहेकाले संक्रमितको संख्या बढने आशंका गरिएको छ।



बीरगंज स्थित अस्पतालमा संचालित कोरोना परिक्षण गर्ने पिसिआर मेशीन।

## सर्लाहीमा पनि ट्रकबाट भारु बरामद

**टुडे समाचारदाता**

मलगंवा। भारतबाट आएको ट्रकबाट विराटनगरमा भारतीय रुपैयाँ बरामद भएको एक दिन नबित्दै प्रदेश २ को सर्लाहीमा पनि भारतीय ट्रकबाट भारतीय रुपैया बरामद भएको छ।

सशस्त्र प्रहरीको टोलीले सर्लाही सदरमुकाम मलंगवा नगरपालिका २ बाट १७ लाख ९० हजार नेपाली रुपैयाँ र ४ हजार भारतीय रुपैयाँ बरामद गरेको छ। उक्त रकमसहित ट्रकमा सवार दुई जनालाई पक्राउ गरिएकोछ।

भारतबाट नेपाल प्रवेश गरेको बीआर ३० बीए २४५८ नम्बरको ट्रकलाई भन्सार चेक पोष्टमा खटिएका सशस्त्र प्रहरीले चेकजाँच गर्ने क्रममा स्रोत खुल्न नसकेको उक्त रकम रकम बरामद गरेको छ। उक्त ट्रकमा धान लोड गरिएको थियो।

पक्राउ पर्नेमा सवारी चालक ४२ वर्षीय रामललित मण्डल र सह-चालक ३३ वर्षको निरजकुमार मण्डल रहेको सशस्त्र प्रहरीले जनाएको छ। यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले बताए।

यसअघि भारतबाट विराटनगर छिरेको ट्रकबाट १ करोड ९ लाख ६९ हजार भारतीय रुपैयाँ बरामद भएको थियो।

विराटनगरको एकीकृत भन्सार जाँच चौकीमा भारतबाट नेपाल प्रवेश गरेको भारतीय ट्रकमा सशस्त्र प्रहरीको सीमा सुरक्षा बलले उक्त रकम बरामद गरेको थियो।

# जेठ ५ गते सम्म लकडाउन
# १८ गते सम्म विमान सेवा बन्द

**टुडे समाचारदाता**

काठमाण्डु। कोरोना भाइरस संक्रमितहरुको संख्या बढने क्रमसँगै सरकारले जेठ ५ गतेसम्म लकडाउनलाई निरन्तरता दिने निर्णय गरेको छ। प्रधानमन्त्री निवास बालुवाटारमा बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले लकडाउनलाई जेठ ५ गते सम्म जारी राख्ने निर्णय गरेको हो।

सरकारले यो समेत लकडाउनलाई पाँचौ पटक बढाएकोछ। चैत ११ गतेदेखि सुरु भएको लकडाउनको समयावधी सरकारले थप्दै आएकोछ।

कोभिड-१९ रोकथाम तथा नियन्त्रणसम्बन्धी उच्चस्तरीय समन्वय समितिमा जोखिमका आधारमा ७७ जिल्लालाई रातो, पहँलो र हरियो क्षेत्रमा विभाजन गर्ने र त्यसअनुसार लकडाउन कडा वा खुकुलो बनाउने प्रस्ताव पेश गरेको थियो। समितिले पेश गरेको सो सुझावलाई प्रधानमन्त्री केपी शर्मा ओलीले अस्वीकारगर्दै भारतमा कोरोना भाइरसको संक्रमण बढिरहेकाले सिंगो मुलुक नै उच्च जोखिममा रहेको बताए।

'भारतमा संक्रमणको अवस्था जोखिमपूर्ण देखिएको छ' उनले भने, त्यसको असर नेपालमा पनि पर्ने र नेपालमा टेस्ट पनि कम भएको छ। प्रधानमन्त्रीओलीले अहिले नेपाल खतरामुक्त नभएको र जोखिमका आधारमा रातो, पहेलो र हरियो क्षेत्र छुट्याउने बेला आइनसकेको बताएको एकजना मन्त्रीले उनको भनाई उद्घृतगर्दै बताए।

सरकारले चैत ११ गतेदेखि लगाएको लकडाउन वैशाख २५ गते ४५ दिन पुग्देछ। समय सकिनु एक दिन अगावै सरकारले जेठ ५ गते सम्म जारी रहने निर्णय गरेकोछ। लकडाउनलाई निरन्तरता दिन स्वास्थ्य विज्ञहरुले सुझावदिदै आएका छन्। तर उद्योगी व्यवसायीहरुले लकडाउनलाई खुकुलो बनाउन सुझावदिदै आएका छन्।

पहिलोपटक चैत ११ देखि १८ गतेसम्म लकडाउन घोषणा गरिएको थियो। त्यसपछि दोस्रोपटक एक हप्ता थपेर २५ चैतसम्मका लागि निरन्तरता दिएको थियो। तेस्रो पटक वैशाख ३ गतेसम्म लकडाउन थपिएको थियो। १२ दिन लकडाउनको अवधि थपेर वैशाख १५ सम्म पुऱ्याएको थियो। पछिल्लो पटक १० दिन थप गर्दै बैशाख २५ गतेसम्म लकडाउन जारी राख्ने निर्णय गरिएको थियो।

सरकारले जेठ १८ गतेसम्म अन्तराष्ट्रिय उडान बन्द गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद् को बैठकले १८ गतेसम्म अन्तराष्ट्रिय उडान बन्द गर्ने निर्णय गरेको उनका अनुसार सीमा नाका पनि जेठ १८ गतेसम्म बन्द गर्ने निर्णय गरेको छ।

सरकारले यस अघि जेठ २ गतेसम्म बन्द गर्ने यस निर्णय गरेको थियो। लकडाउन अवधिमा अनुमतिप्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायत अत्यावश्यकबाहेक अन्य सेवा बन्द रहनेछन्। सरकारले घरबाहिर निस्किनेलाई थप कडाइ गरिने जनाएको छ।

पछिल्लो पटक पीसीआर टेस्ट बढाइएपछि संक्रमितहरुको संख्या बढन थालेकोछ। अहिले प्रदेश १, २ र ५ मा कोरोना संक्रमितको संख्या बढेकोछ। काठमाण्डुमा पनि उपचारपछि घर फर्किसकेकोमा पनि कोरोना भाइरसको संक्रमण दोहरिएकोछ।

लकडाउन प्रारम्भ भएको भन्दा लकडाउनलाई खुकुलो बनाउने आवाज उठन थालेको बेला संक्रमितहरुको संख्यामा अत्यधिक बृद्धि भएकोछ।

मन्त्रिपरिषद्को बैठकले सीमा नाकामा आवागमनमा लगाएको रोकलाई जेठ १८ गतेसम्म लम्ब्याउने निर्णय गरेको छ। सरकारले बुद्धजयन्तीको अवसरमा विहिवार साँझ ७ बजे दीप प्रज्वलन गर्ने निर्णय गरेकोछ।



## स्थायी कमिटी बैठक स्थगित

**टुडे समाचारदाता**

काठमाण्डु। सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को स्थायी कमिटीको विहिवार बस्ने बैठक बुधवार स्थगित गरिएको छ।

स्थायी कमिटी बैठकको तयारीका लागि बसेको सचिवालय बैठकमा नेताहरुबीच चर्काचर्की भएपछि प्रधानमन्त्री समेत रहेका अध्यक्ष केपी शर्मा ओलीले बीचबाटै आरामका लागि भन्दै हिडेका थिए।

शनिबार बसेको सचिवालय बैठकले २५ गते स्थायी कमिटीको बैठक बोलाइएको थियो। प्रधानमन्त्री ओलीले स्थायी कमिटी बैठक आफ्नो अनुकुल नहुने संकेत पाएपछि महासचिव विष्णु पौडेल मार्फत स्थगितको सुचना प्रवाह गरेको बताइएको छ।

सचिवालय बैठक बस्नु अघि पार्टी शीर्ष तहको ध्रुविकरण परिवर्तन भएपछि ओलीले बैठक सारेका हुन्। शनिवारको सचिवालय बैठकमा वामदेव गौतम ओली तर्फ लागेका थिए। तर उनी फेरी प्रचण्ड र माधव कुमार नेपाल समुहसित नजिकिएको कारण ओली समस्यामा परेका हुन्।

स्थायी कमिटीमा ओली अल्पमतमा छन्। उनले प्रचण्डबाट सहयोग नपाउने विश्वस्त भएपछि ओलीले सचिवालय बैठकबाट उठेर हिडेका थिए।

**परियोजना प्रस्तावको सूचना !**

नेपालमा उत्तम, समावेशी तथा अनुकूलित शिक्षाको लागि नागरिक समाजको संस्थाहरू (CSOs): परियोजना प्रस्ताव २०७७

प्रकाशन नम्बर : EuropeAid/168216/DD/ACT/NP

कोरोना भाइरसको विपत्तीको सन्दर्भमा शिक्षा क्षेत्रको पूर्नजीवनको लागि कर्णाली प्रदेश र प्रदेश नं.२ लाई लक्षित गरि नेपालका लागि युरोपेली संघ (ईयु) द्वारा यो प्रस्ताव आह्वान गरिएको छ। उक्त आशय पत्रको पूर्ण विवरण तथा आवेदन निम्न इन्टरनेटको लिंकबाट डाउनलोड गर्न सकिन्छ।

https://webgate.ec.europa.eu/europeaid/online-services/index.cfm?do=publi.welcome&nbPubliList=15&orderby=upd&orderbyad=Desc&searchtype=RS&apply=N&aofr=168216&userlanguage=en
www.eeas.europa.eu/delegations/nepal

कोरोना भाईरसको सक्रंमणबाट बच्न नेपाल सरकारद्धारा जारी गरिएको निर्देशनलाई ध्यानमा राखी यहाँहरुको लागि प्रत्यक्ष कुनै पनि सूचना सत्रको आयोजना नगरिने जानकारी गराउँदछौ।

यस आशय पत्र सँग सम्बन्धित कुनै जिज्ञासा वा प्रश्नहरु छन भने, कृपया हामीलाई तलको ईमेल मार्फत १५ जेष्ठ २०७७ (२८ मे २०२०) भित्र सम्पर्क गर्नुहोला।

ईमेल: DELEGATION-NEPAL-CSO@eeas.europa.eu

**प्रस्ताव पेश गर्ने अन्तिम मिति:**
**१८/०६/२०२०, १२:०० बजे (ब्रसेल्स समय), ०४/०३/२०७७, १५:४५ बजे (नेपाल समय)**

**कोरोना भाइरसका लक्षण**




**कोरोना भाइरसबाट बच्ने उपाय**

बेलाबेलामा साबुन-पानीले मिचिमिची हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने।




ज्वरो आएमा, खोकी लागेमा वा श्वास फेर्न गाह्रो भएमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने

**मिथिला नगरपालिका**
ढल्केबर, धनुषा, प्रदेश नं. २

# पोखरिया बजारलाई स्यानिटाइज गर्दै

**लालबाबु बानिया**



पोखरिया । पर्साको पोखरिया नगरपालिका वडा नम्बर-४ मा बुधबार पोखरिया युवा समाज र ईलाका प्रहरी कार्यालय पोखरियाको संयुक्त आयोजनामा स्यानेटाईजर छर्किएको छ । ताबो ईन्टरनेशनल बिरगंज र प्रदेश सभा सदस्य प्रहलाद गिरीको सहयोगमा पोखरिया नगरपालिका वडा नं ४ पोखरियाको बाटो र सार्बजनिक स्थलहरुमा स्यानिटाईजर छर्किएको हो ।

कोरोना बिरुद्धको लडाई अभियानमा नगरको हरेक वडाहरुमा बिश्वब्यापी रुपमा फैलिएको कोरोना भाईरसलाई नियन्त्रण गर्नका लागी निशुल्क स्यानिटाईजर छर्किने कार्य शुरु भएको अभियानमा खटिएका युवा नौसाद आलमले बताए ।

कोरोनाले कसलाई चिन्दैन, यसबाट बच्नका लागी हामीहरु सुरक्षा र सतकर्ता अपनाउन आवश्यक रहेको उनले बताए । कोरोना भाईरसबाट बचाउन सरकारले गरेको लकडाउनको पालना गरि घरमा बस्न आग्रह गर्दै

हात जहिले पनि साबुन पानीले धोऔं वा स्यानिटाईजर प्रयोग गरौ ,भिडभाड स्थानमा नजाऔं,मास्क लगाउनु, सुरक्षा सतकर्ता अपनाउं कोरोनाबाट आफुपनि बचौं र अरुलाईपनी बचाउँ उदेश्यकको साथ नगरमा सेनिटाईजर छर्किने कार्य सुरु भएको युवा आलमले बताए । साथै कोरोना भाईरस नियन्त्रण गर्नेका लागी नेपाल सरकारले लकडाउन गरेकाले सबैलाई पालना गर्ने नगरबासीसंग उनले आग्रह गरे । स्यानिटाईजर छर्किने कार्य ट्रेक्टरमा लोडगरी छर्किएको बताए । स्यानिटाईजर छर्किने कार्यमा ईलाका प्रहरी कार्यालय पोखरिया का प्रहरी निरिक्षक चन्द्र सिंह, जनता समाजबादी पार्टीका बिधार्थी नेता सुजित गिरी,राकेश महतो, प्रहरी र स्थानिय युवाहरुको सहभागिता रहेको थियो ।

# हेटौँडा अस्पतालमा 'सिस्टर रोबोट' बाट सेवा प्रदान गरिने

हेटौडा । हेटौँडा अस्पताल देशमा नै रोबोटमार्फत सेवा दिने पहिलो सरकारी अस्पतालका रुपमा नाम दर्ता गराउन लागेको छ ।

हेटौँडाको कर्रामा रहेको अस्पतालको आइसोलेसनवार्डमा 'सिस्टर रोबोट' राखिने भएको छ । इञ्जिनीयर एशोसिएशन वाग्मती प्रदेश समितिमार्फत हेटौँडा अस्पताललाई प्राप्त 'सिस्टर रोबोट' हस्तान्तरण गरिएको छ

सो रोबोट कोरोना भाइरसको जोखिम कम गर्न उपयोगी हुने जनाइएको छ ।

स्वास्थ्यकर्मीले बिरामीसम्म प्रत्यक्ष पुगेर जाँच गर्ने, औषधिलगायतका काम गर्नुभन्दा 'सिस्टर रोबोट'को माध्यमबाट काम गर्दा जोखिम कम हुने भएकाले हस्तान्तरण गरिएको एशोसिएशनले जनाएको छ ।

'सिस्टर रोबोट' हस्तान्तरण कार्यक्रममा वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले कोरोना भाइरस तथा अन्य सङ्क्रमण हुने प्रकृतिका रोगको उपचारमा प्रविधिको उच्चतम प्रयोग गरेर जोखिम कम गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो । मुख्यमन्त्री पौडेलले अहिलेको युग भनेको प्रविधिको युग भएकाले यसैअनुसार काम गर्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले आफू पनि बाँच्दै अरुलाई बचाउने विधि अपनाउनु पर्ने बताउनुभयो । उहाँले प्रदेश सरकारले हेटौँडा अस्पतालसहित प्रदेश सरकार मातहतका अन्य अस्पताललाई पनि स्तरीय बनाइने बताउनुभयो ।

इञ्जिनीयरका अनुसार रोबोटले बिरामीलाई, औषधि दिने, जाँच गर्ने तथा खाना पानीसमेत दिन सक्छ । जोखिमपूर्ण रोगका लागि 'सिस्टर रोबोट' उपयोगी हुने देखिएको अस्पतालका प्रमुख डा प्रवीण श्रेष्ठ बताउनुहुन्छ । रासस

# पोखरिया नपामा आगलागी हुँदा १० लाखको क्षति

**टुडे समाचारदाता**



पोखरिया । पर्साको पोखरिया नगरपालिकाको कार्यालयमा बुधबार दिउँसो आगलागी हुँदा लाखौको क्षति भएको छ । पोखरिया नगरपालिकाको ईन्भटरको तार सर्ट भएर आगलागी भएको थियो । नगरपालिका कार्यालयको पहिलो तल्लामा रहेको सभा हलमा राखिएको ईन्भर्टर र बिधुत तार सर्ट भई आगलागी भएको प्रहरीले जनाएको छ ।

आगलागीले सभाहलको एसी एकथान, ईन्भटर, एक थान, बैट्री ९ थान, तल ओछाएका कार्पेट र ढोका, झ्याल जलेको इलका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरिक्षक चन्द्र कुमार सिंहले बताए ।

दिउँसो १२ बजे बैट्री पड्केर अचानक भएको आगलागी करिब एक घण्टा पछि पोखरिया नगरपालिकाको दमकल, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा नियन्त्रणमा आएको पोखरिया नगरपालिका का मेयर दिपनारायण रौनियारले जनाए । आगलागी बाट करिब १० लाख बराबरको क्षति भएको प्रहरी निरिक्षक सिंहले बताए ।

# आठ हजार ५०० क्विन्टल चामल मौज्दात

वीरगञ्ज । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय वीरगञ्जमा हाल आठ हजार ५०० क्विन्टल सोना मन्सुली चामल मौज्दात अवस्थामा रहेको छ ।

कम्पनीसँग ९० हजार ८० केजी सोना मन्सुली चामल तथा ११ हजार ३७१ क्विन्टल ८० केजी जापानी चामल रहेकामा सो बिक्री भई हाल कम्पनीसँग सोना मन्सुली चामल आठ हजार ५०० क्विन्टल मौज्दात अवस्थामा रहेको शाखा प्रमुख नरनाथ अधिकारीले बताउनुभयो ।

सङ्घीय सरकारले जारी गरेको लकडाउनमा कम्पनीले सर्वसाधारणका लागि पनि खुद्रामा चामल बिक्री शुरु गरेपछि सोना मन्सुली चामल आठ हजार ५०० क्विन्टल तथा जापानी चामल १५ हजार ५०० क्विन्टल बिक्री भइसकेको सो कार्यालयका सूचना अधिकारी मुनिलाल कुशवाहाले जानकारी दिनुभयो ।

कम्पनीले माग भएअनुसार काठमाण्डु, विराटनगर, लहान, पोखरा, सुर्खेतलगायतका ठाउँमा चामल पठाउनाका साथै विभिन्न कारागारमा समेत चामल पठाएको बताइएको छ ।

लकडाउनमा खाद्यानको समस्या हुन नदिन विभागको निर्देशनानुसार कम्पनीले सर्वसाधारणलाई सोना मन्सुली प्रतिकेजी रु ४६ तथा जापानी चामल प्रतिकेजी रु ४७ को दरले बिक्री मूल्य कायम गरेपछि सर्वसाधारणलाई चामलको अभाव नभएको सो कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०७६/०७७ मा जापान सरकारले नेपाल सरकारलाई दिएको ५० हजार क्विन्टल सहयोगमध्ये १५ हजार क्विन्टल जापानी चामल वीरगञ्ज आएको थियो । कम्पनीले आव २०७६/०७७ मा सोना मन्सुली धान २० हजार क्विन्टल र जिरामसिनो धान ३२ क्विन्टल २५ केजी खरिद गरेको थियो ।

हाल कम्पनीसँग रहेको जापानी चामल सकिएको छ भने आठ हजार ५०० क्विन्टल सोना मन्सुली चामल मौज्दात अवस्थामा रहेको सो कार्यालयले जनाएको छ । संस्थानले जस्तोसुकै आपत्‌विपत्‌को अवस्थामा चामल उपलब्ध गराउन सकिने देखिएको छ ।

**सुख्खा बन्दरगाहमा कन्टेनर अड्किए**

तेस्रो मुलुकबाट नेपालका लागि मालसामान बोकेर आएका १२ हजार कन्टेनर नेपाल र भारतको बन्दरगाहमा रोकिएको छ । भारतीय रेलमार्गसँग जोडिएको वीरगन्ज सिर्सियास्थित सुख्खा बन्दरगाहमा तीन हजार ५०० कन्टेनर अड्किएका छन् ।

भारतको कलकत्ता तथा विशाखापटनक बन्दरगाहबाट हुने कन्टेनर ढुवानी लकडाउनका कारण प्रभावित भएको छ ।

ती बन्दरगाहबाट वीरगन्जका लागि हिँडेको १९ वटा रेल लकडाउनका कारण बाटोमै अड्किएको र वीरगञ्जमा क्षमताभन्दा बढी कन्टेनर थुप्रिएकाले अब अनुरोध गर्न नसकिने र राख्ने ठाउँ पनि नभएको बन्दरगाह सञ्चालक हिमालय टर्मिनल प्रालिले जनाएको छ ।रासस

# सर्पले टोक्दा बालिकाको मृत्यु

**टुडे समाचारदाता**

जीतपुर । बाराको जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.१६माबिषालुसर्पकोटोकाईबाट बुधबार एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही वडाको डकाहा निवासी १२ बर्षिय बालिका रंजिता रानामगर रहेका छन् ।

स्थानिय विद्यालयको कक्षा ४ मा पढ्दे गरेकी बालिका लकडाउनका कारण विद्यालय बन्द भएको मौका छोपी साथीहरुसँग बारीमा मकै सिला खोज्न गएकी थिइन् । सोही क्रममा सर्पले बालिकाको दाहिने खुट्टाको कान्छी औंलामा टोकेको स्थानीयले बताएका छन् ।

सिला खोजेको मकैसहित घर आएकी बालिकालाई अकास्मात बेहोस भएपछी सर्पले टोकेको आशंकामा स्थानियले अस्पताल लगेका थिए । नारायणी उपक्षेत्रीय अस्पताल विरगजंले बालिकालाई विषालु सर्पले टोकेको भनी मृत घोषण गरेको वडाध्यक्ष केदार बजगाँईले जानकारी दिए ।

# नारायणी अस्पतालमा रियल टाइम मेशिनबाट स्वाबको परीक्षण

जनकपुरधाम । प्रदेश नं २ को वीरगञ्जस्थित नारायणी अस्पतालमा जडान गरिएका 'रियल टाइम मेशिन'बाट स्वाबको नमूनाको परीक्षण मङ्गलबारबाट शुरु भएको छ । यस मेशिनबाट तत्काल प्रतिदिन दुई चरणमा ७२ वटा स्वाबको नमूना परीक्षण गरिने छ ।

प्राविधिक जनशक्ति व्यवस्थापन सहज भएपछि प्रतिदिन तीन चरणमा स्वाबको परीक्षण गर्न सकिने छ । मेशिनबाट एक चरणमा ३६ वटा स्वाबको नमूना परीक्षण गर्ने क्षमता रहेको सामाजिक विकास मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेले बुधबार पत्रकार सम्मेलनमार्फत जानकारी गराउनुभएको छ ।

नेपाल सरकारले कोरोना भाइरस रोकथाम र उपचारका लागि प्रदेश नं २ को सरकारलाई मङ्गलबार विभिन्न प्रकारका स्वास्थ्य सामग्री उपलब्ध गराएको छ । स्वाब सङ्कलनमा प्रयोग गरिने भाइरल ट्रान्सपोट मिडियम (भिटिएम) एक हजार थान, पिसिआर कुलसेट १०० थान, आरडिटी कीट १०० थान, शरीरको तापक्रम नाप्ने थर्मल मेशिन १०० थान र स्वास्थ्य सचेतनामूलक सामग्री सात हजार थान उपलब्ध भएको सचिव डा घिमिरेले जानकारी दिनुभयो । ती सचेतनामूलक सामग्री स्वास्थ्य संस्था र समुदायमा वितरण भइरहेको छ ।

नेपाल सरकारले यस प्रदेशलाई कोरोनाको 'उच्च जोखिम' क्षेत्र घोषणा गरेको छ । सो कारणले हतोत्साहित र त्रसित हुने आवश्यकता नरहेको तर थप सतर्कता र सावधानी अपनाउनुपर्ने जरुरी रहेको छ । यस प्रदेशको सिमाना भारतसँग जोडिएको छ ।

खुला सिमानाका कारण लुकीछिपी भारतबाट आवतजावत हुने सम्भावनालाई नकार्न नसकिने अवस्था रहेकोतर्फ उहाँले सचेत गराउनुभयो ।रासस

# सिर्जनाका 'भर्चुअल साउण्ड'

काठमाण्डु । कला र सिर्जना मुलुकका अमूल्य सम्पत्ति हो । सम्बन्धित मुलुकको पहिचान त्यहीँको कलाकारिताले जसरी पस्कन, देखाउन र बुझाउन सक्छ ।

अन्य कुनै चिजवस्तुले सजिले अर्थ्याउन सक्दैन । मुलुकको सांस्कृतिक सम्पदा र ऐतिहासिक चिज वस्तु कला सिर्जनाले जीवन्त बनाएर राख्छ । एक दशकअघिका सम्पदा र दृश्यले काँचुली फेरिसक्दा त्यो जीवन्त इतिहास सिर्जनामा दुरुस्त हुन्छ । त्यसैले विश्वमै आफ्नो मौलिक पहिचान दिलाउने सशक्त माध्याम कला हो ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ ले समग्र विश्वलाई प्रभावित बनाएको वर्तमान अवस्थामा त्यस्ता सिर्जना यतिबेला फुल्न पाएको छैन । घरभित्रै फुलेका सिर्जना पनि राम्ररी फक्रन पाएन र फक्रिएका सिर्जनाले बासना छर्न पाएन ।

त्यस्ता सिर्जनामा बासना भरेर अरुलाई सुगन्ध दिने नौलो प्रयोगमा केही नेपाली कलाकार लागेका छन् । अन्तर्राष्ट्रिय जलरङ समाज नेपालका अध्यक्ष एनबी गुरुङ भित्रभित्रै बसेर क्यान्भासमा सजाइएका तर फैलन नपाएका सिर्जनालाई विश्वभर पुऱ्याउने प्रयासमा हुनुहुन्छ । त्यो पनि ' भर्चुअल साउण्ड'को माध्यामबाट ।

"लकडाउनमा थलिएको नेपाली ललितकलालाई अलिकति भए पनि माथि उठाउने प्रयास 'भर्चुअल साउण्ड' हो, हामी सिर्जनालाई अनलाइन प्रदर्शनी गरेर विश्वमाझ पुऱ्याउने जमर्कोमा छौँ", अध्यक्ष तथा कलाकार गुरुङ अगाडि थप्नुहुन्छ, "वर्तमान विषय परिस्थितिबाट गुजिएका ललितकलामा यसले अलिकति भए पनि मल्हम लगाउने विश्वास छ ।" उहाँले पहिलो प्रयासलाई सबैबाट हौसला प्राप्त भएको भन्दै खुशी व्यक्त गर्नुभएको छ ।

> *लकडाउनको समय थप भइसकेको अवस्थामा एकान्तवास कटाउन मानिसलाई हम्मेहम्मे छ । कुची र रङमा रमाउने कलाकारलाई भने लकडाउन समस्याका बीचको वरदान सावित त भयो तर बनाएका सिर्जनाले उचित मूल्य पाउन सकिरहेको छैन । लकडाउनमा कलाकारले रङ्ग्याएको क्यानभासलाई एकीकृत गरेर समसामयिक विषयवस्तुका सिर्जना भर्चुअल साउण्डमा अटाउने छ । विगतका प्रयासले पनि उचित स्थान पाउने छ । समावेश हुने कलाकारका चित्रमा उनीहरूको कल्पना मात्र हुने छैन, अहिलेको वास्तविकता पनि झल्कने गुरुङ बताउनुहुन्छ ।*

कोरोना भाइरसको सम्भावित जोखिम हुन नदिन मुलुकलाई लकडाउन गरिएको आज डेढ महिना भइसकेको छ । लकडाउनको समय थप भइसकेको अवस्थामा एकान्तवास कटाउन मानिसलाई हम्मेहम्मे छ ।

कुची र रङमा रमाउने कलाकारलाई भने लकडाउन समस्याका बीचको वरदान सावित त भयो तर बनाएका सिर्जनाले उचित मूल्य पाउन सकिरहेको छैन । लकडाउनमा कलाकारले रङ्ग्याएको क्यानभासलाई एकीकृत गरेर समसामयिक विषयवस्तुका सिर्जना भर्चुअल साउण्डमा अटाउने छ ।

विगतका प्रयासले पनि उचित स्थान पाउने छ । समावेश हुने कलाकारका चित्रमा उनीहरूको कल्पना मात्र हुने छैन, अहिलेको वास्तविकता पनि झल्कने गुरुङ बताउनुहुन्छ ।

हुन त अहिले विश्वभरि नै अनलाइन कक्षा, छलफल र अन्तर्क्रिया जारी छ । विभिन्न अन्तर ाष्ट्रिय भर्चुअल सेमिनार भइरहेके छ । चित्रकारितामा भने यो प्रयोग नयाँ हो किनकि चित्र भनेको प्रत्यक्ष अवलोकन गरेर बुझ्ने र मनपरेमा खरिद बिक्री पनि हुन्छ । त्यो सम्भव नभए पनि यसलाई भर्चुअल प्रदर्शनी गरेर सिर्जनाको महत्व झल्काउँदै नेपाली सिर्जनालाई विश्वव्यापी बनाउने प्रयास गरिएको हो ।

लकडाउनका बेला कलाकारले क्यानभासमा कोरोना भाइरसको जोखिम र रोकथामका सन्देश चित्रकारिताबाटै समुदायलाई दिइरहेका छन् । कतिपय कलाकार रङको नौलो प्रस्तुति दिन अभ्यासरत छन् ।

फरक-फरक शैलीमा रङ खेलाउँदै अनौठा आकार दिइरहेका छन् । स्वदेश विदेशका दृश्यलाई समेटेर क्यानभास रङ्ग्याइरहेका चित्रकारले पुराना थाँती रहेका काम छोट्याउँदै छन् ।

# लुकीछिपी उपत्यकामा भित्रिन नदिन कडाइ

काठमाण्डु । काठमाण्डु उपत्यका भित्रिने सवारीसाधन र मानिसको आवागमन रोक्न स्थानीय प्रशासन र प्रहरीले थप कडाइ गरेको छ ।

लुकीछिपी मानिस भित्रिने गरेको भन्ने सूचना आएपछि काठमाण्डुका प्रमुख जिल्ला अधिकारी जनकराज दाहाल, महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकाल, नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीको टोलीले उपत्यका भित्रिने विभिन्न नाकाको स्थलगत अनुगमन गरेको छ ।

काठमाण्डु बाहिरबाट उपत्यकाभित्र धमाधम मानिस लुकेर आउन थालेको खबर आएपछि वास्तविकता बुझ्न स्थलगत अनुगमन गरिएको ट्राफिक प्रहरी महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक भीम ढकालले बताउनुभयो । उहाँले त्यसरी लुकेर भने मानिस नआएको पाइएको बताउनुभयो ।

ट्राफिक महाशाखाका प्रमुख ढकालले नाकामा खटिएका सुरक्षाकर्मीलाई नाकामा थप कडाइ गर्न निर्देशनसमेत दिनुभयो । महामारी नियन्त्रण गर्न जो जहाँ छ, त्यहीँ बसेर सरकारको प्रयासमा साथ दिनसमेत उहाँले सर्वसाधारणाई आग्रह गर्नुभएको छ । रासस

# बालक मृत फेला

मलगंवा । सर्लाहीको चक्रघटा गाउँपालिका-६ गोइयाहीमा सोमबारदेखि हराएका बालक मङ्गलबार मृत फेला परेका छन् ।

स्थानीयवासी रामेश्वर साहको १२ वर्षीय छोरा सुरज साह मृत फेला परेका हुन् । सोमबार दिउँसो भैँसी चराउन गएका बालकको शव मङ्गलबार गाउँ नजिकै रहेको ईँटाभट्ठाको खाल्डोमा फेला परेको सर्लाहीका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मदन कुँवरले जानकारी दिनुभयो ।रासस

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : अवसर प्राप्त । |
| मिथुन | : भ्रमण अवसर हुने । |
| कर्कट | : धन बृद्धि सञ्चय । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कर्मचारीहरुलाई फुलमालाका साथ स्वागत

सिकेन्द्र पासवान

कलैया । बाराको सिम्रौनगढ नगरपालिकाको वडा नम्बर १० टोल देवापुर टेटा स्वास्थ्य चौकीका कर्मचारीहरुलाई बुधबार स्वागत गरिएको छ ।




स्वास्थ्य चौकीका इन्चार्ज रामचन्द्र यादव, रत्न कुमार झा, पुष्पा कर्ण, संगिता साह, मुक्ति प्रसाद यादव, पपु कुमार, सुरेन्द्र साह र रंजली देवी पासवानलाई गाबिस पुर्ब अध्यक्ष महाबीर साह कानु र वडासदस्य रफिक हवारि लगायतले उनीहरुलाई फुलमाला लगाएर स्वागत गरेका थिए ।

बिश्वभरि महामारीको रूपमा फैलिएको कोरोना भाइरसलाई रोकथाम तथा नियन्त्रण गर्न सरकारले गरेको लकडाउनको कारणले गर्दा गाउँका सबै ब्याक्ति आ आफ्नो घरमा बसेको अवस्थामा स्वास्थ्यकर्मीहरुले घर घरमा गएर थर्मल गनको सहायताले चेकजाँच तथा औषधि बितरण कार्य देखि लिएर रात्रि कालिन अवस्थामा क्वारेन्टाइनमा सेवा दिएका छन् ।

गाबिस पुर्वअध्यक्ष तथा जनप्रतिनिधिले फुलमाला लगाएर प्रोत्साहित गरेका थिए । आफ्नो घरको सदस्य सरह घरमै गएर स्वास्थ्य स्थिती अनुगमन कार्य प्रति गाउँका भद्रभलादमी तथा बुद्धिजीवी बृजकिशोर साह र लखिन्द्र पासवान, नवल पडितले स्वास्थ्य चौकीको कर्मचारी प्रति धन्यवाद व्यक्त गरेका थिए ।

## उखु किसानको रकम तत्काल भुक्तानीको व्यवस्था गर्न निर्देशन

काठमाण्डु । प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले उखु किसानको बाँकी रहेको भुक्तानी तत्काल उपलब्ध गराउने व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको बुधबारको बैठकले उपभोक्तालाई सुलभ र सुपथ मूल्यमा चिनी उपलब्ध गराउन र चिनी उद्योगका समस्यालाई पनि छलफलका आधारमा समाधानका लागि पहल गर्न सरकारलाई सुझाव दिएको छ ।

बैठकले कर्कटपातामा मुलुक आत्मनिर्भर भइसकेको हुँदा स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्न कर्कटपाता आयातलाई रोक लगाउन सुझाव दिएको सभापति विमाल श्रीवास्तवले जानकारी दिनुभयो ।

गोर्खाको बारपाक केन्द्रबिन्दु भएको भूकम्पबाट धेरै घर क्षति भएपछि सरकारले तत्कालको माग धान्न बाहिरबाट जस्तापाता आयात गर्ने र त्यसमा भन्सार छुट दिने नीति बनाएको थियो ।

भूकम्पछिको पुनःनिर्माण अन्तिम चरणमा पुगेको र मुलुकको माग धान्न सक्ने जस्तापाता स्वदेशमै उत्पादन हुने ठहर गर्दै समितिले सरकारलाई उक्त निर्देशन दिएको हो ।

यसअघि समितिले स्वदेशी उद्योगीसँग छलफल गरी राय सुझाव लिएको थियो ।

बैठकले स्वदेशमै उत्पादन हुने टेलिभिजनका पार्टपुर्जामा लिँदै आएको दोहोरो कर हटाउन सरोकारवालासँग छलफल गरी निर्णयमा पुन अर्थमन्त्रालयलाई निर्देशन दिएको छ ।

विविध कारणले बन्द रहेको टेलिभिजन उत्पादनसम्बन्धी उद्योग सञ्चालनमा ल्याउन सरकारलाई तत्काल पहल गर्न समितिले निर्देशन दिएको छ ।

त्यस्ता उद्योग बन्द हुँदा हजारौँको संख्यामा श्रमिक रोजगारी गुमेर अलपत्र परेका सभापति श्रीवास्तवले जानकारी दिनुभयो ।रासस

# विभिन्न जिल्लाबाट आउने सवारीलाई भक्तपुर नाकाबाट प्रवेश निषेध

भक्तपुर । विभिन्न जिल्लाबाट काभ्रे हुँदै उपत्यका भित्रिने सवारी साधनलाई भक्तपुर नाकाबाट प्रवेश निषेध गरिएको छ । कोभिड-१९ महामारीको त्रासले उपत्यका छाडेर विभिन्न जिल्लास्थित आफ्ना घरघरमा गएका फेरि काठमाण्डु उपत्यका फर्कन थालेपछि भक्तपुर नाकामा अत्यावश्यकबाहेकका सवारी साधन प्रवेशमा निषेध गरिएको हो ।



पूर्वी र तराईका जिल्लामा कोरोना सङ्क्रमितको संख्या बढेपछि अरनिको राजमार्ग, बिपी राजमार्ग, सिन्धुली बर्दिबास भएर काठमाण्डु फर्कनेको संख्या ह्वात्तै बढ्दा उपत्यकामा कोरोना सङ्क्रमणको जोखिम बढ्ने भएपछि भक्तपुरको विभिन्न नाका भएर प्रवेश गर्ने सवारीसाधनमा रोक लगाइएको हो ।

पूर्वबाट आउने सवारी पास भएका साधनलाई समेत जगाती नाका र ताथली नाकाबाट फर्काउने गरेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सविन प्रधानले जानकारी दिनुभयो । अस्पतालका गाडी, कर्मचारी, तरकारी, दूध, खाद्यान्न, सरकारले तोकेका सरकारी कर्मचारीबाहेकका सबैको सवारीसाधनमा रोक लगाएको हो ।

निजी तथा साना गाडीमा यात्रु बोकेर आउने, बिरामी भनेर छदेखि १० जनासम्म आउने गरेपछि मङ्गलबारदेखि त्यस्ता गाडीलाई भक्तपुर र काभ्रेको नाका साँगाबाटै फर्काउने गरेको र त्यहाँबाट आए पनि जगाती चेक पोष्टबाट फर्काउने गरेको उहाँको भनाइ छ । कतिपय सवारीसाधन काभ्रेको बनेपाबाट नाला हुँदै ताथली च्यामासिंह भएर उपत्यका भित्रिने भएकाले त्यस्ता सवारीसाधनलाई ताथलीबाट आउने नाकाको चेक पोष्टबाट फर्काउने गरिएको उहाँको भनाइ छ ।

यो नाका भएर यसअघि दैनिक १०० देखि २०० वटासम्म गाडीमा उपत्यका छाडेर जाने भित्रिएपछि यो नाकामा कडाइ गरेको प्रहरीको भनाइ छ । महानगरीय प्रहरी वृत्त जगातीका प्रहरी नायब उपरीक्षक चक्रराज जोशीले खाद्यान्न, पानी र एम्बुलेन्सजस्ता अत्यावश्यक सवारीसाधनबाहेक अरु साधनलाई नाकाबाट फर्काउने गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, विभिन्न जिल्लाबाट ई-पास बनाएर उपत्यकामा यात्रु बोकेर आउने सवारीसाधनको सङ्ख्या बढ्यो, विभिन्न बाहना बनाउँदै त्यस्ता सवारीसाधन आउन थालेपछि त्यसलाई रोकेर नाकाबाटै फर्काउन थालेका छौँ, पास भएकालाई पनि प्रवेश दिँदैनौँ ।

अब कुनै पनि निजी तथा सार्वजनिक यातायातका साधनलाई भक्तपुर नाका भएर उपत्यका प्रवेश गर्न नदिने भएकाले यो नाका भएर नआउन प्रहरीले सार्वजनिकरुपमा नै अपिल गरेको छ । ठूला विकास निर्माण आयोजनाको काम अगाडि बढाउने भएकाले त्यस्ता आयोजनाका लागि निर्माण सामग्री बोकेका पास भएका ढुवानीका साधनलाई भने रात्रीको समयमा प्रवेश दिईने भएको छ । जगाती नाका भएर उपत्यका पस्नेको जगाती नाकामा तापक्रम (ज्वरो) मापन र व्यक्तिगत विवरण संकलन कार्य पनि एकसाता अघिदेखि जारी छ ।

काभ्रेको नाका हुँदै ग्रामीण क्षेत्रका कच्ची बाटो हुँदै लुकेर उपत्यका छिर्नेलाई समेत विभिन्न प्रहरी पोष्टबाट रोक्न प्रहरी परिचालन गरिने भएको छ । दैनिक उपभोग्य सामग्री र स्वास्थ्य उपचारसम्बन्धी जोडिएका सवारीबाहेक अरु सवारीसाधनलाई जुनसुकै नाकाबाट प्रवेश गरे पनि रोक्न सबै नगरपालिकामा रहेका प्रहरी प्रभागलाई समेत सर्कुलेशसन जारी गरिएको प्रहरीको भनाइ छ ।

अनावश्यक रुपमा पास लिएर एक जिल्लाबाट अर्का जिल्ला र एक प्रदेशबाट अर्को प्रदेशमा आवतजावत बढ्न थालेसँगै काठमाण्डु उपत्यकामा यात्रु बोकेर बाहिरी जिल्लाबाट गाडीको चाप बढ्न थालेको छ । जिल्ला जिल्लामा पास बढी बाँड्दा पनि समस्या देखिएको छ । त्यसैले उपत्यकामा प्रवेश गर्ने गाडी रोक्न प्रहरी सक्रिय भएको हो ।रासस

# विद्यार्थी भर्ना, परीक्षा र पठनपाठन नगराउन निर्देशन

काठमाण्डु । प्रतिनिधि सभाको शिक्षा तथा स्वास्थ्य समितिले कोरोना भाइरसको सङ्क्रमण फैलिएको वर्तमान अवस्थामा तत्काल विद्यार्थी भर्ना नगर्न, शुल्क नलिन, औपचारिक पठनपाठन र परीक्षा सञ्चालन नगर्न/नगराउन निर्देशन दिएको छ ।



समितिको बुधबार बसेको बैठकले मुलुकभर कोरोना सङ्क्रमणको आँकलन नगरी सामान्य अवस्था नभएसम्म विद्यार्थी भर्ना नगर्न, औपचारिक पठनपाठन सञ्चालन नगर्न र परीक्षा सञ्चालन नगर्न/नगराउने व्यवस्था गर्नका लागि शिक्षा मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको हो ।

बैठकमा सांसदले केही निजी विद्यालयले विद्यार्थी भर्ना लिन शुरु गरेको, अनलाइन कक्षा शुरु गरेको, शुल्क लिन थालेको भन्ने गुनासो सुनिएकाले यसलाई तत्काल रोक्नुपर्ने बताउनुभएको थियो । साथै उहाँहरुले मुलुकका सबै क्षेत्रमा सूचना प्रविधिको पँहुच नपुगेको र सबै विद्यार्थीको आर्थिक हैसियत पनि नपुने भन्दै अनलाइन कक्षामार्फत पठनपाठन शुरु गरे विद्यार्थीमाथि पक्षपात व्यवहार हुने विचार व्यक्त गर्नुभएको थियो ।

यद्यपि उहाँहरुले अनलाइनमार्फत शिक्षक र विद्यार्थीबीच अन्तर्क्रिया गरी सिर्जनशील बनाउन सिकाउने, बालबालिकालाई व्यस्त बनाउन सकिने धारणा व्यक्त गर्नुभएको थियो । बैठकले कोरोना सङ्क्रमणका कारण एसइई, कक्षा ११ र कक्षा १२ का परीक्षा सञ्चालन हुने अवस्था नदेखिएको निष्कर्ष निकाल्दै तत्काल परीक्षा सञ्चालन नगराउनसमेत निर्देशन दिएको छ ।

बैठकले सम्बन्धित विज्ञसँग आवश्यक परामर्श र छलफल गरी विद्यार्थीको भर्ना, पठनपाठन र परीक्षा सञ्चालन गर्नेबारेमा विस्तृत खाका बनाउनसमेत मन्त्रालयलाई निर्देशन दिएको छ । समिति सभापति जयपुरी घर्तीको अध्यक्षतामा भएको बैठकमा सांसद खगराज अधिकारी, चित्रलेखा यादव, जीवनराम श्रेष्ठ, गगनकुमार थापा, नवीना लामा, भैरवबहादुर सिंह, सुरेशकुमार राई, अन्जना विशंखे, नमिता चौधरीलगालयतले आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।रासस

## अध्यक्षद्वयको सल्लाहमा स्थायी कमिटी बैठकको टुङ्गो

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकले पार्टीको स्थायी कमिटी बैठक र त्यसको कार्यसूची तय गर्ने जिम्मा अध्यक्षद्वयलाई दिएको छ । स्थायी कमिटीका २० सदस्यले बैठक बोलाउन माग गरेपछि यसअघि बसेको सचिवालय बैठकले बिहीबारका लागि स्थायी कमिटी बैठक बोलाएको थियो । उक्त बैठकको कार्यसूचीलगायत आवश्यक तयारीका लागि आज सचिवालय बैठक बसेको थियो । आवश्यक तयारी नपुगेपछि बैठक भोलि नै बस्ने या अर्को दिनलाई सार्ने भन्ने कुरा निश्चित हुन सकेन ।

सचिवालयको वैशाख २० गतेको निष्कर्षको मर्मअनुरुप उक्त बैठकको कार्यसूची र प्रस्ताव तयार पार्ने प्रक्रियाका सम्बन्धमा दुई अध्यक्षद्वयले अझै गृहकार्य गर्न बाँकी रहेको बैठकलाई जानकारी गराउनुभएको नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिनुभयो ।

प्रवक्ता श्रेष्ठले बैठकपछि पत्रकारसँग भन्नुभयो, अहिले पनि अध्यक्षद्वय छलफलमै हुनुहुन्छ, दुई जनाले सल्लाह गरेर स्थायी कमिटी बैठक र त्यसको कार्यसूचीका बारेमा निर्णय गर्नुहुने भएको छ । पत्रकारले सोधेको अर्को जिज्ञासामा उहाँले प्रधानमन्त्री तथा नेकपाका अध्यक्ष केपी शर्मा ओली आफ्नो व्यस्तता र शारीरिक कारणले बैठकमा पूरा समय दिन नसक्ने जानकारी गराएर बैठकबाट निस्कनुभएको तर अन्यथा केही नभएको प्रष्ट्याउनुभयो । रासस

# रक्सीले अभिभावकको मृत्यु भएपछि लालाबालाको बिचल्ली

जलेश्वर । एसइई (माध्यमिक शिक्षा परीक्षा) पास गरेपछि विज्ञान विषय पढ्न बर्दिवास जाने महोत्तरीको भङ्गाहा नगरपालिका-७ मेघरोल-मझौलियाकी सपना सिंहको रहर आफ्नै नाउँजस्तै बन्यो । आफ्नो शिक्षादीक्षा र परिवारकोभरणपोषणको मुख्य आधार पिता लालबाबु सिंहको अल्पायुमै भएको निधनले सपनाको रहर आफ्नै सपनाजस्तै बनेको हो । "बाबाआमा, दाजुभाउजू र बिहे भएर घर गएकी दिदीलाई पनि सपना राम्रो पढ्छे, यसलाई नर्स बनाउनुपर्छ भन्नुहुन्थ्यो", पुगेका सञ्चारकर्मीसँग १५ वर्षीया सपनाले भन्नुभयो, "बाबाको अकाल मृत्युसँगै सबै रहर अब सपनाजस्तै बने ।" बाबाको रक्सी खाने नराम्रो अम्मल रहेको बताउने सपनाले अब त्यो अम्मलले पूरै आफ्नो परिवारको गुजारा सङ्कटमा परेको सपनाको बिलौना छ । सपना आफ्नै बस्तीको श्री शङ्कर माध्यमिक विद्यालयबाट यसपालि ९ कक्षा पास गरेर १० पढ्ने तयारीमा रहेकै बेला पिता लालबाबुको मृत्यु भयो ।

रक्सी खाने नराम्रो बानी छाड्न आफूहरूले भन्दै आए पनि त्यो बानीमा सुधार नआएको लालबाबुकी ५० वर्षीया पत्नी रासवती थारुले रुँदै बताउनुभयो । "जमिनजेथा केही नभएका हाम्रो परिवारलाई गुजारामा उहाँकै मेहनतको आस थियो" रासवतीले मनको बह पोख्दै भन्नुभयो, "अब केले गुजारा गर्ने होला ?" आफ्नै घर नजिकै सानो पसल सञ्चालन गर्दै र मौकाअनुसार ज्यालामजदुरी गर्ने लालबाबुको यही वैशाख-१७ गते बुधबार अत्यधिक रक्सी सेवनकै कारण मृत्यु भएको हो । लालबाबुका घरमा अब पत्नी रासवती, छोरा जितेन्द्र र छोरी सपना छन् । जेठी छोरी कविताको भने विवाह भइसकेको छ ।

भङ्गाहा-७ मेघरोलकै शङ्कर माविमै कक्षा-२ भर्खरै पास गरेका १० वर्षीय गौरवकुमार सिंहका आँसु पनि रोकिएका छैनन् । बाबु सिकेन्द्र सिंहको गत बिहीबार (वैशाख-१८) मृत्यु भएयता गौरवका आँसु नथामिएका हुन् । सानो झुप्रो घर भत्काएर अली ठूलो घर बनाउन थालेका सिकेन्द्रको पनि अत्यधिक मदिरा सेवनकै कारण मृत्यु भएको चिकित्सक टोलीले जनाइसकेको छ । घरमा रङ पोत्ने सीपका सिकेन्द्र पनि रक्सीका अम्मली रहेका भाउजू सञ्जिता धामीले बताउनुभयो । "छोराछोरीलाई त निकै माया गर्थे सिकेन्द्र, नानीहरूलाई पढाएर ठूलो मान्छे बनाउँछु भन्थे" सञ्जिताले भन्नुभयो, "तर, रक्सी नखान हामी परिवारजनले गर्ने न्यहोरा (अनुरोध) भने कहिल्यै सुनेनन् ।"

> ***रक्सी खाने नराम्रो बानी छाड्न आफूहरूले भन्दै आए पनि त्यो बानीमा सुधार नआएको लालबाबुकी ५० वर्षीया पत्नी रासवती थारुले रुँदै बताउनुभयो । "जमिनजेथा केही नभएका हाम्रो परिवारलाई गुजारामा उहाँकै मेहनतको आस थियो"***

सिकेन्द्रको मृत्युपछि उनले बनाउन थालेका नयाँ घर निर्माणको काम अल्झिएको छ । सिकेन्द्रको मृत्युयता पत्नी निलम अझै राम्ररी होसमा आउन सकेकी छैनन् । निलमसँगै १२ वर्षीया छोरी सुप्रिना सिंह र छोरा गौरव आमालाई अङ्गालेर लगातार रोइरहेका छन् । सुप्रिनाले आफ्नै वस्तीको विद्यालयबाट यसपालि कक्षा-७ पास उत्तीर्ण गरेकी छन् । "अब हामी कसको घर बस्ने होला, आफ्नो घर अधुरै छाडेर बाबु जानुभयो", घर पुगेका सञ्चारकर्मीसँग रुँदै सुप्रिनाले भन्नुभयो, "अब नयाँ घर बस्ने र पढ्ने रहर कसरी पूरा गर्ने होला ?" महोत्तरीको बर्दिवास नगरपालिका-१२ र भङ्गाहा-७ र ६ का एकअर्कोसँग जोडिएको बस्तीमा वैशाख ११ यता मङ्गलबारसम्म १३ जनाको मृत्यु भइसकेको छ । मृतकमध्ये ११ पुरुष र दुई महिला छन् । एकजना बर्दिवास-१२ का २६ वर्षीय सुपिन्द्र मण्डलबाहेक सबै ४० वर्षभन्दा माथिको उमेरका छन् ।

सबैजसो घरका घरमूलीको मृत्युले सिङ्गो परिवार बिचल्लीमा परेको छ । भङ्गाहा-७ मेघरोलकै सामाजिक, राजनीतिक कार्यकर्ता श्याम सिंहले भन्नुभयो, "मृतक १३ मध्ये यिनको चाहिँ घरमा गुजारा चलाउनका लागि यो कुरा छ भनेर हेर्न, देख्न सकिने केही छैनन् ।" रासस

# सचेतना अपनाउँदै उद्योग सञ्चालन गर्न दिनुपर्छ : निजी क्षेत्र

काठमाण्डु । उद्योग, वाणिज्यलगायत निजी क्षेत्रका सरोकारवालाहरुले लकडाउनका कारण औद्योगिक क्षेत्रमा आर्थिक सङ्कट देखिएको भन्दै सचेतना अपनाउँदै उद्योग कलकारखाना सञ्चालन गर्न दिनुपर्ने माग गरेका छन् ।



नेपाली काँग्रेसले आज पार्टी कार्यालय सानेपामा आयोजना गरेको 'आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम र बजेट' विषयक अन्तर्क्रियामा निजी क्षेत्रका सरोकारवाला व्यक्तिहरुले लकडाउनको विकल्प खोज्न र बैंक ब्याजदर घटाउन सरकारसँग आग्रह गरेका छन् । सोही अवसरमा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले निजी क्षेत्रबाट आएका जायज मागलाई पार्टीले संसद् र सरकारसमक्ष प्रस्तुत गर्ने बताउँदै कार्यान्वियनका लागि सरकारलाई दबाब दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । सभापति देउवाले कोरोना भाइरस रोकथामका लागि सरकारले लागू गरेको लकडाउनका कारण विभिन्न क्षेत्रमा सिर्जना भएको समस्याबारे समेत प्रधानमन्त्रीसँग पार्टीको तर्फबाट छलफल गर्ने जानकारी दिनुभयो ।

उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले कोरोना भाइरसको सङ्क्रमण रोकथामका लागि सरकारले लागू गरेको लकडाउनका कारण उद्योग व्यवसाय बन्द हुँदा विकल्पका लागि सरकारसँग अपिल गर्नुभयो । वरिष्ठ उपाध्यक्ष गोल्छाले पहिलेदेखि नै चुनौतीको सामना गर्दै आएको नेपालको निजी क्षेत्र लकडाउनका कारण अब थप दुई वर्ष पछि पर्ने आँकलन गर्नुभयो ।

उहाँले भन्नुभयो, अर्थतन्त्रलाई सुधार गर्न निजी क्षेत्रको सुधार हुनुपर्ने हुन्छ, त्यसका लागि सरकारले फेरि एकपटक सम्पत्ति अभिलेखीकरणको सुविधा दिनुपर्ने, विद्युत्मा छुट दिनुपर्ने, पेट्रोलियम पदार्थमा भ्याट क्रेडिट हुनुपर्ने, बैंक कर्जा पाँच प्रतिशतमा झार्नुपर्ने, भ्याटको दर १० प्रतिशतमा झार्नुपर्ने, आयकर र कर्पोरेट करमा पनि २० प्रतिशत छुट दिनुपर्ने हुन्छ ।

निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले अहिले देशभरमा करिब रु आठ खर्ब लागतको पाँच हजार निर्माण आयोजना सञ्चालनमा रहेको र काम गर्न नपाए करिब रु ३५ अर्ब बराबरको नोक्सानी हुने बताउनुभयो ।

होटल सङ्घ नेपालका अध्यक्ष सिर्जना राणाले पर्यटन क्षेत्रमा गएको कर्जा तिर्ने समय थप गर्नुपर्ने, ब्याजलाई पूँजीकरण गर्नुपर्ने, कर्जाको पुर्नतालिकीकरण गर्ने व्यवस्था गरेमात्र पर्यटन क्षेत्रको रोजगारीलाई जोगाउन सकिने तर्क गर्नुभयो ।

नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाटा)का अध्यक्ष अच्युत गुरागाईंले पर्यटन क्षेत्रमा कर्मचारीलाई तलब खुवाउन दुई प्रतिशतमा कर्जा दिने व्यवस्था गर्नुपर्ने माग गर्दै लकडाउनपछि व्यवसाय शुरु गर्न सरकारको सहयोगको अपेक्षा गर्नुभयो ।

नेपाल बैंकर्स सङ्घका पूर्वअध्यक्ष ज्ञानेन्द्र ढुङ्गानाले लकडाउनका कारण बैंकिङ क्षेत्र प्रभावित भएको बताउँदै जनताको निक्षेप लिएर कर्जा दिने बैंकिङ क्षेत्रसँग राहतको अपेक्षा गर्नु उचित नहुने बताउनुभयो ।रासस

## सभापति देउवाद्वारा प्रधानमन्त्रीको ध्यानाकर्षण

काठमाण्डु । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले बुधबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई टेलिफोन गरेर कोरोनाको रोकथाम, उपचार र कोरोनाका कारण अप्ठ्यारोमा परेका नेपालीको उद्धार गर्नेबारेमा ध्यानाकर्षण गराउनुभएको छ ।

उहाँले नेपालगञ्जमा कोरोनाको परीक्षण व्यापकरुपले गरेर स्थिति थप जटिल बन्न नदिन र सन्त्रासमा रहेका नगरवासीलाई आश्वस्त राख्नका लागि तत्काल कार्य गर्न गराउन आग्रह गर्नुभएको काँग्रेसले जनाएको छ । साथै देशभर पिसिआर प्रविधिद्वारा परीक्षण द्रुत गतिमा विस्तार गर्न सभापति देउवाले माग गर्नुभएको छ । साथै उहाँले कुवेत सरकारको सेल्टरमा राखिएका करिब तीन हजार एवं मध्यपूर्व र विश्वभर अप्ठ्यारोमा रहेका नेपालीलाई क्रमशः उद्धार गर्ने बारे सरकारलाई व्यवस्थित योजना बनाएर कार्यान्वियन गर्न आग्रह गर्नुभएको काँग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

यसैगरी सभापति देउवाले प्रधानमन्त्री ओलीलाई सीमानाकामा क्वारेन्टाइनमा बसेको महिना दिन पुगिसक्दा पनि अझै कयौँले देश आउन नपाएको स्मरण गराउँदै तिनलाई आउन दिन एवं भारतको विभिन्न राज्यमा अलपत्र परेका नेपालीलाई उद्धार गर्ने व्यवस्था मिलाउनसमेत आग्रह गर्नुभएको छ । रासस

# काँग्रेसद्वारा 'अर्थतन्त्र केन्द्रित विशेष समिति' गठन

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले कोरोनाले देशको विविध क्षेत्रमा पारेको असरबारे अध्ययन, विश्लेषण एवं देशका लागि आवश्यक दृष्टिकोण निर्माण गर्न 'अर्थतन्त्र केन्द्रित विशेष समिति' गठन गरेको छ ।

पार्टीको केन्द्रीय कार्यसमितिको यही वैशाख १७ गते सम्पन्न बैठकले कोरोनाले देशको विविध क्षेत्रमा कोरोनाले पारेको असरबारे अध्ययन गर्न विभिन्न समिति गठन गर्ने निर्णय गरेबमोजिम सभापति शेरबहादुर देउवाले बुधबार सो समिति गठन गर्नुभएको हो ।

विगतमा अर्थ मन्त्रालयमा मन्त्री र राज्यमन्त्रीको जिम्मेवारी सम्हाली सक्नुभएका, संसदीय दलमा अर्थमन्त्रालयको संयोजन गरिरहनुभएका एवं राष्ट्रिय योजना आयोगमा उपाध्यक्ष रहेर विगतमा नेतृत्व गरिसक्नुभएका पार्टीका नेता तथा विज्ञ रहने गरी समिति गठन गरिएको काँग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

पार्टीका नेता डा रामशरण महत संयोजकत्वको उक्त समितिमा नेता महेश आचार्य, ज्ञानेन्द्रबहादुर कार्की, डा नारायण खड्का, डा मीनेन्द्र रिजाल, चिनकाजी श्रेष्ठ, दिपकुमार उपाध्याय, भरत शाह, उदय शमशेर राणा एवं अर्थविद् डा पृथ्वीराज लिगल, डा शङ्कर शर्मा, डा जगदीशचन्द्र पोखेल, डा गोविन्द पोखेल, डा स्वर्णिम वाग्ले सदस्य रहनुभएको छ ।

समितिले तत्कालीनरुपमा अत्यावश्यक राहतबारे सुझाव, अल्पकालीन रुपमा आगामी बजेटको प्राथमिकताबारे धारणा र दीर्घकालीन रूपमा कोरोनापछिको अर्थतन्त्रबारे दूरगामी दृष्टिकोण निर्माण गर्नेछ ।

समितिको अध्ययन, विश्लेषण र अभिमतका आधारमा काँग्रेसले आफ्नो अवधारणा र भुमिकालाई थप परिस्कृत एवं थप प्रभावकारी बनाउने पार्टी कार्यालयले जनाएको छ ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# लकडाउन पालना गरौं

नेपालमा फेरी लकडाउन थपिएकोछ ।चैत ११ गतेदेखि सुरु भएको लकडाउनको अवधी चौथो पटक थप भइसकेकोछ ।डेढ महिनादेखि देश लकडाउनमा छ ।लकडाउन र समाजिक दुरी नै कोरोना भाइरसको संक्रमणबाट जोगिने निर्बिकल्प र अत्यन्त शक्तिशाली उपाय हो ।लकडाउनको पालना नभए त्यसको समय थपेर केहि हुँदैन् ।अहिले कोरोना भाइरसको कहर उच्च बिन्दुमा पुग्ने क्रममा छ ।संसारका शक्तिशाली राष्ट्रहरुलेपनि कोरोना भाइरस बिरुद्धको औषधी र खोप तयार पार्न सकेको छैन् ।लकडाउन र समाजिक दुरीको अनुशासनलाई सबैले अनिवार्य रुपमा पालना गर्नुपर्छ ।सरकार अथवा कुनै समुदाय, दल विशेषले गरेको लकडाउन होइन् ।हरेक नेपालीले आफ्नो सुरक्षा, परिवार र समाजको सुरक्षाका लागि स्वयं गरेको लकडाउन हो ।अमेरिका, इटली, स्पेन, फ्रान्स, भारत, चीन, रुस लगायतका शक्तिशाली राष्ट्रहरुले लकडाउन र समाजिक दुरीको अनुशासनलाई पालना गर्न बाध्य छन् ।नेपालका लागि लकडाउन र समाजिक दुरीको अनुशासन पालनाको बिकल्प नै छैन् ।अहिले सरकारले लकडाउनको अवधी थप गरेकोछ ।लकडाउनलाई पालना गराउन सुरक्षाकर्मीहरु सडकमा तैनाथ छन् ।समय निर्धारिणगरि खाद्य लगायतका सामग्रीहरुको बन्दोबस्त गर्न पसल खोल्ने ब्यवस्था मिलाइएकोछ ।कोही भोकभोकै नपरुन त्यसका लागि पालिका र प्रदेश सरकारले राहत वितरण गरिरहेकोछ ।कयौं मनकारी र समाजिक संघसंस्थाहरुले विपन्न, भोका मानिसलाई घरमै पुगेर राहत र भोजन उपलब्ध गराइरहेका छन् ।विपद्को बेला सबै व्यक्ति र निकायले परस्पर सहयोग गर्ने भावनालाई प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्छ ।त्यो धेरै हदसम्म भइपनि रहेकोछ ।मनकारी संघसंस्थाहरुले गरिरहेको कार्यका लागि सबै पक्षबाट प्रशंसापनि भइरहेकोछ ।त्यसकारण लकडाउनको पालनामा मद्दतपनि मिलेकोछ ।नेपाल र भारतबीच खुल्ला सीमा रहेकाले दुवै देशमा रहेका नागरिकहरुलाई यथास्थानको क्वारेन्टाइन अथवा सुरक्षित वासस्थलमा रहनु पर्छ ।क्वारेन्टाइनमा रहेका व्यक्तिहरु संक्रमित नरहेको पुष्टि भएपछि समाजमा उनलाई चिकित्सकको सल्लाहबमोजिमको समय काटिसकेपछि समान्य नागरिक जस्तै सहज ढंगले स्वीकार गर्नुपर्छ ।समाजमा कसैले कसैलाई हेप्नु हुँदैन् ।समाजमा सबै जाति र धर्मलाई समान गरिनुपर्छ ।कोरोना भाइरसको संक्रमितलेपनि उपचारपछि निको भइ घर आएपछि समाजले उनलाई हे भावले हेर्नु हुँदैन् ।सरकारले थप्दै गएको लकडाउनको कुनै राजनीतिक उदेश्य छैन् ।लकडाउनलाई स्वयं हरेक व्यक्तिले पालनागर्दै समाजिक दुरीलाई कायम राख्नु सबैको कर्तव्य हो ।लकडाउनको पालना सरकारका लागि नभएकाले आफ्नै ज्यानकोलागि लकडाउन अवधी सम्म घरबाट बाहिर ननिस्कौ ।आवश्यकता परे मात्र बाहिर निस्कनुपर्छ ।यो कुनै आन्दोलन र कुनै प्रकारको हिंसाको कारण घरमा बस्नु परेको होइन् ।लामो समय घरमै बस्नुपर्दा कयौं प्रकारका परेशानी थपिन्छ ।लकडाउनलाई नलम्बयाउन त्यसको कडाईका साथ स्वयंले पालन गर्नुपर्छ ।सुरक्षाकर्मीले बल प्रयोग गर्ने अवस्थाको सृजना नगरियोस् ।सबै जना लकडाउनमा रहौं ।

# कोभिड १९ को बीच एचआइभी संक्रमित



झरना शर्मा

२०७६ पुसदेखि प्रकोपको रुपमा देखापरेको कोभिड(१९ अर्थात् नोबेल कोरोना भाइरसका कारण विश्व नै आक्रान्त छ। यो भाइरसका कारण आम मानिसको दैनिक जीवनयापन कष्टकर बन्न पुगेको छ। यो जटिल परिस्थितिमा दीर्घरोगी लगायत अन्य असाधारण बिरामीले पाउने नियमित सेवाप्रवाहमा पनि असर परेको छ। कोरोनाको महामारीका बीचमा नेपालका एचआइभी संक्रमितले कस्तो सेवा पाइरहेका छन् त? भन्ने विषयमा चर्चा गर्नु सान्दर्भिक हुन जान्छ। हाल नेपालमा एचआइभी संक्रमित संख्या ३० हजारको हाराहारीमा रहेको आनुमान गरिएको छ। यी मध्ये २० हजार संक्रमित दैनिक रुपमा देशका विभिन्न अस्पतालमा एआरटी (एन्टी रेटेभाइरल थेरापी) लिइरहेका छन्। तर पनि लकडाउनकाको अहिलेको परिस्थितिमा दैनिक रुपमा बिरामीले एआरटी सेवा लिन कष्टकर भइराखेको छ।

लकडाउनको समय लम्बिँदै जाँदा बिरामीहरू एआरटी सेन्टर गई सेवा लिन समस्या भइराखेको छ। बिरामीहरू घरघरमा फसिरहेका छन्। नियमित एआरटी सेन्टरमा सेवा लिन विभिन्न कारणले वन्चित भइराखेका छन्। लकडाउनका बेला यातायातको असुविधाले गर्दा नियमित एआरटी भिजिट गर्न समस्या भइरहेको अवस्था छ।एचआइभी संक्रमित व्यक्तिले नियमित सेवन गर्ने औषधि बीचमा अनियमित भयो भने अरु अवसरवादी रोग लाग्ने आवस्था सिर्जना हुनसक्छ। यो अवस्था आउन नदिनका लागि नियमित एआरटी सेवा पुर्‍याउन जरुरी छ।

त्यसैले यस अवस्थालाई मध्यनजर गरी देशका विभिन्न ठाउमा रहेको एआरटी सेन्टरले यथासक्य सेवा दिने पर्यत्न गर्दै आएका छन्। एआरटी सम्बन्धित विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु यो जटिल परिस्थितिलाई चिर्नका लागि यथासक्य सह्योग गरिराखेका छन्। औषधि वितरण तथा परामर्श सेवा सबै अस्पतालका एआरटी सेन्टरबाट सुचारु रुपमै दिइराखेका छन्। त्यसमा पनि नियमित एआरटी सेन्टरमा आउन नसक्ने बिरामीहरुको लागि विभिन्न संघसंस्थाबाट घरघरमा औषधि पुर्याइदिने काम भइराखेको छ।

पहिलापहिला जसरी एआरटी सेन्टरले सेवासुविधा दिइराखेको थियो, त्यसरी नै अहिले पनि लकडाउनको बाबजुद पनि सेवाग्राहीको लागि सुरक्षित र सहज तरिकाले फोन सम्पर्कद्वारा घरघरमा गएर औषधि वितरण गरी केही सहज बनाइदिएको छ। साथै बिरामीको मनोबल उच्च राख्नको लागि र नियमित खाने औषधि एकदिन पनि नछुटोस् भन्ने उद्देश्यका साथ एचआइभी संक्रमित व्यक्तिसँग नियमित फोन सम्पर्क स्थापना कायम राखी परामर्श दिइराखेको छ।

यो सेवालाई नियमित गराउन गैरसरकारी संस्था एएचएफ नेपालले ठूलो भूमिका निर्वाह गरिराखेको छ। मास्क, सेनिटाइजर वितरण लगायत अशक्त संक्रमित बिरामीको उपचारमा समेत सहयोग पुर्याइराखेको छ।

*(शर्मा एआरटी काउन्सेलर हुन्)*
*सौजन्य :स्वास्थ यखबर*

बुद्ध पूर्णिमा विशेषांक (कोरोना; दुर्भाग्य से शोभाग्य की और यात्रा-अर्न्तयात्रा)

# बुद्धम शरणम गच्छामि





(आचार्य श्रवणकुमार)
आध्यात्मिक अभियन्ता

भगवान गौतम बुद्ध पथ्वीमा सधै जली रहने दियो हो । वहाँको हजारो-हजार बर्ष पश्चात पनी त्यस दियोबाट अनगनित मानिसहरुको बुझेको दियो जलि रहेका छन्। यस्तो बुद्ध पुरुष युगो-युगको पश्चात पृथ्वीमा जन्म लिन्छन्। अध्यात्ममा प्रत्येक २५०० वर्षको पश्चात धर्मको पुर्नस्थापना हुन्छन् । त्यस समयमा मानिसहरुलाई बुद्धत्व प्राप्त गर्ने अत्यधिक सम्भावन हुन्छ । त्यस समयमा अलिकति प्रयासले मानिस आध्यात्मिक लक्ष्य प्राप्त गर्न सक्छन् । जस्तेः बर्सात को मौसममा धाँन रोप्नु जस्तै सहज हुन्छ। त्यस समयमा प्रकृती अनुकुल हुन्छ । कृष्ण, बुद्ध, महाविर, जिसस, मोह्मद, कबिर, नानक आदी अनेक सदगुरु आ-आफ्ना देशनाले अनेको व्यक्तिलाई बुद्धत्व को मार्ग मा सहायक गर्नुभयो। बुद्धको ठिक २५०० वर्ष पछी पृथ्वीमा अमूलय समय आएका छ। यसको मतलब यो होइन की यो बिचको अवधीमा कुनै पनि बुद्ध पुरुष भएनन् अथवा कसैले बुद्धत्व प्राप्त गरेनन् ? तर जति सजिलो कृष्ण, बुद्ध को समय थियो र अहिले छ। यस बिचको सयममा थिएन। जिसस, कबिर, नानक, मोह्मम्द पनी उच्च कोटीका सन्त हुनु हुन्थ्यो । बास्तबिक अर्थमा सबे सन्त आफनो समय भन्दा अगाडी नैं पृथ्वीमा आइ सक्नु भएको थियो। कृष्ण ५००० वर्ष पहिले, बुद्ध २५०० वर्ष पहिले, भगवाना रजनिस १०० वर्ष पहिले धरतीमा आई सक्नु भएकोले, वहाँहरुलाई बुझ्न सक्ने व्यक्तिहरु अत्यधिक न्यून थियो । किनकी, त्यस सयममा मानिसको चेतना विकसित भएको थिएन। त्यसैले, वहाँहरुको बहुमुल्य समय नासमझहरु सँग लडदै बित्यो । आज पहली पल्ट मानिसको चेतना विकसित भएर मान्नुबाट जान्नु तिर बढी रहेका छन् । त्यसैले आजको समयलाई सतयुगको रुपमा घोषणा गर्न मलाई अलिकती पनी संकोच भैरहेको छैन्।

अध्यात्मको विभिन्न मार्ग हुन् । सबै मार्गको मुलभूत सरांश दुई मार्ग हो । एउटा; ध्यान को मार्ग अथवा संकल्पको मार्ग पनि भन्छौ। अर्को हो; प्रेमको मार्ग, जसलाई हमी भक्ति मार्ग अथवा समर्पणको मार्ग भन्छौ । ध्यानी बुद्धीको स्तरबाट चिन्तन मनन गरेर दृढ संकल्प पूर्वक परमात्मालाई प्राप्त गरि हाल्छ । भक्त आफ्नो संकल्प भाँवले । ध्यानी आफनो अर्न्तयात्रा ध्यान यानी संकलपबाट शुरु गर्छ र भक्ती वा समर्पण त्यस्को गन्तव्य हुन्छ। भक्तको अर्न्तयात्राको शुरुवात भक्ती र गन्तव्य ध्यान हुन जान्छ । बिगतमा भक्ति मार्गको प्रभुता थियो। तर आज ध्यान मार्ग अधिकांश मानिसहरुकोलागी उपयोगी छ । किन भने पहिलो बुढा मानिसहरु पनी कसैको भनेको सुनेको कुरा मानी हाल्नु हुन्थ्यो । त्यसकालागी यती मात्रै भन्नु पर्थ्यो की शास्त्रमा लेखेको छ अथवा हाम्रो परम्परा, रितिरिवाज हो। यदी कसैले यतीमा पनी मान्न इनकार गर्दा स्वर्गको प्रलोभन र नर्कको धमकी दिएर मनाउन सकिन्थ्यो। यती प्रयासले लगभग सबै मानिसहरु बधी-बधाई मान्यातालाई मान्न तयार भैहाल्थ्यो। तर आज बिज्ञान प्राविधी को समय भएकोले, बच्चाहरु पनी आफ्नो प्रश्नको शुरुवात किन र क्योबाट शुरु गरि रहेका छन्। जबसम्म मानिस आफ्नो विवेकले कुनै काम गर्न तयार हुदैन, तबसम्म त्यो सँग कुनै पनि कार्य गराउन असम्भव छ। अदि कोइ मानिस आफ्नो बुद्धी बिबेकले कुनै बाटो छनौट गर्छ भने त्यसलाई पुरा गर्न आफ्नो सबै चिज गुमाउन अलिकती पनी हिचकिचाउदैन ।

*अध्यात्मको विभिन्न मार्ग हुन् । सबै मार्गको मुलभूत सरांश दुई मार्ग हो । एउटा; ध्यान को मार्ग अथवा संकल्पको मार्ग पनि भन्छौ। अर्को हो; प्रेमको मार्ग, जसलाई हमी भक्ति मार्ग अथवा समर्पणको मार्ग भन्छौ । ध्यानी बुद्धीको स्तरबाट चिन्तन मनन गरेर दृढ संकल्प पूर्वक परमात्मालाई प्राप्त गरि हाल्छ । भक्त आफनो संकल्प भाँवले। ध्यानी आफनो अर्न्तयात्रा ध्यान यानी संकलपबाट शुरु गर्छ र भक्ती वा समर्पण त्यस्को गन्तव्य हुन्छ। भक्तको अर्न्तयात्राको शुरुवात भक्ती र गन्तव्य ध्यान हुन जान्छ । बिगतमा भक्ति मार्गको प्रभुता थियो। तर आज ध्यान मार्ग अधिकांश मानिसहरुकोलागी उपयोगी छ। किन भने पहिलो बुढा मानिसहरु पनी कसैको भनेको सुनेको कुरा मानी हाल्नु हुन्थ्यो।*

बुद्धको मार्ग बुद्धीको मार्ग हैं। यहाँ श्रद्धा र विश्वास को कुनै जरुरी छैन्। बुद्ध संग हुनकोलागी चिन्तन मननको आवश्यकता छ। बुद्ध भन्दा पहिलेको जति पनी गुरु भए, सबैले अन्त्रयात्रा को बाटोमा विश्वासलाई प्राथमिकता दिनु हुन्थ्यो । बुद्ध ले भन्नु भो, "जबसम्म म जान्दिन, तब म कसरी मान्न सक्छु ?, जुन दिन जानी हाल्छु, त्यो दिन मान्ने आवश्यकता पर्दैन ।" ठीक छं! परमात्मा रहस्मयी हो ! वहाँलाई जाने वेगर केही बताउन मुश्किल छ। अर्न्तयात्रा पथमा हिडन आफू सँगको मनलाई पनी राजी गराउन जरुरी छ। मनको सबै जिज्ञासाको समाधान नभए पनी बुनियादी जिज्ञासाको समाधान मिल्नु पर्दछ, जसले गर्दा बाँकी रहस्य जान्नकोलागी मन हामी सँग हिडन तयार होस् । म भन्द छु; मनको अपार क्षमता छ, मानिसलाई आफ्नो मनलाई अपहेलना गरेर अन्त्रयात्रा गर्न अप्ठयारो मात्र होइन, असम्भव पनी छ। तपाई जुन चिज गर्न चाहनु हुन्न, मन त्यही चिज गर्न आतुर हुन्छ। जसले गर्दा तपाईको यात्रामा द्धन्द्ध सिर्जना हुन सक्दछ ? अदी हामी आफ्नो मन रुपी घोडामा विवेक रुपी लगाम लगाएर अर्न्तयात्रा गर्न सकियौं भन्ने अकल्पनिय बिराट सम्भावना उजागर हुन सक्दछ। जसको तपाईले सपना पनि देखनु भएको छैन होला ? यसकोलागी आजको समयमा बुद्धको मार्ग अति उपयोगी छन् र अगामी दिनमा यसको उपयोगिताा अक्ष बढने सम्भावना छ। आजसम्म जति पनि मानिस बुद्धत्व प्राप्त गरे, त्यसमा अत्यिधिक मानिसहरुकोलागी बुद्ध को मार्ग उपयोगी रह्यो ।

आज भन्दा २५०० वर्ष पूर्व मिथिला भूमीको कपिलबस्तु नामको राज्यमा राज शुद्धोधनके जेठो छोराको रुपमा जन्मिनु भएका सिंद्धार्थ गौतम कालान्तरमा भगवान गौतम बुद्ध बन्नु भयो । प्रत्येक बुद्ध पुरुष सदगुरुको जन्म अद्धितिय हुन्छ । वहाँहरु जन्म भन्दा पहिले देखि नै अनेक आरोह-अवरोह खडा भएको हुन्छ । त्यो सबै आरोह-अवरोह को बचपन देखि झेलदा-झेल्दै कम उमेरमा नैं परिपक्कता हासिल गरी हाल्छन्। यही घटना बुद्ध सँग पनि दोहरियो। राजा शुद्धोधन त्यस समयका सबै भन्दा समृद्ध राज्य को राजा हुनु हुन्थ्यो। वहाँ आफ्नो बाहुँबलले ठूलो सम्राज्य खडा गरि सक्नु भएको थियो । सबै राजाहरु आफ्नो जीवन कालमा नैं कुशल राजाको हाथमा राज्यको अविभारा सुम्पेर दिनियाबाट विदा हुन चाहन्छन्। राजा शुद्धोधन बुढेस कालमा पुगि सक्नु भएको थियो, तर पनी वहाँको दरवारमा छोरा जन्मेका थिएनन्। यसकालागी राजदरवारका सबै सदस्य अत्यिधिक चिन्तित हुनु हुनथ्यो । मयादेवी शुद्धोधनको पत्नी थिइन् । जब मयादेवीले आफ्नो कोखबाट छोरा जन्मने सम्भावन देखेनन्, तब आफ्नो राजी खुशी आफ्नै कान्छी बहिनी प्रजापति सँग सुद्धोधनको विवाह गराई दिईन् । तर मानिसलाई समय भन्दा पहिले केहीं पनि मिल्दैन् । उचित समय आए पछी लाखो अवरोध पश्चात पनी जे हुने बाला हुन्छ, भएरै छाडछन् । आखिरमा बैषाख पुर्णिमाको दिन बृक्षको तल मयादेवीके कोखबाट सिंद्धार्थ गौतम जन्मनु भयो । त्यस पश्चात सिद्धाथले न मातृत्व सुख र मायादेवीले पुत्र सुख पाउन सके । अकसरहा, जस्को जन्म समष्टिको सुखको लागी हुन्छ, उसको जीवन अत्यिधिक दुःख र पिडाबाट गुर्जिन्छ । जुन आमा असख्य मानिसहरुको कल्याणकोलागी छोरा जन्म दिनु हुन्छ, त्यो आमा पनि पुत्र सुखबाट बन्चित भइ हाल्छन् । सिद्धार्थको जन्मदेखी सात दिनमा नैं वहाँको आमा मयादेवी बुद्धलाई आफ्नी बहिनी प्रजापतीलाई जिम्मा लगाएर सधैंको निम्ती संसारबाट बिदा भइहालिन । प्रजापतीले कहिलेपनी सिद्धार्थलाई आमाको अभाव खटकिन दिइनन् । प्रजापती सधै सिद्धार्थलाई आफ्नो ममता कें आचलमा समेटेर राखी राखिन् ।

सिद्धार्थ गौतमको जन्मले राज्यमा खुशीको ठिकान थिएन । एक तर्फ शुद्धोधन अपने पुत्र सुखमा र अर्को तर्फ प्रजा अफ्नो भाँवी राजा को आगमनले खुशि मनाई रहेका थिए। त्यसै समय त्यस समयका प्रसिद्ध सन्त असिताको एक्कासी राजदरबारमा आगमण भयो । असिता राजा शुद्धोधनको बचपनको मित्र हुनु हुन्थ्यो। शुद्धोधन सधैं असितालाई भेटन वहाँको कुटीमा नैं जाने गर्नु हुन्थ्यो। त्यो दिन एक्काशी आफ्नो दरबारमा हेरेर आश्चर्य चकित भएर भन्नु भो, "हजूरको आज्ञा भएको भए म नैं हजुर कहाँ उपस्थित भै हाल्थे, यहाँले किन म कहाँ आउन कष्ट उठाउनु भो ?" ऋषि असिताले भविष्यवाणी गर्दै भन्नु भो, "राजन तिम्रो घमा जन्मेको बच्चा सधारण होइन । यो बच्चा ! दुनियाँलाई दिशा निर्देश गर्ने प्रबुद्ध अलौकिक सन्त या कुशल सम्राट बन्ने छन् । राजालाई ऋषिको दोस्रो कुरा मन पऱ्यो, किनकी वहाँलाई भविष्यको सम्राटको आवश्यकता थियो। राजा पहिलो कुराबाट शसंकित हुनु भो । किनकी बुवा अरुको छोरा सन्त हुदाँ त्यसको खुट्टा ढोग्न जान्छन् । तर आफ्नो छोरा सन्त होस भन्ने चाहदैन । हाँ ! आफ्नो छोरा हत्यारा, लुटेरा कुकर्मी भै दिए बर्दस्त गरि हाल्नु हुन्छ तर सन्त भएको कुरा बर्दास्त भन्दा फाजिलको कुरा हो । सुद्धोधनले सिद्धार्थको सन्त हुने सबै सम्भावना बन्द गरि दिनु भो । बुद्धलाई संसारीक दुःखको अभाष भनी हुन दिन चाहनु हुन्न थियो। त्यसका लागी सुन्दर-सुन्दर केटी, भोजनको स्वादिष्ट पकवान लयागत सुख-सुविधाको सबै व्यवस्था गरि दिनु भो । तर जे हुने बाला थियो, त्यसलाई कसले टार्न सकथ्यो र ! अस्तित्व जसलाई जे बनाउन चाहन्छ, लाख अवरोध पश्चात पनी बनाएर नैं छाडछ। सुद्धोधनको सबै योजना सिद्धार्थको सन्तत्वको मार्गमा सहयोगी हुन पुयो ।

एक पल्ट सिद्धार्थ गौतम एउटा सभालाई उद्घाट गर्न गै राख्नु भएको थियो। बाटोमा पहिलो पल्ट दुखी, बिमार र मरेको व्यक्ति हेर्नु भो । सिद्धार्थले आफ्नो सारथी चानाबाट दुःख, बिमारी और मृत्युको बारेमा जान्ने जिज्ञासा राख्नु भो। सारथीले शुरु-शुरुमा बताउन हिचकिचाउनु भो, आखिरमा मजबुरी बश सबै कुरा वताउनु भो । यहाँ मानिस जन्मन्छन्, दुखी हुन्छन्, बिमार हुन्छन् र आखिरमा मर्छन् । नासमझ घटनाबाट स्वयंम गुजरेर पनी सम्झदैन तर समझदार मानिस अरुलाई हरेर समझी हाल्छ । संसारमा परम्परा छ । अहिले तिमी जवान छौ, संसारीक पद प्रतिष्ठा आर्जन गर। अध्यात्म जीवनको आखरी अवस्थाको कुरा हो। जब आँख हेर्नै, कान सुन्नं, खुट्टा हिडन, हाथ काम गर्न छाडी दिन्छ। अध्यात्म त्यती बेलाको कुरा हो। मानिस मृत्युको क्षँणमा पनी संसारीक क्षँणभँगुर चिजबाट मुक्त हुन सकि रहेको हुदैन् । एउटा भनाई छ; नराम्रो कामलाई भोली गर्दा गर्दै जति टाढा धकेलन सके त्यती राम्रो र भोली गर्नु पर्ने राम्रो काम अहिले नैं गरि हाले अत्ति उतम हुन्छ। किनकी भोली कहिले पनी आउदैन। सबै भोली आज र अहिलेको रुपमा नै आउँछ । तर मानिसहरु राम्रो काम सधै भोलीकोलागी छाडछन् र नराम्रो काम तत्काल गरि हाल्छन् । सिद्धार्थले सोच्नु भो; संसारिक बस्तु कुनै न कुनै दिन म बाट छिनिने नैं छ। के यस्तो चिज हो, जुन मृत्यु पश्चाता पनी म सँगै रहन्छ। यस सम्बन्धमा वहाँले आफ्नो घर परिवारको सदस्यहरु बिचमा करा गर्नु भो । यो भरोषाले की म राम्रो कामको लागी गई रहेछु यसमा सबैले साथ दिने छन भनेर। तर याद राख्नुहोस, यदी तपाई राम्रो व्यक्ती हुनु हुन्छ भने राम्रो व्यक्ती ले नैं तपाईलाई सम्मान गर्न सक्छ र तपाईको कार्यमा साथ दिन्छ । कसैले पनी बुद्धको एउटा पनी कुरासुन्नु चाहनु भएन। सबै जनाले उल्टे वहाँलाई आफ्नो निर्णय फिर्ता लिन दबाब दिदे उपदेश दिन थाल्नु भो । तिमी पागल भै सके छौ । जुन चिज पाउँन दुनियाँको सबै मानिसहरु जन्मो-जन्म देखी प्रयास गरि रहेको हुन्छ, तै पनि कसैको नसिबमा हुदैन । त्यस्तो चिज तिमी पाएका छौ र छोडेर जङ्गल जाने कुरा गरि रहेछौ ? कसले तिम्रो मती बिगार दियो। अरु मानिसहरु हामीहरुको बारेमा के भन्ने छन् । मेरो बिरोधीको बिचमा मेरो नाक कटवाउने छस् । अन्तमा सिद्धार्थको केही नलागे पछी २९ वर्षको उमेरमा त्यही राती महल, पुत्र, पत्नी लगायत सबै परिवारलाई छोडेर दुःख भन्दा पार अमृतको खोजमा निस्की हाल्नु भयो । वहाँले त्यस समयको सबै गुरु कहाँ सत्यलाई जान्नको निम्ति गए । अकसरहा तथाकथित गुरु यस्तो-यस्तो सर्त बनाएर मानिसहरुलाई आफू सँग उल्झाई राखेको हुन्छ । जसले गर्दा कसैलाई पनी उनीहरुको सर्त पुरा गर्न असम्भव होस् । मानिसहरु त्यस्तो गुरुहरु सँग लामो समयसम्म बसे पनी सत्य उपलब्ध हुन नसके पछी भन्छन-तिमीले मेरो सर्तै पुरा गर्न सकेने, अनि कसरी सत्य पाउन सक्छौ ? बिस्तारै-बिस्तारै मानिसहरु त्यस्ता गुरुहरु सँग बस्ता बस्दै आफ्नो लक्ष्य (सत्यको खोज) पूरै बिर्सि हाल्छन् र त्यसको दुकनदारीको हिस्सा बनेर सिमित भै हाल्छन्। कुनै गुरु सिद्धार्थलाई ३ दिन का उपवास गर्न भन्दा खेरी ५ दिन का उपवास गरेर उसको सबै सर्तको सिमाहरुलाई अतिर्कमण गरि दिनु हुन्थ्यो । आखिरमा सबै गुरुहरु वहाँको साधना को तात्पर्ता देखकर आफ्नो आश्रमको पुरा जिम्मेवारी सोपन चाहनु हुन्थ्यो। अकसरहा मानिसहरु घर छोडेर आश्रममा बाँधिन जान्छन् । आश्रममा कुनै मुख्य पद पाइ हाले पछी, त्यसै पदले संसारिक आकाँक्षाहरु पुरा गर्न चाहन्छन् । तर सिद्धार्थले भन्नु भो " यदी मलाइ यहीहरु गर्नु थियो भन्ने मेरा दरबारमा के कमी थियो र ! जब सबै गुरुहरुको आफ्नो सबै उपाय असफल भए पछी, आफू भन्दा अगाडी जाने इशारा गरि हाल्नु हुन्थ्यो। आखिरमा कति पहिलेका गुरुहरु बुद्धको शिष्य हुन पुयो ।

सिद्धार्थ लगभग ६ साल देखीको तथाकथित साधनाबाट पुरै टुटी सक्नु भएको थियो। वहाँको शरिर पुरै जरजर भएर यति कमजोर भै सकेको थिए कि एउटा सानो निर्जरा नदी पार हुन पनी मुश्किल भै रहेको थियो। नदीमा भएको एउटा झारको बोट समातेर थकान मेटदैं सोचन थाल्नु भो । मेरो शरिरको यस्तो हालत भै गयो की एउटा नदी पार गर्न मुश्किल भैरहेको छ। के यस्तो अवस्थामा रहेर म भँवसागरबाट पार हुन सक्छु र ? वहाँले तत्क्षँण सबै उपवास आदी अन्य त्याग छोड दिनु भयो । सिद्धार्थ मुश्किलले नदी पार गरेर एउटा रुखमा फदेमा अडेस लागेर दुवै आँखा बन्द गरी निश्चिन्त भएर बसी हाल्नु भो । सिद्धार्थले त्यसै समय पुर्णिमाको राती अस्तित्वको अनन्त रहस्मयी सतोरी (समाथीको अवस्थामा हुने क्षँणिक अनुभव) को अनुभवबाट प्राप्त गर्नु भयो । विगतमा शुद्र जाती को मानिसहरुलाई मन्दिरमा पुजा-पाठ गर्न सख्त मनाहीं थियो । शुद्र जातीको मानिसहरु पिपलको रुख, नदी, गाय आदीको पुजा-पाठ गर्ने गर्थे। पूर्णिमाको दिन भएकोले सुजाता नाम गरेकी शुद्र कन्या अफ्नो दौतरीहरु साँग त्यही पिपलको रुखलाई पुजा गर्न आइन । जब उनीहरुले रुखको फेदमा अति सुन्दर व्यक्तीलाई ध्यानस्त अवस्था हेरेर, भगवान म सँग खुसी भएर सक्षात दर्शन दिनु भएको भनेर सम्झे। सुजाता धैर्यता पूर्वक बुद्धलाई ध्यानबाट फर्किन कुरि राखिन। त्यस पछि सुजाताले आफूसँग ल्याएकी खिर बुद्धलाई भेट गरिन् । बुद्धले अहोभाव पूर्वक ग्रहन गर्नु भयो । बुद्ध सँग अक्ष पाँच साधक एकै साथ तपस्यारत थियो । जब उनिहरुले बुद्धलाई एउटा आइमाइको हातबाट भोजन खाइ रहेको हेरे, अनी बुद्ध भ्रष्ट भएको भनेर वहाँलाई एकले छाडेर सबै जाना अनयन्त्र गइहाले । त्यस पछी सिद्धार्थ साधनमा ऐकलै भई हाल्नु भयो। सिद्धार्थले आफ्नो सबै बृतान्त सुजातालाई सुनाउनु भयो । सुजाताले सिद्धार्थलाई ध्यानको गहिराईमा पुग्नकोलागी यथासम्भव सहयोग गर्ने बाचा गरिन । बुद्ध सधै त्यो रुखको फेदमा बसेर ध्यानमा मग्न हुन थाल्नु भयो र सुजाता सधै वहाँको लागी भोजनको साथै सबै आवश्यकता पुरा गर्दै रहिन । सिद्धार्थ ध्यान त गर्नु हुन्थ्यो तर सधै कुनकुना रही रहन्थ्यो। आखिरमा लगभग एक साल पछी वहाँले संकल्प लिनु भो, जबसम्म म बुद्धत्व प्राप्त गर्दिन, तबसम्म ध्यानबाट उठदिन् । सुन्नमा आउछ की त्यसै राती सिद्धार्थ संवोधी प्राप्त गर्नु भयो ।

बुद्धले बुद्धत्व प्राप्त गरि सके पछी, सब भन्दा पहिले आफ्नो सन्देश त्यो पाँच जना साथीलाई दिन चाहनु हुन्थ्यो, जो सँग लामो समय सँगै-सँगै अन्त्रयात्रा गर्न भएको थियो। जब त्यो व्यक्तीहरुले बुद्धलाई आफू तिर आइ रहेको हेरे तब त्यो भ्रष्ट सिद्धार्थ सँग सम्बन्ध नबनाउने सोचेका थिए । जब-जब बुद्ध उनीहरुको नजिक हुदे जानु भो, वहाँको बुद्धत्वको आकर्षणले ति व्यक्तीहरु आकर्षिक हुदे आखिरमा बुद्धको खुट्टामा ढोग्न थाल्नु भयो । बुद्ध वहाँहरुलाई पनी जीवन मुक्ती की उपाय दिनु भो। त्यस पछी बुद्ध मौन भएर आफ्नो भितरको आनन्दमा सिमित हुन चाहनु हुनथ्यो । तर यिनै पाँच जना मित्रहरुले यस सन्दशे लाई जनमानसमा बाँडने सल्लाह दिनु भयो। बुद्धले भन्नु भो, "जसलाई सत्यको तिर्खा लागेको हुन्छ, त्यसले जसरी पनी खोजी नै हाल्छ ? जसरी मैले खोजे। जसलाई सत्यको प्याल लागेको हुदेन, त्यसले बुद्धपुरुषको सँग भएर पनी बन्चित भै हाल्छ। जसरी दुर्योधिन कृष्ण सँग भएर पनि वहाँलाई चिन्न सकेन । कसैले बुद्धलाई भने, "हजुरुको कुरा जायज हो, तर केही यस्ता पनि मानिसहरु छन्, जसलाई तपाईको अलिकति प्रयासले अर्न्तयात्रा पुरा हुन सक्छ। कम से कम त्यसता व्यक्तीहरुकोलागी हजुरलाई केही गर्नु पर्छ। यो कुरा बुद्धलाई मन पऱ्यो र आफ्नो सन्देश जन-जन तक पुऱ्याने कार्यको थालनी हाल बिहारको राजगिरबाट गर्नु भयो । त्यस पछी आफ्नो जीवनको बाँकी ४५ वर्ष शान्तिको सन्देश अनवरत रुपमा बाडदे नश्वर भौतिक शरिरबाट कुशीनगरबाट हमेशाको लागी विदा लिनु भयो।

शान्तिको सन्देश बाँटने शिलशिलामा मानिसहरुले अनेकौ सबाल-जवाफ गर्थ्यो ? बुद्धले सबै प्रश्नहरुको जवाफ सराशंमा मत्रको माध्यमले दिन चाहनु हुन्थ्यो । मन्त्र हो; बुद्धम शरणम गच्छामि, धम्मम शरणम गच्छामि, संघम शरणम गच्छामि । बुद्ध विदा भैसके पछी वहाँको यस अमुल्य मन्त्रलाई मानिसहरुले आफ्ना मान्यतालाई पुष्ट गर्न भारी दुरुपयोग गर्यो । मानिसहरुले भन्यो-सत्य पाउनकोलागी बुद्धको शरण्मा जानु पर्छ। बुद्धको मतलब सिद्धार्थ गौतम । सिद्धार्थ गौतम अहिले भौतिक शरिरमा हुनु हुन्न । वहाँको नाममा पसल थापेका पसलेहरुको शरणमाा जाऊ वा वहाँको मूर्तिलाई पुजा गर। धर्मको मतलब मानिसहरु; हिन्दु, मुस्लिम, सिख, इसाइ आदी र संघ का मतलब; त्यस धर्म द्धारा संचालित संगठनलाई बुझ्न थाल्यो। जुन बल्कुल सरासर झूठ हो।

बास्तविकमा बुद्धम शरणम गच्छामिको मतलब; त्यो व्यक्तिको शरणमा जानु, जसले बुद्धत्व प्राप्त गरि सकनु भएको छ र हामीलाई बुद्धत्वको मार्गमा दिशा निर्देश गर्न सक्नु हुन्छ। यहाँ बुद्धको मतलब मानिसको चेतनाको परम अवस्थालाई इंकित गरि रहेको छ । जब कुनै व्यक्ती संसारी पि.एच.डी. को उपाधी प्राप्त गरी हाल्दा, हामी डाक्टर भनेर सम्बोधन गर्छौ । त्यस्तै जुन व्यक्ति सत्यको परम गहराइलाई अनुभव गरि हाल्छ । त्यसलाई 'बुद्ध' भनिन्छ । बुद्धत्व सबै मानिसहरुको जन्मसिद्ध अधिकार हो। यदी कोइ बन्चित हुन्छ भन्ने दुर्भाग्य त्यसको । धम्मम शरणम गच्छामि; कुनै पनि सदगुरु तपाईलाई मार्गदर्शन बाहेक केही अनुभव गराउन सक्नु हुन्न। बुद्धत्वकोलागी सदगुरुको सानिध्यमा तपाईलाई आफ्नो भित्रको अर्न्तयात्रा गर्नु पर्दछ। बुद्धले जीवन भरी आफ्नो भिँक्षुहरुलाई अनेकौ बहानाले "अप्प दिपो भवः" को सन्देश दिनु भयो । तर अपवाद बाहेक कसैले पनी सुनेन। यसर्थ, आपनो दियो आफै बन्नु, किनभने कसैको दियो तिम्रो अन्ध्यारो हटाउन सक्दैन्। यति सम्मकी मेरो दियोले पनी। शिष्य सधै सदगुरुको मुख्य सन्देशबाट बन्चित भै हाल्छ। जब बुद्ध अन्तिम समयमा जीवनबाट विदा लि राख्नु भएको थियो। त्यतिबेला अधिकाशं भिक्षुँ दुखी थियो र जसले बुद्धको जीवन कालमा नैं आफू भित्रको दियो जलाई सकेका थिए । त्यसले हर्षेलास पूर्वक खुसी-खुसी आनन्द भाँवले भगवानलाई विदा गरी रहेका थिए।

भगवान गौतम बुद्धकी आखरी बहुमुल्य बचन हैं। संघम शरणम गच्छामि; बुद्धत्व प्राप्त व्यक्तीहरु सँग हुनु हो। एक पल्ट कुनै भिक्षुले बुद्ध सँग सोध्नुभो ? भगवन हामी कस्तो व्यक्ती सँग सँगत गर्ने ? बुद्धले भन्नु भयो, "तिमी सधै आफू भन्दा माथीको प्रज्ञावान मानिसहरु सँग बस्ने कोशिश गर ।" त्यस पछी भिक्षुँले सोध्यो, "यदी आफू भन्दा माथीको प्रज्ञावान व्यक्ती मिले न भन्ने ?" भगवानले भन्नु भो, "कम से कम आफू सरको साधक सँग" अन्तिममा भिक्षुँले सोध्यो, "भगवान आपनो समान साधक पनी मिलेन भन्ने ?" भगवानले भन्नु भयो, "जगंलमा पागल जस्तै एकलै भौतारिनु तर आफू भन्दा कम स्तरको मानिस सँग कदापी पनी संगत नगर्नु ।" संघम शरणम गच्छामिको अर्थ एउटा अरु ढँगबाट बुझ्ने कोशिश गरौ । कुनै पनी काम एक्कलै गर्नु भन्दा समूहमा गर्दा उपलब्धि धेरै सहज र सरल हुन जान्छ । किनभने सबै मानिसको यात्रा एउटै दिशामा हुने भएकोले, कमजोर मानिसको यात्रा पनी सफल भै हाल्छ। जबकी केही व्यक्तीकोलागी एकलै यात्रा गर्नु मुश्किल मात्र होइन असम्भव पनी हो । जसरी केही २५-३० जनाको समूहमा नदी पार गर्दा एक दुई जना कम पौडी खेल्ने मान्छे पनी सबैको साथले नदी पार भै हाल्छ। दोस्रो कुरा; हामी जस्तो मानिसहरुको बेचमा बस्छौ, त्यस किसिमका उर्जा हाम्रो चारै तिर तरङ्गित भै रहन्छ। जती पनी कामुक अशान्त मानिसहरु; मन्दिर, मस्जिदमा जादा खेरी केही समयकोलागी शान्ती महसूस गरी रहेको हुन्छ। यसै प्रकार जती पनी ब्रहमर्चय साधक होस । गदी बेश्यालय र मदिरालय को नजिकबाट गुर्जिदा केही समयको लागी आफूलाई कामुक महसूश गर्दछन् । यसैलाई आध्यात्मिक भाषामा आभामंडल (औरा) भन्छन्। यसैले बुद्ध आफ्नो दस हजार भिक्षुहरु सँग साथ-साथै यात्रा गर्नु हुन्थ्यो। जब बुद्ध दश हजार भिक्षुहरु सँग एकै पल्ट कुनै गाउँबाट गुजरनु हुन्थ्यो । त्यती वेला त्यस गाउँका साथै आसपासको स्थानहरुको बातावरण बदलेर शान्तिको लहर छाई हाल्थ्यो ।

अन्तः यहाँहरुले यति सम्म पढेर मलाई साथ दिनु भएकोमा धेरै-धेरै धन्यवाद । यहाँहरु लाई मेरो तर्फबाट बुद्ध पूर्णिमाको मंगलमय शुभकामना छ। म ईश्वर सँग प्राथना गर्दछु की यहाँहरुलाई जीवनको बुद्ध को जीवन रुपान्तरण मन्त्र; बुद्धम शरणम गच्छामि, धम्मम शरणम गच्छामि, संघम शरणम गच्छामि को शोभाग्य मिलोस र यही जीवनमा "अप्प दिपो भवः" बन्ने अवसर प्राप्त होस । धन्यवाद ! मेरे नमस्कार स्वीकार गर्नु होला ।

***नोटः लेखक "जिवन दर्शन" आध्यात्मिक जन-जागरण अभियानका आध्यात्मिक अभियन्ता हुन ।***
***श्रोत : E-mail: info@sharvankumar.com***

# विकल्प छैन, गर या मर !

प्रेमबहादुर सिंह

काठमाण्डु । देश कोरोना चुनौतीसँगजुझिरहेकोबेलाअचानक आएको अध्यादेश प्रकरणले शान्त रहेको राजनीतिक वातावरण यसरी तरङ्गित बन्यो कि सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) फुटको सङ्घारमै पुगेको छनक दियो भने प्रमुख प्रतिपक्ष नेपाली काँग्रेस लगायतका राजनीतिक दलहरूबाट अध्यादेशविरुद्ध एकताबद्ध भएर सहकार्य गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त हुनाका साथै लामो समयदेखि एकता प्रकृयामा रहेका सङ्घीय समाजवादी पार्टी नेपाल र राजपा नेपाल रातारात एकता गर्ने सैद्धान्तिक सहमतिमा पुगे । लकडाउनका कारण घरमा थन्किएका नेता-कार्यकर्ता, नागरिक समाज, सामाजिक अभियानकर्मी लगायत सम्पूर्ण जनसमुदाय र सञ्चार जगत् तरङ्गित र ध्रुवीकृत हुन पुगे । फलतः कोरोनाविरुद्धको लडाइँबाट ध्यान विकेन्द्रित भई मुलुक सङ्कटमा पर्ने त होइन ? भन्ने गम्भीर आशङ्का उत्पन्न भयो । नेपालमा घटेको यो घटनाले नेपाली समाज मात्र तरङ्गित भएन, अन्तर्राष्ट्रिय जगत् विशेषतः छिमेकी मुलुकको चासो र चिन्ता प्रकट हुन पुग्यो ।

चौतर्फी विरोधको घेरामा रहेका २०७७ वैशाख ८ गते जारी दुई अध्यादेश वैशाख १२ गते राष्ट्रपतिद्वारा खारेज भए पश्चात् पनि नेकपाभित्रको भुसको आगो झै सल्किएको विवाद मत्थर हुनुको सट्टा प्रधानमन्त्री केपी शर्मा ओलीलाई पार्टी अध्यक्ष र प्रधानमन्त्री पदबाट राजीनामा माग्ने तहसम्म पुग्यो । विसं २०७७ वैशाख ८ गतेदेखि प्रारम्भ भएको नेकपाभित्रको विवादबीच २०७७ वैशाख २० गते भएको नेकपाको सचिवालय बैठकमा प्रधानमन्त्री ओली र पार्टी अध्यक्ष क. पुष्पकमल दाहाल प्रचण्डले आ-आफ्ना तर्फबाट भएका कमीकमजोरीहरूप्रति आत्मालोचना गर्दै अब उप्रान्त यस्ता कमीकमजोरी हुन नदिने र पार्टी एकतालाई सुदृढ गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएपछि हाललाई अस्थायी युद्धविराम भई पार्टी विभाजनको खड्को आंशिकरूपमा टरेको छ ।

नेपालको इतिहासमा दरबारभित्रको कलह, राणा परिवारभित्रको कलह र २००७ सालको क्रान्ति पश्चात् पार्टीभित्रको कलहले ठूल्ठूला घटनाहरू निम्त्याएका र त्यसले समग्र नेपालको इतिहासलाई प्रभावित पारेको इतिहास सबैलाई अवगत नै छ । सात सालको क्रान्तिलगायत आजसम्मको इतिहास हेर्दा विभिन्न कालखण्डमा विभिन्न राजनीतिक दलले खेलेको भूमिका आ-आफ्नो ठाउँमा छँदैछ, सात सालको क्रान्तिदेखि आजसम्मका हरेक घटनाक्रममा नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीले निरन्तर रूपमा उल्लेखनीय भूमिका निर्वाह गरेको गौरवपूर्ण इतिहास एकातिर रहेको छ भने अर्कोतर्फ नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीले आन्तरिक कलह र विभाजनको तीतो अनुभव व्यहोर्दै आएको छ ।

सात सालको क्रान्तिपछि गठन भएको अन्तरिम सरकार र तत्पश्चात् गठन भएका सरकारहरूमा नेपाली काँग्रेसभित्रको अन्तर कलहले उब्जाएको असहज परिस्थितिबारे सबैलाई अवगत नै छ । विसं २०१५ मा नेपालमा सम्पन्न भएको पहिलो संसदीय आमनिर्वाचनमा नेपाली काँग्रेसले दुई तिहाई बहुमत प्राप्त गऱ्यो र वी पी कोइरालाको नेतृत्वमा प्रथम जननिर्वाचित सरकार गठन भयो । राजा महेन्द्रको महत्वाकाँक्षाका कारण छोटो अवधि मै जननिर्वाचित सरकार सैनिक कूद्वारा अपदस्त भई सात

> सरकार गठन भएको दुई वर्षमा सरकारले अघि सारेको नीति तथा कार्यक्रम र सरकारको कार्यशैलीले जनताको अपेक्षा पूरा गर्न सकेको छ वा छैन, त्यो प्रस्ट देखिन बाँकी नै छ । कोरोनाको चुनौतीको सफलपूर्वक सामना गर्ने, जनतामा आशा र कार्यकर्तामा उत्साह सञ्चार गर्ने नीति तथा कार्यक्रम ल्याउने र आमजनताले अनुभूत गर्ने गरी सरकारको कार्यशैलीमा परिवर्तन गर्नेतर्फ ध्यान दिनुका बदला पार्टी एकीकरणको प्रकृया नै टुङ्गो लाग्न बाँकी रहेको अवस्थामा गुटबन्दी र सरकार परिवर्तनको खेलमा लाग्ने हो भने इतिहासले सुम्पेको जिम्मेवारी र जनताको अपेक्षा पूरा हुन सक्दैन ।

सालको क्रान्तिमा नेपाली जनताले प्राप्त गरेको राजनीतिक स्वतन्त्रता खोसिन गई मुलुक एकदलीय निरङ्कुशतातर्फ धकेलिन पुग्यो । लामो समयको कष्टपूर्ण सङ्घर्ष पछि २०४६ सालको जनआन्दोलन पश्चात् देशमा राजनीतिक स्वतन्त्रतासहितको बहुदलीय संसदीय व्यवस्था पुनर्स्थापित भयो । बहुदलीय संसदीय व्यवस्था पुनर्स्थापना भएपछिको पहिलो आमनिर्वाचनमा नेपाली काँग्रेसले बहुमत प्राप्त गरी गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार बन्यो तर, आफ्नै आन्तरिक कलहका कारण पाँच वर्षको कार्यकाल पूरा गर्न नपाई सरकारबाट बाहिरिन पुग्यो । विसं २०५१ मा भएको मध्यावधि निर्वाचनमा कसैको पनि बहुमत नभई नेकपा (एमाले) सबैभन्दा ठूलो पार्टीका रूपमा उदय भएपछि क. मनमोहन अधिकारीको नेतृत्वमा नेपालको इतिहासमा अल्पमतको कम्युनिष्ट सरकार बन्यो। मनमोहन नेतृत्वको सरकारले गरेका लोकप्रिय कामहरूबाट अत्तालिएको कम्युनिष्ट इतरको गठबन्धनका कारण सात महिनाको छोटो समयमै मनमोहन नेतृत्वको सरकार सत्ताबाट बाहिरिन पुग्यो । विसं २०५६ को आमनिर्वाचनमा पुनः नेपाली काँग्रेसले तेस्रो पटक बहुमत प्राप्त गऱ्यो र सन्त नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा सरकार गठन भयो । आन्तरिक कलहका कारण भट्टराईले राजीनामा गर्नुपऱ्यो । तत्पश्चात् नेपाली काँग्रेसमा देखापरेको चर्को अन्तर कलहका कारण पार्टी विभाजन हुन गई संसद विघटन, राजा ज्ञानेन्द्रबाट प्रधानमन्त्री शेरबहादुर देउवालाई बर्खास्तगी गरेको लगायतका घटनाहरू सबैलाई अवगत नै छ । नेपाली काँग्रेस प्रतिपक्षमा सीमित हुँदा पनि आन्तरिक कलहबाट मुक्त हुन सकेको देखिँदैन ।

अनेकौं टूटफूटको शृङ्खला व्यहोर्दै आएको नेपालको कम्युनिष्ट आन्दोलन २०४६ सालको जनआन्दोलनमा वाम गठबन्धनको रूपमा अस्तित्वमा आयो । गठबन्धन उक्त आन्दोलनमा सहभागी भई आन्दोलन सफल गर्न उल्लेखनीय योगदान पुऱ्याएको भए पनि कुनै पनि निर्वाचनमा वाम एकता वा वाम गठबन्धन निर्माण गरी निर्वाचनमा सहभागी हुन सफल नभएका कारण जनमत कम्युनिष्टको पक्षमा भए पनि कम्युनिष्टहरू निर्वाचनमा पराजय व्यहोर्दै आएको नेपालको निर्वाचनको इतिहास हेर्दा प्रस्ट हुन्छ । विसं २०७४ मा घोषणा भएको महानिर्वाचनमा पनि वाम एकता वा वाम गठबन्धन हुन सकेन । विसं २०७४ मा भएको स्थानीय तहको निर्वाचनमा सबैभन्दा ठूला कम्युनिष्ट घटकका रूपमा रहेका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) अलग अलग निर्वाचन लडेका थिए । तत्कालीन माओवादी केन्द्रका अध्यक्ष क. प्रचण्डले नेकाँसँगको गठबन्धनमा सरकार नेतृत्व गरिरहनुभएको थियो भने एमाले सरकार बाहिर रहेर निर्वाचन लडिरहेको थियो । स्थानीय तहका ४६० वटा गाउँपालिका, २७६ वटा नगरपालिका, ११ वटा उपमहानगरपालिका, छ वटा महानगरपालिका र ७७ वटा जिल्ला समन्वय समितिको निर्वाचनमा एमालेले स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षको एक हजार ५०६ सीटमध्ये ५५२ सीट (४१.५ प्रतिशत) र जिससको प्रमुख/उपप्रमुखको १५४ सीटमध्ये ७७ सीट (५० प्रतिशत) मा विजय हासिल गरी सबैभन्दा ठूलो पार्टी बन्यो । नेपाली काँग्रेसले स्थानीय तहमा ४५९ सीट (३०.४७ प्रतिशत) र जिससमा ३६ सीट (२३.३७ प्रतिशत) सीट जितेर दोस्रो स्थान पायो भने नेकपा माओवादी केन्द्रले स्थानीय तहमा २१७ सीट (१४.४ प्रतिशत) र जिससमा २५ सीट (१६.२३ प्रतिशत) जितेर तेस्रो पार्टी बनेको थियो ।

विगतका निर्वाचनको परिणाम र स्थानीय तहको निर्वाचनको परिणामलाई ध्यानमा राखी आम नेता-कार्यकर्ता, शुभेच्छुक र मतदाताको सुझाव र व्यापक दवावका कारण एमाले र माओवादी केन्द्रबीच प्रदेश सभा, प्रतिनिधि सभा, राष्ट्रिय सभा र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनमा वाम गठबन्धन कायम गरी निर्वाचनमा जाने ऐतिहासिक निर्णय २०७४ असोज १७ गते भयो । समाजवादी जनता पार्टी, जनजागरण पार्टी नेपाल, नेपाल परिवार दल, मधेश समता पार्टी नेपाल, चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल लगायतले वाम गठबन्धनको पक्षमा निर्वाचनमा जाने निर्णय गरी वाम गठबन्धनको पक्षमा निर्वाचन अभियान सञ्चालन गरेको फलस्वरुप वाम गठबन्धनको पक्षमा करीव दुइ तिहाईको बहुमत प्राप्त भई एमालेका अध्यक्ष क. केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएको हो । तत्पश्चात् एमाले र माओवादी केन्द्रबीच पार्टी एकीकरण भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएपछि हाल देशमा नेकपाको एकमना सरकार छ । नेकपालाई प्राप्त करीव दुई तिहाईको जनादेश नेकपा एक्लैको बलबुताबाट मात्र प्राप्त भएको होइन, यसमा वाम एकता कायम गर्न र करीव दुई तिहाईको बहुमत प्राप्त गर्न माथि उल्लिखित दल तथा दलका नेता-कार्यकर्ताहरूको महत्वपूर्ण योगदान रहेको छ ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता-कार्यकर्ताहरूका लागि यत्रो ठूलो जनादेश प्राप्त हुनु ठूलो अवसर र चुनौती दुवै हो । तीनै तहमा प्रचण्ड बहुमत प्राप्त सरकारहरूलाई देश र जनताको पक्षमा इमान्दारीपूर्वक काम गरी विद्यमान गरीबी, अशिक्षा र बेरोगारी हटाई देशमा शान्ति र सुशासन कायम गरी विकास र समृद्धि हासिल गर्ने ऐतिहासिक अवसर प्राप्त भएको छ । सरकार गठन भएको दुई वर्षमा सरकारले अघि सारेको नीति तथा कार्यक्रम र सरकारको कार्यशैलीले जनताको अपेक्षा पूरा गर्न सकेको छ वा छैन, त्यो प्रस्ट देखिन बाँकी नै छ । कोरोनाको चुनौतीको सफलपूर्वक सामना गर्ने, जनतामा आशा र कार्यकर्तामा उत्साह सञ्चार गर्ने नीति तथा कार्यक्रम ल्याउने र आमजनताले अनुभूत गर्ने गरी सरकारको कार्यशैलीमा परिवर्तन गर्नेतर्फ ध्यान दिनुका बदला पार्टी एकीकरणको प्रकृया नै टुङ्गो लाग्न बाँकी रहेको अवस्थामा गुटबन्दी र सरकार परिवर्तनको खेलमा लाग्ने हो भने इतिहासले सुम्पेको जिम्मेवारी र जनताको अपेक्षा पूरा हुन सक्दैन । अहिले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अगाडि धेरै विकल्पहरू छैनन् । इतिहासबाट पाठ सिकेर पार्टीलाई विधिसम्मत र सरकारलाई जनेच्छा अनुकूल सञ्चालन गरेर विकास र समृद्धि हासिल गरी जनचाहना पूरा गर्ने ऐतिहासिक अवसर छ ।

इतिहासमा अवसरहरू बारम्बार आउँदैनन्, एक पटक मात्र आउँछ । इमान्दारिपूर्वक दऱ्हो इच्छाशक्तिका साथ प्राप्त अवसरको सदुपयोग गर्नु नै उपयुक्त विकल्प हो । संसारमा जीवन या मृत्यु दुई वटा मात्र मार्ग छन् । कर्मण्यतापूर्वक गरिने कार्यले जीवनको मार्ग प्रशस्त हुन्छ भने अकर्मण्यताले मृत्युको यात्रा शुरु हुन्छ । कर्मण्यताको बाटो हिँड्न सकिएन भने अकर्मण्यताले मृत्युवरण गर्नु बाहेक अर्को विकल्प हुँदैन । त्यसैले प्रिय मित्रहरू ! इतिहास क्रुर छ, प्राप्त अवसरलाई सदुपयोग गरी इतिहास निर्माणको बाटोमा अघि बढौं ! अन्यथा मृत्युवरण गर्नुको विकल्पै छैन । सबैलाई चेतना भया.......

*(लेखक पूर्वमन्त्री हुनुहुन्छ ।)*

## भारतीय पक्षद्वारा माफी

भद्रपुर । झापास्थित नेपाली सीमा सुरक्षा चौकीमा सोमबार अपराह्न भएको आक्रमणको प्रयासका विषयमा भारतीय पक्षले मङ्गलबार माफी मागेको छ ।

झापा गाउँपालिका-४ सुकुम्वासी बस्तीमा १५० को सङ्ख्यामा घरेलु हतियारसहित आएका भारतीय नागरिकले १३१ नं सीमास्तम्भ नजिकको सुरक्षा चौकीमा हुलहुज्जत गरेपछि उनीहरूलाई भगाउन नेपाली सुरक्षाकर्मीले दुई राउण्ड हवाईफायर गर्नुपरेको थियो ।

सोही विषयमा मङ्गलबार दिउँसो घटनास्थलमा दुवै देशका नागरिक समाज, जनप्रतिनिधि र सुरक्षा निकायबीच छलफल हुँदा भारतीय पक्षले आफ्नो गल्ती स्वीकार गर्दै संलग्नमाथि भारतीय प्रशासनद्वारा कानूनी कारवाही गरिने सहमति भएको नेपाल रेडक्रस सोसाइटी झापाका अध्यक्ष लोकराज ढकालले बताउनुभयो ।

"भारतीय सीमा सुरक्षा बल, सीमावर्ती भारतीय ग्रामपञ्चायतका जनप्रतिनिधि र स्थानीय गाउँलेहरू छलफलमा आएका थिए", ढकालले सहमतिका बारेमा जानकारी दिँदै भन्नुभयो, "हवाईफायर गर्नुपर्ने अवस्था सिर्जना भएकामा भारतीय पक्ष दोषी भएको हामीले बतायौँ, उहाँहरूले गल्ती स्वीकार्दै क्षमा माग्नुभयो ।"

जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेलले छलफलमा सीमाको सुरक्षा संवेदनशीलता नबुझी हुलहुज्जत हुनु भारतीय पक्षको गम्भीर कमजोरी भएको निष्कर्ष निकाल्दै कोभिड-१९ सङ्क्रमण रोक्न सीमा क्षेत्रबाट आवतजावत हुन नदिने दुवै देशले यसअघि गरेको प्रतिबद्धतालाई कडाइका साथ पालना गर्ने सहमति भएको जानकारी दिनुभयो ।

**सङ्क्रमण देखिए पत्रकारलाई एक लाख**

झापाको बिर्तामोडबाट सञ्चालित साझामञ्च डटकममा कार्यरत पत्रकार तथा कर्मचारीको रु एक लाखको कोरोना बीमा गरिएको छ । मिडिया प्रालिका अध्यक्ष एवं प्रदेश सांसद एकराज कार्कीले वैशाख २३ गतेबाट एक वर्षसम्म लागू हुनेगरी कार्यरत कुनै पत्रकार वा कर्मचारीलाई कोरोनाको पिसीआर परीक्षणमा पोजेटिभ देखिए बीमावापत प्रतिव्यक्ति रु एक लाख भुक्तानी दिइने बताउनुभयो ।

सम्पादक गोपाल काफ्लेले एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड दमक शाखाबाट १० पत्रकार तथा कर्मचारीको बीमा गरिएको जानकारी दिनुभयो ।रासस

# प्रदेश नं १ का छ सङ्क्रमित घर फिर्ता



विराटनगर । कोरोना सङ्क्रमितहरू उपचारपछि निको भएर घर फर्कन पाएकामा खुशी देखिन्थे । उपचार गराइरहेका ३१ मध्ये छ बुधबार निको भइ घर फर्केका छन् । उपचारमा खटिएका सबैको व्यवहारबाट प्रशन्नता व्यक्त गर्दै उनीहरूले नेपाल र नेपालीलाई सलाम गरेका छन् । उपचारमा रहेका अन्य सङ्क्रमित पनि उपचारको राम्रो प्रबन्ध एवं व्यवस्थापन कारण आफूहरू पनि छिट्टै निको हुने आशामा छन् ।

धार्मिककार्य गर्न भारतबाट १३ जनाको जमात (समूह) बनाएर आएका ती जमाती (समूह सदस्य)लाई कोरोनाको सङ्क्रमण देखिएपछि प्रदेश सरकारले विशेष सुरक्षासहित कोशी अस्पताल (कोभिड-१९) उपचार केन्द्र विराटनगरमा ल्याएको थियो । उनीहरूलाई वैशाख ५ र ६ गते उदयपुर जिल्लाको भुल्केबाट ल्याइएको थियो ।

प्रदेश नं १ मा पहिलोपटक यति धेरै सङ्ख्यामा कोराना सङ्कमित देखिएपछि प्रदेश सरकारले सङ्क्रमण बढ्न नदिन लकडाउनलाई निकै कडा बनाएको छ । एकबाट अनेकमा सर्ने यो रोगबाट बच्न र बचाउन सामाजिक दूरी कायम गर्नु नै सबैभन्दा राम्रो उपाय हो ।

यी जमातीहरू विसं २०७६ मङ्सिर २६ गते दिल्लीको धार्मिक केन्द्र (मर्कज) बाट भारतको जोगबनी हुँदै नेपालको विभिन्न भाग घुम्दै उदयपुरको भुल्के पुगेको थिए । सङ्क्रमितमध्येका छ जनाको तीन चरणको थ्रोट स्वाब परीक्षण (पिसीआर) गर्दा नेगेटिभ रिपोर्ट आएको अस्पतालले पुष्टि गरेपछि घर पठाइएको अस्पताल प्रशासनले जनाएको छ । उनीहरू सबै भारतीय नागरिक हुन् ।

घर फर्कनेहरूमा ३० वर्षीय अनुस जैदी, २९ वर्षीय मोहम्मद अजिज, २८ वर्षीय मोहम्मद जावेद, २१ वर्षीय मोहम्मद अहमद साहेव, ३४ वर्षीय मोहम्मद अजिरवान र २६ वर्षीय मोहम्मद रासिद छन् ।

डिस्चार्ज भएका सबै स्वस्थ देखिने र घर जान पाउने आशामा केन्द्रित जमाती अहिले व्रतमा छन् । एक महिना लगातार रोजा व्रत बस्ने मुस्लिमहरूको आज १२औं रोजा हो भने रोजा बस्ने रोजदार रमजान महिनाको दोस्रो असरामा प्रवेश गरेका छन् । उनीहरूलाई विराटनगर-१५ स्थित मर्कज (पूर्वी आठ जिल्लाको मुस्लिमको केन्द्र) मा १४ दिन आइसोलेसनमा राखिने र पुनः स्वाब परीक्षण गरिने व्यवस्था मिलाइएको छ ।

सो अवसरमा घर जान लागेका अनुस जैदीले केन्द्रको उपचार कार्यमा राम्रो सेवा र सहयोगको भावना पाएको बताए । अहिले कुनै असजिलो अनुभव नभएको उनले उल्लेख गरे । उनले बन्दाबन्दी खुलेपछि नेपाल सरकारको निर्णयको आधारमा स्वदेश फर्कने जानकारी दिए ।

प्रदेश नं १ सामाजिक विकासमन्त्री जीवन घिमिरेले स्वास्थ्यसेवानिर्देशनालय,मन्त्रालय, अस्पतालको संयुक्त कार्यको सफलतास्वरुप आज पहिलो चरणमा सङ्क्रमित निको भइ निस्कने लागेकामा खुशी व्यक्त गरे । उनले भने- यो प्रदेश सरकारको कोरोना उपचारमा ठूलो सफलता हो । मन्त्री घिमिरेले प्रदेशमा रहेका तीन पिसीआर परीक्षणका लागि तीन हजार र १४ जिल्लामा द्रुत परीक्षणका किट (आरडिटी) लागि सात हजार व्यवस्था गरिएको बताए ।

कोशी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सङ्गीता मिश्राले निको भएर घर जान लागेका पूर्व सङ्क्रमितले केन्द्रमा रहँदा सहयोगी रहेको बताउँदै केन्द्रमा रहेका अन्यको आगामी हप्ता स्वाब परीक्षण गर्ने जानकारी दिए । केन्द्रका व्यवस्थापक ज्ञानबहादुर बस्नेतले केन्द्रका स्वास्थ्य उपचार सामग्रीको कुनै अभाव नरहेको बताए । अहिले केन्द्रमा २५ जना उपचारमा छन् ।रासस

# बन्दाबन्दीमा पत्रकारदेखि सेना प्रहरीसमेतको पोशाक दुरुपयोग

भक्तपुर । देश बन्दाबन्दी छ । अत्यावश्यकबाहेकका सम्पूर्ण सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाइएको छ तर पनि सडकमा दुई र चारपाङ्ग्रे सवारी साधन निर्बाध गुडिरहेका देखिन्छन् । कोभिड-१९ अर्थात् कोरोना भाइरसको सङ्क्रमण रोक्न सरकारले वैशाख २५ गतेसम्म जारी गरेको बन्दाबन्दीको समयमा व्यापकरूपमा सवारी साधनमा म्याद गुज्रेका सवारी पास र विभिन्न निकायको पोशाकको व्यापक दुरुपयोग भएको पाइएको छ ।

सवारी पास लिएका चारपाङ्ग्रे सवारी साधनको अगाडि सिसामा टाँसेको पास टाढैबाट देखेपछि रोकेर त्यसको म्यादसम्म नहेरी प्रहरीले पठाउने गरेपछि म्याद गुज्रेका पासको दुरुपयोग गर्दै गाडी गुड्ने गरेका छन् । बुधबार बिहान ९ बजे जडीबुटी र लोकन्थलीको सिमानामा रहेको मनोहरा खोला पुलमा नेपाल रेडक्रस सोसाइटीले सवारी साधनमा किटनाशक औषधि छर्कने लाइन छिचोल्दै प्रेस ज्योकेट लगाएका व्यक्ति सवार ट्याक्सी आयो । पछाडि सिटमा महिला पुरुष गरी चारजना थिए ।

प्रहरी हवल्दारले निकै केरकार गर्दा पनि प्रेसको ज्याकेट र कार्ड देखाउँदै अगाडि बढ्यो । रिसाउँदै हवल्दारले भने, "सरकारले लगाएको नियम पनि यी प्रेसलाई नलाग्ने रैछ, खै कुन युट्युव च्यानलको पत्रकार रे, बनेपा जान लागेको भनेर थर्काएर गयो, हैन यिनलाई कानून लाग्दैन कि क्याहो ?"

डिच्युटीमा खटिएका अर्का प्रहरी कराउँदै थिए, "कसैलाई छोड्यो भने पनि पहुँचवालालाई छाड्यो भनेर समाचार लेख्छन्, रोक्न खोजे पनि प्रेसलाई रोक्यो भन्छन्, हामीलाई जसरी पनि सुख छैन ।" आधाघण्टाको अवधिमा पहेँलो ज्याकेट लगाएका ११ वटा मोटरसाइकल गए । सशस्त्र प्रहरीका प्रहरी सहायक निरीक्षक (असई)ले भन्नुभयो, "हैन, पत्रकार पनि घरमै बसेर काम गर्छन् भन्या हैन, यो सडकमा आधा त पहेँलो ज्याकेट लगाएका मात्रै कुद्छन्, के हो ?" रासस

# सञ्चार जगत्को भूमिका अविस्मरणीय : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको लोकतान्त्रिक आन्दोलनमा सञ्चार जगत्ले निर्वाह गरेको भूमिका अविस्मरणीय रहेको बताउनुभएको छ ।

प्रधानमन्त्री ओलीले पाँचौं राष्ट्रिय पत्रकारिता दिवस तथा गोरखापत्रको १२० वर्ष प्रवेशको सन्दर्भमा शुभकामना दिँदै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सामाजिक जीवनको प्राणवायु भएको उल्लेख गर्दै पत्रकारको पेसागत हकहित र स्वतन्त्रताको रक्षाका लागि सरकार साथमा रहेको स्पष्ट पार्नुभएको छ ।

प्रधानमन्त्री ओलीले लकडाउनको कठिन परिस्थितिमा पत्रकार एवं सञ्चारकर्मीले गरिरहेको कार्यसम्पादनप्रति सम्मान पनि व्यक्त गर्नुभयो । "प्रेस स्वतन्त्रताप्रति हाम्रो प्रतिबद्धता र अविचलित निष्ठा रहेको छ । प्रेस स्वतन्त्रता, लोकतन्त्र र राष्ट्रियताको संरक्षण, सामाजिक न्याय र समानताको प्रत्याभूति गर्दै शान्ति र स्थायित्वको प्रवर्द्धन तथा मानवअधिकारसम्बन्धी सरोकारलाई प्राथमिकतामा राखेर विकास र निर्माणमा सरकार अग्रसर रहेको छ", सन्देशमा भनिएको छ, "परम्परागत र नयाँ विद्युतीय आमसञ्चारमाध्यमदेखि सामाजिक सञ्जालसम्म आधारहीन सामग्री सम्प्रेषण हुन नदिन सबैभन्दा पहिले पत्रकार एवं सञ्चारकर्मी नै सजग हुनुपर्छ ।"

नीतिगत स्पष्टतासाथ सुशासन र दिगो विकासको बाटोमा सरकारका काम अगाडि बढिरहेको जनाउँदै उहाँले सरकारका हरेक कदम राष्ट्रको समृद्धि र जनताको सुखतर्फ अभिमुख भएको र नागरिकमा सत्य, तथ्य, निष्पक्ष र सन्तुलित सूचना प्रवाह गर्ने संवैधानिक अभिप्रायबाट प्रेसले सम्मानित र शक्तिशाली स्थान प्राप्त गरेको पनि जनाउनुभयो । प्रेस स्वतन्त्रताको उपयोग गर्दा सत्य, तथ्य, विश्वसनीय र भरपर्दो सूचना पाउने नागरिकको नैसर्गिक अधिकारको सम्मान हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभएको छ ।

संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिएको सन्दर्भमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको दुरुपयोग गर्ने प्रवृत्ति समाजमा बढिरहेको जनाउँदै प्रधानमन्त्री ओलीले सामाजिक उत्तरदायित्व वहन गर्दै संविधानप्रदत्त हक-अधिकार उपयोग गर्न राष्ट्रिय पत्रकारिता दिवसले थप प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । सरकारको निर्णयसँगै पाँच वर्षअघिदेखि आजको दिनलाई राष्ट्रिय पत्रकारिता दिवस मनाइँदै आएको छ । यसैगरी दिवसका अवसरमा शुभकामना दिँदै सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सूचना प्रवाहमा स्थापित अन्तर्राष्ट्रिय मूल्य, मान्यता र प्रचलन तथा नेपालको संविधानले प्रत्याभूत गरेको सूचना र सञ्चारसम्बन्धी मौलिक हकको कार्यान्वयनमा सरकार प्रतिबद्ध रहेको विश्वास दिलाउनुभएको छ ।

लोकतान्त्रिक राज्य व्यवस्था कायम गर्न/गराउन पत्रकारिता क्षेत्रले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै उहाँले सूचना प्रवाहमा निष्पक्ष, सन्तुलित, व्यावसायिक, जिम्मेवार र उत्तरदायी भइ भूमिका निर्वाह गर्न पत्रकार तथा आमसञ्चार जगत्ले महत्वपूर्ण योगदान पुऱ्याउनेमा आफू पूर्ण विश्वस्त रहेको जनाउनुभएको छ ।

सत्य, निष्पक्ष एवं विश्वसनीय पत्रकारिताबाटै यस क्षेत्रको गरिमा वृद्धि भइ देशले भोग्नुपरेका चुनौती तथा तिनीहरूको समाधानको विषयलाई उजागर गर्दै सामाजिक क्षेत्रमा समेत यसले उल्लेख्य योगदान गर्न सक्छ भन्दै उहाँले सूचना प्रवाहको माध्यमले राष्ट्र निर्माणमा अतुलनीय योगदान गर्न सक्ने तथ्यलाई मनन गरी निरन्तर सूचना, विश्लेषण तथा अभिव्यक्तिका माध्यमबाट आफ्नो पेशागत दायित्व निर्वाह गर्न आजको दिनले सबै पत्रकार र आमसञ्चार क्षेत्रलाई प्रेरणा दिने अपेक्षा व्यक्त गर्नुभयो ।रासस


## कमला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
माची झिटकहिया, धनुषा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७७/०१/२५

यस कार्यालयबाट राष्ट्रीय देनिक पत्रिका जनकपुर टुडे पत्रिकामा मिति २०७६/१२/१८ गतेमा प्रकाशित शिलबन्दी बोलपत्र सूचना अनुसार रीत पूर्वक दर्ता भई मूल्याङ्कन समितिबाट देहायका ठेक्कामहरूमा देहाय अनुसारको बोलदाताहरूको बोलपत्र न्यूनतम मूल्याकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ एवं सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबेको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

तपसिल :

| क्र.सं. | बोलपत्र नं. | कामको नाम | बोलपत्रदाताको नाम | कबोल अङ्क (रु) मू.अ.क.सहित |
|---|---|---|---|---|
| १ | KM/Works/02/076-77 | मुजेलिया बाँध तटबन्ध निर्माण, कमला न.पा. १ | M/S Set Squire Construction, Rajbiraj-4, Saptari | २८,०८,५८३/४९ |
| २ | KM/Works/03/076-77 | लगमा बजारको नजिकको पोखरीको चारै डिलमा माटो पुर्ने र घाट निर्माण सहित सौन्दर्यीकरण गर्ने कार्य, कमला न.पा. ३ | M/S Set Squire Construction, Rajbiraj-4, Saptari | ४२,७४,५५१/७१ |

प्रमुख प्रशासकीय अधिकृत

# अमेरिकी न्यायाधीश जिन्स्बर्ग अस्पताल भर्ना



एएफपी

वासिङ्टन । अमेरिकी सर्वोच्च अदालतकी न्यायमूर्ति रूथ बडर जिन्स्बर्गलाई मंगलबार पित्ताशयमा पथरी (ढुंगा) देखिएपछि उपचारका लागि अस्पताल भर्ना गरिएको छ। तर उहाँले बुधबार टेलिफोनबाट अदालतको सुनुवाईमा भाग लिनु हुने सर्वोच्च अदालतले जनाएको छ।

८७ वर्षीया न्यायाधीश जिन्स्बर्गको बाल्टिमोरस्थित जोन्स हप्किन्स अस्पतालमा बिना शल्यत्रिक्रया पित्ताशयको पथरीको उपचार गरिएको अस्पतालले जनाएको छ । सर्वोच्च अदालतका अनुसार हाल अस्पतालमा आराम गरिरहनु भएकी जिन्स्बर्गलाई एक वा दुई दिनपछि डिस्चार्ज गरिने छ।

जिन्स्बर्गले सोमबार र मंगलबार टेलिफोन मार्फत अदालतको सुनुवाईमा भाग लिनु भएको थियो। उहाँको चार पटक क्यान्सर रोगको उपचार गरिएको छ । हालसाले गत अगस्टमा पेटको ट्युमरको लागि रेडिएसन गरिएको थियो।

विभिन्न रोगसँग लडिरहे पनि यी उदारवादी वयोवृद्ध न्यायाधीशले सन् १९९३ देखि अर्थात विगत २७ वर्षदेखि सर्वोच्च अदालतमा निरन्तर सेवा गरिरहनु भएको छ । उहाँलाई तत्कालीन राष्ट्रपति बिल क्लिन्टनले नियुक्त गर्नु भएको थियो । कोरोना महामारीका कारण अमेरिकी सर्वोच्च अदालतमा पनि हाल टेलिफोन मार्फत मुद्दाहरूको सुनुवाई हुने गरेको छ।

जिन्स्बर्गले आफूलाई स्वास्थ्य अवस्थाले साथ दिएमा ९० वर्षको उमेरसम्म सर्वोच्च अदालतमा सेवा गर्ने बताउनुभएको छ।

संयुक्तराज्य अमेरिकामा सर्वोच्च अदालतमा आजीवन न्यायाधीश हुन सक्ने संवैधानिक प्रावधान रहेको छ।

# जर्मनीमा पसलहरू र विद्यालयहरू खोल्ने तयारी

एएफपी

बर्लिन । कोरोनाभाइरसका कारण अस्तव्यस्त बनेको जनजीवनलाई सामान्य तुल्याउन जर्मनीमा यो महिनाभर विभिन्न कार्यहरू अघि बढाइने भएको छ । केही हप्तासम्म लकडाउन भएसँगै देशभरका व्यवसाय र विद्यालयहरू बन्द रहेका छन्।

सरकारले यसै महिनाभित्र पसल र विद्यालय खोल्ने कार्ययोजना तयार पारेको छ।

गत अप्रिल २० बाट गरिएको आंशिक लकडाउन निकै प्रभावकारी भएको र नयाँ संक्रमणका घटनाहरू निरन्तर घट्दै गएको भन्दै सरकारले तयार पारेको एक प्रतिवेदनमा अब देशका व्यवसाय र विद्यालयहरू खोल्ने रणनीति बनाइने उल्लेख छ।

परीक्षाको तयारीमा रहेका बालबालिकाका लागि विद्यालयहरू हाल संचालनमा आइसकेका छन्। तर शिशु कक्षा र प्राथमिक विद्यालयहरू अर्को हप्ताबाट खुल्नेछन्।

जर्मन चान्सलर एन्जेला मर्केल र जर्मनीका १६ वटा संघीय राज्यका प्रमुखहरूले बुधबार विद्यालय र व्यवसाय खोल्ने सम्बन्धी एक दस्तावेजमा हस्ताक्षर गर्ने कार्यक्रम राखिएको छ । विश्वविद्यालयहरू खोल्ने विषयमा भने सम्बन्धित राज्यले निर्णय गर्नेछन्।

सबैजसो राजनीतिज्ञहरूले सबैजसो पसल व्यवसाय खोल्न सकिने तर सरसफाइ, प्रवेश र सामाजिक दूरीजस्ता विषयलाई प्रमुख रूपमा ध्यान दिन आग्रह गरेका छन्।

हालसम्म पसलको जमिनको सतह ८०० वर्गमिटर (८ हजार ६०० वर्गफिट) सम्म रहेका पसलहरू मात्र खोल्न अनुमति दिइएको छ।

रेष्टुराँहरू आगामी मे ९ बाट खोल्न सकिने तर त्यसको निर्णय गर्ने अधिकार राज्यहरूलाई दिइएको छ।

# नियम पालना नगरेपछि ब्रिटेन सरकारका सल्लाहकारले दिए राजीनामा



बीबीसी

लण्डन । प्राध्यापक नील फर्गुसनले आफूबाट त्रुटिपूर्ण निर्णय भएको भन्दै ब्रिटिश सरकारको सल्लाहकार पदबाट राजीनामा दिएका छन्।

उनी कोरोनाभाइरस महामारी नियन्त्रणका लागि सरकारका सल्लाहकार थिए। उनकै सल्लाहमा ब्रिटेनको सरकारले लकडाउनको घोषणा गरेको थियो।

उनले व्यक्तिगत दूरी कायम गर्नुपर्ने नियम आफूले पालना नगरेकोमा दुरुख व्यक्त गरेका छन्। डेली टेलिग्राफले उनीसँग सम्बन्ध भएकी एक महिलाले लकडाउनको बेला फर्गुसनको घरमा गएको समाचार प्रकाशित गरेको थियो।

यूकेमा कोरोनाभाइरस रोकथामका लागि सशक्त कदम नचालिए दुई लाख ५० हजार जनाको ज्यान जाने प्राध्यापक फर्गुसनले प्रक्षेपण गरेका थिए । त्यसकै आधारमा ब्रिटेनका प्रधानमन्त्री बोरिस जोनसनले मार्च २३ मा विभिन्न प्रतिबन्धात्मक उपायहरू घोषणा गरेका थिए । सरकारले सर्वसाधारणलाई घरबाहिर यथासम्भव नजान भनेको थियो।

छुट्टाछुट्टै बसेका जोडीलाई पनि आआफ्ना घरमा बस्न भनिएको थियो। एउटा विज्ञप्तिमा प्राध्यापक फर्गुसनले भने, "निर्णय गर्दा त्रुटि भएको र अनुचित काम गरेको म स्वीकार्छु। त्यही भएर मैले सेज (सङ्कटकालीन अवस्थाबारे सुझाव दिने वैज्ञानिकहरूको सल्लाहकार समूह) बाट राजीनामा दिएको छु।" "परीक्षणमा कोरोनाभाइरस पुष्टि भएको तथा लक्षणहरू देखा परेको भन्दै दुई हप्ता म पूरै एकान्तवासमा बसेपछि आफू सुरक्षित छु भन्ने विश्वासमा मैले काम गरेँ।"

"निरन्तर सामाजिक दूरी कायम राख्नुपर्ने सन्देश पालना नगरेकोमा मलाई साह्रै पछुतो लागेको छ।"

उनले दूरीबारे सरकारले दिएका सुझाव 'सन्देहमुक्त' रहेको भन्दै त्यो सबैको सुरक्षाका लागि भएको उल्लेख गरे।

प्राध्यापक फर्गुसनबाट यस्तो प्रतिक्रिया आए पनि अझै पनि कोरोनाभाइरस सङ्क्रमणबाट मुक्त भएका व्यक्तिहरू भाइरसबाट सुरक्षित हुने वा फेरि सङ्क्रमित हुन्छन् कि हुँदैनन् भन्ने अझै स्पष्ट भइसकेको छैन।

बीबीसीका स्वास्थ्य संवाददाता फेर्गस वाल्शका अनुसार नील फर्गुसनलाई (सङ्क्रमणविरुद्धको) प्रतिरक्षाबारे विज्ञान अझै पनि विकासकै चरणमा रहेको थाहा हुनेछ र सरकारले सङ्क्रमण देखिएका व्यक्तिलाई सामान्य अवस्थामा जस्तो व्यवहार नगर्न सुझाव दिएको छैन।

बीबीसी संवाददाताले प्राध्यापक फर्गुसनको राजीनामा महत्त्वपूर्ण विषय भएको भन्दै उनलाई ब्रिटेनका प्रमुख स्वास्थ्य सल्लाहकार र प्रमुख वैज्ञानिक सल्लाहकार पछिका "सबैभन्दा प्रभावशाली वैज्ञानिक" भनेका छन् । बीबीसीका स्वास्थ्य तथा विज्ञान संवाददाता जेम्स ग्यालहर भन्छन्-प्राध्यापक फर्गुसन रोगको प्रभावको आकलन गर्ने विश्वकै सबैभन्दा प्रभावशाली वैज्ञानिक हुन्।

उनी इम्पीरीअल कलेज लन्डनसँग आबद्ध एमआरसी ग्लोबल इन्फेक्शस डिजीज एनलिसिसका निर्देशक हुन् । उक्त केन्द्रको गणितीय अध्ययनमा आधारित भविष्यवाणीले सरकार र विश्व स्वास्थ्य सङ्गठनलाई इबोलादेखि अहिलेको कोरोनाभाइरस महामारी नियन्त्रणका लागि सुझाव दिएको थियो । चिनियाँ अधिकारीहरूले केही दर्जन सङ्क्रमण भएको बताइरहँदा सयौंको संख्यामा वुहानमा मानिसहरू सङ्क्रमित भएको उक्त केन्द्रको अध्ययनले सङ्केत गरेको थियो । उनी सार्वजनिक वृत्तमा 'प्रोफेसर लकडाउन' भनेर चिनिँदै आएका थिए।

# दक्षिण अमेरिकामा १५ हजारभन्दा बढीको मृत्यु

एएफपी

मोन्टेभिडियो। दक्षिण अमेरिका र क्यारेबियन मुलुकहरूमा कोरोनाभाइरसबाट बुधबार बिहानसम्ममा १५ हजारभन्दा बढीको मृत्यु भएको छ।

आधिकारिक विवरणहरूमा यस क्षेत्रमा २ लाख ८२ हजारभन्दा बढी व्यक्ति कोरोना संक्रमित भएका छन्।

दक्षिण अमेरिकामा सबैभन्दा बढी व्यक्ति ब्राजिलमा ७ हजार ९२१ जनाको ज्यान गएको छ भने १ लाख १४ हजार ७१५ जना संक्रमित भएका छन्। यस्तै, मेक्सिकोमा २ हजार २७१ जना तथा इक्वेडरमा १ हजार ५६९ जनाको ज्यान गएको छ।

विज्ञहरूका अनुसार आउँदा दिनहरूमा दक्षिण अमेरिकामा महामारी अरु बढ्नेछ।

इक्वेडर, कोलम्बिया र डोमिनिकन रिपब्लिक लगायतका धेरै देशहरूले भाइरस फैलिनबाट रोकन आफ्नो लकडाउनका उपायहरू अबलम्बन गरिरहेका छन्। प्यान-अमेरिकन हेल्थ अर्गनाइजेसन (पीएएचओ) ले प्रतिबन्धहरू खुकुलो बनाउनेक्रममा यस क्षेत्रका सरकारहरू बढी नै सजग हुनुपर्ने बताएको छ। अर्गनाइजेसनले खासगरी ब्राजिल, इक्वेडर, पेरू, चिली र मेक्सिकोमा भाइरस सर्न सक्ने खतरा "धेरै उच्च" रहेको चेतावनी दिएको छ।

ब्राजिल यस क्षेत्रको पहिलो देश हो जहाँ कोरोनाभाइरस पहिलो पटक फेब्रुअरी २६ मा देखिएको थियो। कोरोना महामारीबाट सर्वाधिक प्रभाव परेको इटालीको लोम्बार्डी भ्रमण गरेका एक ६१ वर्षीय व्यक्तिमा कोरोना भेटिएको थियो।

अन्तर्राष्ट्रिय मुद्रा कोषले कोरोनाभाइस संकटकै कारण दक्षिण अमेरिकाको कुल गार्हस्थ्य उत्पादनमा ५.२ प्रतिशतले संकुचन हुने जनाएको छ।

कोरोनाभाइरसका कारण विश्वभर २ लाख ५८ हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ भने ३७ लाखभन्दा बढी संक्रमित छन्।

# पाँच वर्षे बालक गाडी चलाएपछि.....



बीबीसी

न्युयोर्क। अमेरिकाको यूटा राज्यमा खल्तीमा तीन डलर बोकेका बालकले आफू महँगो गाडी किन्न अर्को राज्यतिर जान लागेको प्रहरीलाई बताएका छन्।

धेरैजसो पाँच वर्षीय बालकहरू भान्छामा दूध पोखेर वा कुकुरको पुच्छर तानेर अभिभावकलाई तनाव दिन्छन्। तर पाँच वर्षीय एड्रीअनले परिवारको गाडी सडकमा निकाले र प्रहरीको नियन्त्रणमा पुगे।

राजमार्गमा ५० किलोमिटर प्रतिघण्टाको गतिमा गुडिरहेको गाडीले सडक अनुशासन पालना नगरेको देखेपछि प्रहरीले रोकेको थियो।

चालकले प्रहरीको निर्देशनअनुसार गाडी रोके। तर चालकको आसनमा एउटा बालकलाई देख्दा प्रहरीहरू छक्क परे। बालकले आफू महँगो ल्याम्बोर्गीनी गाडी किन्न हिँडेको बताए।

**आमाले नमानेपछि...**

ती बालकका अनुसार आफूले कम्तीमा एक लाख ८० हजार डलर पर्ने गाडी किनिदिन गरेको अनुरोध आमाले नमानेपछि रिसाएर उनी घर छोडेर हिँडेका थिए।

"उनले आफैँ गाडी किन्न उक्त गाडी चलाएर क्यालिफोर्नियातिर जाने निर्णय गरे," प्रहरीले ट्विटरमा लेखेको छ। तर उनीसँग गाडी किन्न पुग्ने पैसा भने चाहिँ थिएन।

"...किनभने उनको खल्तीमा तीन डलर मात्रै थियो।" एउटा भिडिओमा सो गाडी राजमार्गमा केही हल्लिएर अगाडि बढेको देखिन्छ। प्रहरीले चालकलाई केही समस्या होला भनेर रोकेको बताइएको छ।

**कस्तो मुद्दा लाग्ला ?**

प्रहरीले ती चालकलाई 'तिमी कति वर्षका भयौ?' भनेर सोधेको भिडिओमा सुन्न सकिन्छ । पाउदानसम्म खुट्टा पुर्‍याउन ती बालक सीटको छेउमा बसेको र आफ्नो घरबाट पाँच मिनेटको दूरीमा पुगेको प्रहरीको भनाइ छ।

सो घटनामा कसैलाई चोट नलागेको र स्थानीय अधिकारीले अभिभावकलाई कारबाहीका लागि मुद्दा लगाउने वा नलगाउने निर्णय गर्ने स्थानीय केएसएल टीभीले बताएको छ।

घटनाको बेला दुवै अभिभावक काममा रहेको र ती बालक दाजुको निगरानीमा छोडिएको बताइएको छ। घटनापछि प्रहरीले बालबालिकाका पहुँचमा गाडीको साँचो नराख्न आग्रह गरेको छ।

# बंगलादेशमा प्रतिबन्धित समूहका लडाकूहरू गिरफ्तार

एएफपी

ढाका। प्रहरीले बंगलादेशको राजधानी ढाकाबाट प्रतिबन्धित समूहमा आबद्ध १७ जना लडाकूलाई पक्राउ गरेको छ।

ढाका महानगरीय प्रहरीका उपआयुक्त मसुदुर रहमानले प्रहरीको प्रतिआतंकवाद इकाईले सोमबार राति ढाकाका विभिन्न स्थानमा छापा मारेर उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो।

यी लडाकूहरू बंगलादेशमा प्रतिबन्धित जमातुल मुजाहिद्दीन बंगलादेशमा आबद्ध रहेको बताइएको छ। यही समूहले सन् २०१६ को जुलाई १ मा ढाकाको गुल्सन क्षेत्रमा रहेको एक स्पेनी क्याफेमा घातक आक्रमण गरेको थियो। प्रहरीले उनीहरूको साथबाट १९ थान मोबाइलका साथै करिब २ हजार ६५९ अमेरिकी डलर बरामद गरेको छ।

ढाका आक्रमण पश्चात बंगलादेश सरकारले जमातुल समूह विरुद्ध देशव्यापी छापा मारेर कारबाही गरेको छ।

# पुलित्जर पुरस्कारमा न्यूयोर्क टाइम्सको अग्रता



एएफपी

न्यूयोर्क । गत महीना कोरोनाभाइरस सङ्कटका कारण स्थगित गरिएको पुलित्जर पुरस्कार विजेताको घोषणा सोमबार गरिएको छ। पत्रकारिता, साहित्य एवं संगीत रचनाका क्षेत्रमा उल्लेखनीय काम गर्नेहरुलाई प्रदान गरिने यो अन्तरष्ट्रिय पुरस्कार 'न्यूयोर्क टाइम्स' ले विभिन्न तीन विधामा हात पारेको छ।

त्यसैगरी 'एंकरेज डेली न्यूज', 'प्रो पब्लिका' पनि यस प्रतिष्ठित पुरस्कारबाट सम्मानित गरिएको छ । पुरस्कारको शुरुवात सन् १९१७ मा गरिएको हो। भ्रष्टाचार, कानून र नश्लवाद जस्ता मुद्दालाई उजागर गरेका यी तीन संस्थालाई यिनै मुद्दामाथि गरेको रिपोर्टका आधारमा पुरस्कृत गरिएको बताइएको छ।

पुरस्कार बोर्डका प्रशासक डाना केनेडीले कोरोनाभाइरस प्रकोपका कारण भव्य समारोहमा जमघट नगरिकन यूट्युबमा लाइभ स्ट्रिमका माध्यमले विजेताको घोषणा गरिएको जानकारी गराउनुभएको थियो।

उहाँले 'न्यूयोर्क टाइम्स'लाई सबैभन्दा बढी तीन, 'द न्यूयोर्कर'लाई दुई र 'प्रो पब्लिका'लाई एउटा पुरस्कार प्राप्त भएको उक्त अवसरमा घोषणा गरिएको थियो।

न्यूयोर्कका ब्रायन एम रोसेन्थलको न्यूयोर्क शहरका ट्याक्सी उद्योगमा खोजी रिपोर्टका लागि पुरस्कार दिइएको उहाँले बताउनुभयो । कसरी कमजोर चालकहरुको लाभ उठाएर कर्जाको बजार फस्टाइरहेको छ भन्ने रिपोर्टमा उल्लेख गरिएको थियो।

त्यस्तै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको शासनकालका कहानीको एक शृंखलाबद्ध रिपोर्टिङका लागि पनि अन्तर्राष्ट्रिय पुरस्कार दिइएको छ । अलास्कामा यौनहिंसाको खोज र अनुसन्धानमूलक रिपोर्टका लागि 'एङ्करेज डेली न्यूज'लाई र 'प्रो पब्लिकालाई संयुक्तरुपमा सबैभन्दा प्रतिष्ठित मानिने पब्लिक सर्भिस अवार्ड प्राप्त भएको छ।

यसबाहेक 'द वाशिङ्गटन पोस्ट, असोसिएटेड प्रेस, द लोल एन्जिलिस टाइम्स, द बाल्टिमोर सन, द फिलिस्तिन हेराल्ड प्रेस' लाई पनि अलग अलग समाचारका लागि पुलित्जर पुरस्कारबाट सम्मानित गरिएको छ।

रोयटर्सले हङकङको विरोध प्रदर्शनका तस्वीरका लागि ब्रेकिङ न्यूज फोटोग्राफी पुरस्कार पाएको छ भने कश्मीर घाटीको स्थिति फोटो मार्फत दर्शाएकाले एसोसिएटेड प्रेससँग आबद्ध भारतीय फोटो पत्रकारले पनि फिचर फोटोग्राफी क्षेत्रको अवार्ड प्राप्त गरेका छन्।

त्यस्तै केन्टुकीको लेक्सिङ्कनस्थित कुरियर जर्नलले ब्रेकिङ् समाचार रिपोर्टका लागि पुरस्कार पाएको छ। जसले केनिटुकीका तत्कालिन गभर्नर मट बेभिनले गल्तीका लागि अन्तिम समयमा याचना गरेको माफीलाई सयौं समाचार बनाएर बजारमा ल्याएको थियो।

# विश्वभर २ लाख ५८ हजारको मृत्यु

एएफपी


जेनेभा । कोरोनाभाइरसका कारण विश्वभर २ लाख ५८ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ३७ लाख ३० हजार नाघेको छ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार बुधबार मध्याह्नसम्ममा विश्वभर २४ घण्टाको अवधिमा ५ हजार ७८७ जनाको मृत्यु भएको छ।

कोरोनाभाइरसबाट सर्वाधिक दैनिक मृत्युदर रहेका इटाली, स्पेन, फ्रान्स र बेलायतमा २४ घण्टाको अवधिमा मृत्युदरमा सामान्य गिरावट आएको छ । विगत २४ घण्टामा इटालीमा २३६, स्पेनमा १८५, फ्रान्समा ३३० र बेलायतमा ६९३ जनाको ज्यान गएको छ।

संयुक्तराज्य अमेरिकामा पछिल्ला २,३ दिनसम्म मृत्युदर केही कम रहे पनि विगत २४ घण्टामा एकाएक मृत्यु हुनेको संख्या बढेको छ । विगत २४ घण्टामा अमेरिकामा २ हजार ३५० जनाको ज्यान गएको छ।

# भारतीय तीन पत्रकार पुलित्जर पुरस्कारबाट सम्मानित



एएफपी

वासिङ्टन । भारतीय तीन पत्रकारले 'फिचर फोटोग्राफी' मार्फत् गरेको योगदानका लागि सन् २०२० को पुलित्जर पुरस्कार प्राप्त गरेका छन्।

अमेरिकी समाचार संस्था एसोसिएटेड प्रेस (एपी) सँग सम्लग्न डार यासिन, मुख्तर खान र चन्नी आनन्दलाई प्रतिष्ठित अन्तर्राष्ट्रिय पुलिट्जर पुरस्कार प्राप्त भएको हो।

उहाँहरूलाई गत अगस्टमा केन्द्र सरकारद्वारा काश्मिरबारे विशेष व्यवस्था गरेको भारतको संविधानको धारा ३७० को निलम्वनपछि काश्मिर क्षेत्रको परिवेशलाई फोटोको माध्यमबाट गरेको विशिष्ठ योगदानका लागि पुरस्कृत गरिएको पुरस्कार छनोट समितिले सोमबार जानकारी गराएको हो।

यासिन र खानले श्रीनगर र आनन्दले जम्मु क्षेत्रबाट एपीका लागि योगदान गर्नुहुन्छ । आफू पुरस्कृत भएको जानकारीपछि यासिनले ट्वीटरमा लख्नुभएको छ, "सबै दाजुभाइ, साथी तथा सहकर्मीहरूलाई धन्यवाद।

सधैं हामीसँगै उभिएर काममा सहयोग गर्नुहुने सबैलाई धन्यवाद। यो हामीहरूले कल्पना गरेकोभन्दा धेरै ठूलो सम्मान हो। प्रतिष्ठित पुरस्कारबाट सम्मानित क्षण विशेष खुशीको क्षण भएको छ।"

# अफगानिस्तानको सरकारद्वारा थप १०२ तालिवानी कैदीलाई जेलमुक्त



एएफपी

काबुल । अफगानी सुरक्षा परिषद्ले १०० भन्दा बढी तालिबानी बन्दीहरूको रिहाइको पुष्टि गरेको छ।

अफगानिस्तानको सरकारले यस वर्ष फेब्रुअरीमा अमेरिका र तालिबान समूहबीच शान्ति सम्झौतामा कैदीबन्दीलाई रिहाई गर्ने सहमति अनुरुप १०२ थप तालिवान कैदीहरूलाई रिहा गरेको हो।

"राष्ट्रपति असरफ घानीको निर्देशनको आधारमा सरकारले तालिवानी नेता तथा लडाकूहरूलाई सोमबार रिहा गरिएको हो," मङ्गलबार अफगानी सुरक्षा परिषद्द्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

"सहमति अनुसार अहिलेसम्म ८५० तालीवानी नेता तथा लडाकस्लाई रिहा गरिसकिएको र अन्य ६५० जनालाई प्रत्रिक्या पुऱ्याएर क्रमशः रिहा गरिनेछ," सुरक्षा परिषद्का प्रवक्ता जाविद फैसलद्धारा हस्ताक्षर गरिएको "ट्वीटरमार्फत् जारी विज्ञप्तिमा भनिएको छ।

तालिवान केदीहरूलाई उनीहरूको उमेर, स्वास्थ्य र बाँकी सजायको आधारमा रिहा गरिने र उक्त कदम शान्तिका लागि अमेरिका र तालिवानबीच भएको प्रतिवद्धता र जेलमा रहेका केदीलाई कोभिड-१९ जोखिमबाट कम गर्ने नीति अनुरूप भएको जाविद फैसलले दुई दिन पहिले सञ्चारकर्मीसँगको कुराकानीमा बताउनुभएको थियो।

यस वर्षको फेब्रुअरीमा तालिवान र संयुक्त राज्य अमेरिकाले शान्ति सम्झौतामा पुगेपछि अन्तर-अफगानी वार्ताको बन्दी र आदानप्रदान सम्भव भएको हो।

# लकडाउनले घरेलु फूल उत्पादनमा जोड

काठमाण्डु । लकडाउनका कारण आर्थिक घाटा सामना गरिरहेको पुष्प व्यवसायलाई घरेलु तथा निजी क्षेत्रमा प्रयोग हुने फूल उत्पादनमा जोड दिने तयारी थालिएको छ।

विश्वभर फैलिएको कोभिड-१९ को सङ्क्रमण बढ्न नदिन सरकारले गत चैत ११ गतेदेखि देशभर लकडाउन गरेको छ । जसका कारण बिक्रीको मुखमा रहेका फूलले बजार नपाउँदा यस व्यवसायले दैनिक रु एक करोड १५ लाख नोक्सान व्यहोरिरहेको छ।

उत्पादित फूलमध्ये धेरै होटलमा साजसज्जाका लागि नै प्रयोग हुने गरेको भन्दै फ्लोरिकल्चर एशोसिएशनले घरघरमा बढी प्रयोग हुने फूल उत्पादन गर्न लागेको जानकारी दिएको छ । गत आइतबारदेखि पाँचतारे होटल आगामी असोज मसान्तसम्मका लागि पूर्णरूपमा बन्द गर्ने निणयसमेत गरिसकेको छ।

चैतदेखि असोज नेपालको लागि फूल उत्पादन र बिक्रीका हिसाबले पनि अत्यन्तै राम्रो मानिन्छ । तर, यस समयमै फर्किएर बिक्रीको तयारीमा रहेका फूल खेर गइरहेका छन्।

महामारी कहिलेसम्म रहन्छ र कहिलेबाट रोकिन्छ भन्ने विषय विश्वलाई नै चुनौती बनिरहेको समयमा यस व्यवसायले आगामी दिनमा पनि बढी नोक्सान सामना गर्न नपरोस् भनेर निजीस्तरमा प्रयोग हुने फूल उत्पादन गर्न लागिएको एशोसिएशनले जनाएको छ।

"अबका दिनमा निजीस्तरमा प्रयोग हुने फूल लगाउने केन्द्रित भएन भने यो व्यवसाय धरापमा पर्ने पक्का छ", फ्लोरिकल्चर एशोसिएशनका अध्यक्ष कुमार कसजू श्रेष्ठले भन्नुभयो । पछिल्लो समय स्वदेशी उत्पादनले नै आत्मनिर्भर हुँदै गइरहेकाले अहिले सात प्रतिशत मात्रै आयात गर्नुपर्ने अवस्था छ। केही वर्षदेखि मखमली फूल त निर्यात पनि गर्न शुरु गरिसकिएको थियो। तिहारमा केही सयपत्री र प्रणय दिवसका लागि रातो गुलाफ आयात गर्नुपर्ने भए पनि अन्य फूलमा स्वदेशकै उत्पादनले धान्ने गरेको थियो।

**वाग्मती प्रदेश बढी मारमा**

हाल नेपालमा १५७ हेक्टर जमिनमा फूलको व्यावसायिक खेती हुँदै आएको छ । वाग्मती प्रदेशमा सबैभन्दा बढी १०० हेक्टरमा खेती हुने गरेकाले यस व्यवसायबाट बढी नोक्सानी पनि यहाँ नै भएको छ।

विशेषगरी तिहारका लागि सयपत्री र अन्य समयमा सजावटका लागि केही फूल भारतबाट आयात हुने गरेको थियो। व्यावसायिकरूपमा ४५० प्रजातिका फूल नेपालमा उत्पादन हुँदै आएका छन्।

यस व्यवसायबाट ४१ हजारभन्दा बढीले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा लाभ लिएका छन् । नेपालमा ७०० व्यवसायीले यसको खेती गर्दै आएका छन् । नेपालमा विसं २००७ देखि शुरु भएको पुष्प व्यवसाय शहरीकरणको विकास तथा विस्तारसँगै फस्टाउँदै गएको छ। रासस

# खाद्य कम्पनीबाट अनलाइन मार्फत ग्राहकलाई सेवा

काठमाण्डु । सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले अनलाइनमार्फत चक्रपथभित्रका २१२ ग्राहकलाई सेवा प्रदान गरेको छ। लकडाउनका कारण समस्यामा परेका उपभोक्तालाई ध्यानमा राख्दै कम्पनीले गत चैत २६ देखि यही वैशाख २२ गतेसम्म अनलाइनमार्फत उपभोक्तालाई होम डेलिभरीमार्फत सेवा प्रदान गरेको हो।

कम्पनीले दैनिक तीन भ्यानमार्फत खाद्य पदार्थको अनलाइन बिक्रीवितरण गर्दै आएको छ । सोअनुसार १०६ क्विन्टल चामल, ७५५ किलो कर्णालीको सिमी र ३३ किलो दाल बिक्री गरिएको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत नेत्रप्रसाद सुवेदीका अनुसार हाल रञ्जित स्टिम, सोना र जापानी चामल, कर्णाली सिमी, केराउ दाना, मुसुरो र रहरको दाल अनलाइनमार्फत बिक्रीवितरण गरिएको छ। अब छिट्टै दुग्ध विकास संस्थानबाट उत्पादित घिउलगायत खाद्य सामग्री पनि बिक्री सूचीमा राखिने जानकारी उहाँले दिनुभयो।

लकडाउन अवधिमा काठमाण्डु उपत्यकाका बिक्री काउन्टर थापाथली, रामशाहपथ, नख्खु, लगनखेल र सूर्यविनायकबाट चार हजार ९२० क्विन्टल चामल, दुई हजार ९५३ किलो सिमी, २३८ किलो फापर र ९६ किलो दाल बिक्री भएको छ।

सामाजिक तथा व्यापारिक दुवै उद्देश्यका साथ सञ्चालनमा ल्याइएको कम्पनीले आगामी दिनमा आवश्यकतानुसार किसानका उत्पादन खरीद तथा भण्डारण गर्ने तथा दुर्गम जिल्ला र बजारको सम्भावनालाई समेत अध्ययन गरी विभिन्न उपभोग्य सामग्रीका साथै अन्य व्यापारिक वस्तु खरिदबिक्री गर्ने जनाइएको छ।रासस

# बेइजिङ पहिलो र ऐतिहासिक उडान



काठमाण्डु । नेपाल एयरलाइन्सको बेइजिङ उडान पहिलो र ऐतिहासिक उडान हुनेछ। अहिलेको विषम परिस्थितमा गर्न लागिएको कार्गो उडान भए पनि बेइजिङ उडान निगमको उड्डयन इतिहासमै पहिलोपटक भएको निगमले उल्लेख गरेको छ । काठमाण्डु-बेइजिङ करिब सात घण्टाको उडान हुनेछ।

निगमले यसअघि चीनको साङ्घाइ हुँदै जापानको ओसाका उडान गर्ने गरेको थियो। सन् १९८४ ताका निगमले सो गन्तव्यमा उडान शुरु गरेको भए पनि अप्रिल १२ सन् २००७ मा जहाज अभावले ओसाका उडान बन्द भएको थियो।

अघिल्लो वर्ष भदौ १२ देखि पुनः उडान शुरु गरिए पनि विसं २०७६ फागुन १९ देखि जापानकै नारिता उडान शुरु भएपछि ओसाका गन्तव्यको उडान बन्द भएको थियो।

निगमले चीनको ग्वान्जाओमा व्यावसायिक उडानका लागि अनुमति पाएको थियो । नेपालमा कोभिड-१९ नियन्त्रणका लागि लकडाउन गरिएपछि उडान हुनसकेको छैन।

बेइजिङलगायत गन्तव्यमा निरन्तर पहल गरिए पनि अझै उडान अनुमति पाउन सकेको छैन । अहिले नेपालबाट अन्तर राष्ट्रिय उडान भर्ने नेपालको निजी लगानी र चीनको संयुक्त लगानी भएको हिमालय एयरलाइन्सले चीनको बेइजिङ र छोङ्छिनलगायत गन्तव्यमा उडान गर्दै आएको छ । निगमले भने (शुरुको साङ्घाइ उडानबाहेक) अहिलेसम्म चीनमा व्यावसायिक उडान गर्न पाएको छैन । बेलाबखत कार्गो तथा चार्टर्ड उडान मात्रै हुँदै आएको छ।

**वैशाख ३० गते दक्षिण कोरियामा उडान**

निगमको वाइडबडी जहाजले दक्षिण कोरियामा पनि चार्टर्ड उडान गर्दैछ। आगामी १२ मेका लागि दक्षिण कोरियाको सिओल उडान गर्ने निश्चित भएको निगमका प्रवक्ता खड्काले जानकारी दिनुभयो।

वैशाख ३० गते ५ बजे उडान गर्ने छ भने भोलिल्ट ८:४५ बजे काठमाडौं अवतरण हुनेछ । नेपाली कामदारलाई दक्षिण कोरिया लैजान गैरआवासीय नेपाली सङ्घ कोरियाले जहाज चार्टर्ड गरेर लैजान लागेको जनाइएको छ । काठमाडौं विमानस्थलबाट कोरियाको सिओलस्थित इञ्चोन अन्तर्राष्ट्रिय विमानस्थलमा उडान हुनेछ।

मन्त्रिपरिषद्को वैशाख १४ गतेको निर्णयअनुसार इपिएस प्रणालीअन्तर्गत कोरिया काम गर्ने अनुमतिप्राप्त वैध प्रवेशाज्ञा (भिसा) भएका हाल बिदामा रहेका नेपाली स्वेच्छाले आफ्नो काममा फर्की जान चाहेमा निजहरूको स्वास्थ्य परीक्षण गराइ उनीहरूकै खर्चमा चार्टर्ड उडानबाट जान स्वीकृति दिने निर्णय गरेको थियो । सोहीअनुरुप कोरिया उडान गर्न लागिएको हो।रासस

# रिक्सावाल भन्छन्: घरखर्च चलाउनै गाह्रो भो



जीतपुर । कपिलवस्तु, वाणगङ्गाका शशिकपुर तामाङले तीन वर्षदेखि अटो रिक्सा चलाउँदै आउनुभएको छ । बिहान जुरुक्क उठेदेखि साँझसम्म यात्रुलाई गन्तव्यसम्म पुर्‍याउने उहाँको दिनचर्या थियो तर अहिले बन्दाबन्दीले रोकिएको छ।

दैनिक आम्दानीले उहाँको घर खर्च चल्ने गरेको थियो। "अहिले अटो चलाउने पाइँदैन, घर खर्च चलाउने गाह्रो", घरमै थन्किएको अटो रिक्साको धुलो टक्टकाउँदै उहाँले भन्नुभयो, "शुरुमा अटो व्यवसायमा राम्रो कमाइ देखेर पाँच लाखमा रिक्सा किनेँ तर अहिले किस्ता तिर्नसमेत हम्मेहम्मे परेको छ।"

लकडाउनपूर्व दैनिक रु एक हजारदेखि एक हजार पाँच सयसम्म आम्दानी गर्ने तामाङलाई अहिले भने अटोको किस्ता तिर्न र घर खर्च चलाउनसमेत धौधौ परेको छ। "शुरुशुरुमा त रु तीन हजारसम्म कमाएँ, घरखर्च पनि राम्रै चल्यो, अहिले राहत कताबाट पाइएला भनेर बस्नुपरेको छ", तामाङले गुनासो गर्दै भन्नुभयो।

गाउँमा रहेको समूहबाट ऋण झिकेर अटोरिक्सा खरीद गर्नुभएका तामाङलाई सोचेअनुसार आम्दानी नभएपछि किस्ता तिर्न समस्या भएको छ । "बालबच्चा ससाना छन्, उनीहरूलाई एकातिर कसरी खुवाउने चिन्ता छ भने अर्कोतिर घरभाडा तिर्नसमेत नसकिने अवस्था छ", उहाँले भन्नुभयो, "पहिला त कोठा भाडा तिरेर छोरीलाई पढाउन र घर पनि राम्रै गरी चलाउन पुगेको थियो तर दुई महिना भयो घरको भाडा तिर्नसमेत सकेको छैन, कहाँबाट लिएर तिर्ने, स्रोत कतै छैन।"

केही राहत पाएर घरपरिवारको छाक टार्दै आउनुभएका तामाङको भान्सामा अहिले थोरै मात्र चामल बचेको छ। चामल सकिएमा दुई र पाँच वर्षका छोरीलाई के खुवाउने भन्ने चिन्ताले उहाँलाई सताएको छ । "छिमेकीसँग मागेर कति दिन चल्छ होला र ? तामाङले भन्नुभयो, "मासिक १३ हजार किस्ता पर्छ, कसरी तिर्ने हो थाहा छैन, केही छुट भए सजिलो हुनेथियो।"

उहाँलाई ऋण लिएर किनेको रिक्सा निल्नु न ओकल्नु जस्तो भएको छ । पहिले दुई हजारसम्म कमाइ गर्दा उहाँको अलिकति बचत पनि हुने गरेको थियो तर लकडाउनका कारण त्यो पनि छैन।

अर्का रिक्सा व्यवसायी चोकलाल भुर्तेलको पनि अवस्था उस्तै छ । चार वर्षअघि ऋण काढेर रिक्सा चलाउन शुरु गर्नुभएका भुर्तेलले जसोतसो गरेर आधा ऋण तिरे पनि अरु बाँकी नै छ । रु चार लाख २५ हजारमा खरिद गरिएको रिक्साको ब्याज कसरी बुझाउने भन्ने चिन्ता उहाँलाई छ।

लकडाउनका कारण खर्च कसरी चलाउने भने समस्या हुँदै गएको उहाँको भनाइ छ। " झण्डै डेढ महिनादेखि रिक्सा घरमै छ, अब कसरी किस्ता तिर्ने भन्ने समस्या छ", भुर्तेलले भन्नुभयो, "अटो चलाएर जेनतेन परिवार पालेको थिएँ, अहिले घरमै बस्दा समस्यामाथि समस्या थपिएका छन्।"

रिक्सा चालक थानेश्वर भुसाललाई पनि लकडाउनका कारण समस्या थपिएको छ। रिक्सा चलाएर दैनिक एक हजारसम्म कमाइ गर्दै आउनुभएका भुसालको हात यतिबेला खाली छ। "न त खेतीपाती छ, न कुनै आयस्रोत, रिक्साबाट राम्रै कमाइ हुने देखेर रिक्सा किनेँ तर यतिबेला निरास भएर बस्नुको बिकल्प छैन", भुसालले भन्नुभयो।

लकडाउनका कारण पेशा नै संकटमा परेको रामप्रसाद थारुले दुःखेसो गर्नुभयो। "रिक्साकै कमाइबाट परिवारको छाक टर्दै आएको थियो, अब कहाँ जाने, के गर्ने कुनै अत्तोपत्तो छैन," थारुले भन्नुभयो । वाणगङ्गा नगरपालिकामा अहिले दुई सयभन्दा बढी अटो रिक्सा छन् । जिल्लाका कपिलवस्तु, शिवराज, बुद्धभूमि नगरपालिकामा केही रिक्साव्यवसायी यस्तै समस्या भोगेर बसेका छन्।

जिफन्ट वाणगङ्गाका अध्यक्ष भोजराज थारुले पालिकाहरूले रिक्साचालक तथा अन्य दैनिक श्रम गरी खाने मजदूरका लागि विकल्पको व्यवस्था गर्नुपर्ने बताउँदै जोखिम भए पनि उनीहरूलाई बाँच्ने आधार दिनुपर्नेमा जोड दिनुभयो।

शिवराज नगरपालिकाका प्रमुख नेत्रराज अधिकारीले दैनिक ज्यालामजदूरी गर्नेलाई राहतको व्यवस्था गरिएको जानकारी दिँदै समस्या भएमा नगरपालिकाका वडाहरूमा जान सुझाव दिनुभयो।

लकडाउनका कारण रिक्सा चल्न बन्द भएपछि जीवन निर्वाह गर्न सबैलाई समस्या भएको घरदैलो जनसेवा प्रालिका अध्यक्ष गणेश शर्माले भन्नुभयो । "लकडाउन कहिले खुल्छ निश्चित छैन, जसले गर्दा रिक्सा चलाएर जीवन निर्वाह गर्ने विपन्न समुदाय मारमा परेका छन्", उहाँले भन्नुभयो। रासस

# तातोपानी भन्सारको अवरोध खुलाउन पहल

मेलम्ची । सामानबाट कोरोना सङ्क्रमण सर्न सक्ने भन्दै स्थानीयवासीले अवरोध गरेपछि तातोपानी भन्सारले उद्योग वाणिज्य सङ्घ, नेपाल सीमापार व्यापार सङ्घ, बाह्रबिसे नगरपालिका र भोटेकोशी गाउँपालिकाका प्रमुखलगायतसँग छलफल गर्दैछ।

स्थानीयवासीले चीनबाट ल्याइएका स्याउ र लसुनबाट कोरोना सर्न सक्ने भन्दै भन्सारमा आइपुगेका ती गाडी कुनै हालतमा काठमाण्डु जान नदिने बताउँदै भन्सारमा धर्ना दिएका थिए।

अवरोधका बीच तातोपानी सुक्खा बन्दरगाहमा आइपुगेका स्याउ र लसुनका कन्टेनर मङ्गलबार काठमाण्डु पठाइएको छ । आइतबार चीनबाट नेपाल ल्याइएका लसुन र स्याउका सात कन्टेनर काठमाण्डु पठाइएको भन्सार प्रमुख लालबहादुर खत्रीले जानकारी दिनुभयो।

मङ्गलबार लसुनका तीन गाडी रस्याउका चार कन्टेनर काठमाण्डु पठाइएको हो।

आगामी दिनमा कसरी अघि बढ्ने भन्ने सल्लाह गर्छौं भनेपछि कन्टेनरहरू सहजरूपमा जान दिएको तर थप सामानका लागि छलफल गर्नुपर्ने अवस्था रहेको प्रमुख खत्रीले बताउनुभयो।

**घरघरमा राहत बाँड्दै बाह्रबिसेका प्रमुख**

लकडाउनका कारण छाक टार्न नसकिरहेकालाई घरघरमा पुगेर राहत वितरण शुरु गरिएको छ। अतिविपन्न र ज्यालादारी गरेर जीवन धानिरहेकाहरू समस्यामा परेपछि बाह्रबिसे नगरपालिकाले टोलटोलमा पुगेर खाद्यान्न राहत वितरण शुरु गरेको हो । मङ्गलबार बाह्रबिसे नगरपालिका-१ स्थित दुर्गम क्षेत्र घोर्थलीमा विपन्नका आँगनमै पुगेर प्रमुख निमफुन्जो शेर्पाले खाद्यान्न प्रदान गर्नुभयो।

मङ्गलबार घोर्थलीका विपन्न र श्रमिक मजदुर गरी ६८ परिवारलाई ३० किलोग्राम चामलसहित दाल, नुन र खानेतेल प्रदान गरिएको छ। ट्रकमा खाद्यान्न लगेर उनीहरूलाई घरआँगनमै वितरण गरिएको थियो।

वडास्तरमा वडाध्यक्षको नेतृत्वमा एक वडा सदस्य, राजनीतिक दलका प्रतिनिधि र वडा सचिव सम्मिलित समिति बनाएर विपन्न र मजदुरको पहिचान गरिएको थियो।रासस

# सचेतना अपनाउँदै उद्योग सञ्चालन गर्न दिनुपर्छ : निजी क्षेत्र

काठमाण्डु । उद्योग, वाणिज्यलगायत निजी क्षेत्रका सरोकारवालाहरुले लकडाउनका कारण औद्योगिक क्षेत्रमा आर्थिक सङ्कट देखिएको भन्दै सचेतना अपनाउँदै उद्योग कलकारखाना सञ्चालन गर्न दिनुपर्ने माग गरेका छन्।

नेपाली काँग्रेसले बुधबार पार्टी कार्यालय सानेपामा आयोजना गरेको 'आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम र बजेट' विषयक अन्तर्क्रियामा निजी क्षेत्रका सरोकारवाला व्यक्तिहरुले लकडाउनको विकल्प खोज्न र बैंक ब्याजदर घटाउन सरकारसँग आग्रह गरेका छन्।

सोही अवसरमा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले निजी क्षेत्रबाट आएका जायज मागलाई पार्टीले संसद् र सरकारसमक्ष प्रस्तुत गर्ने बताउँदै कार्यान्वयनका लागि सरकारलाई दबाब दिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सभापति देउवाले कोरोना भाइरस रोकथामका लागि सरकारले लागू गरेको लकडाउनका कारण विभिन्न क्षेत्रमा सिर्जना भएको समस्याबारे समेत प्रधानमन्त्रीसँग पार्टीको तर्फबाट छलफल गर्ने जानकारी दिनुभयो।

उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले कोरोना भाइरसको सङ्क्रमण रोकथामका लागि सरकारले लागू गरेको लकडाउनका कारण उद्योग व्यवसाय बन्द हुँदा विकल्पका लागि सरकारसँग अपिल गर्नुभयो।

वरिष्ठ उपाध्यक्ष गोल्छाले पहिलेदेखि नै चुनौतीको सामना गर्दै आएको नेपालको निजी क्षेत्र लकडाउनका कारण अब थप दुई वर्ष पछि पर्ने आँकलन गर्नुभयो।

उहाँले भन्नुभयो, अर्थतन्त्रलाई सुधार गर्न निजी क्षेत्रको सुधार हुनुपर्ने हुन्छ, त्यसका लागि सरकारले फेरि एकपटक सम्पत्ति अभिलेखीकरणको सुविधा दिनुपर्ने, विद्युत्मा छुट दिनुपर्ने, पेट्रोलियम पदार्थमा भ्याट क्रेडिट हुनुपर्ने, बैंक कर्जा पाँच प्रतिशतमा झार्नुपर्ने, भ्याटको दर १० प्रतिशतमा झार्नुपर्ने, आयकर र कर्पोरेट करमा पनि २० प्रतिशत छुट दिनुपर्ने हुन्छ।

निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले अहिले देशभरमा करिब रु आठ खर्ब लागतको पाँच हजार निर्माण आयोजना सञ्चालनमा रहेको र काम गर्न नपाए करिब रु ३५ अर्ब बराबरको नोक्सानी हुने बताउनुभयो।रासस

# राष्ट्रिय गौरवको हुलाकी राजमार्ग निर्माण आंशिक शुरु

काठमाण्डु । राष्ट्रिय गौरवको आयोजना हुलाकी राजमार्गमा सडक र पुल निर्माण आंशिकरूपमा शुरु भएको छ । लकडाउनका समयमा राजमार्गले छुने अधिकांश जिल्लामा निर्माण शुरु भए पनि जनशक्ति र उपकरण आवश्यकताभन्दा कम भएकाले कामले गति लिएको छैन।

लकडाउनपछिको पहिलो दुई सातासम्म निर्माण ठप्प भएकामा अहिले विभिन्न जिल्लामा शुरु भइरहेको आयोजना निर्देशनालयले जनाएको छ।झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, बारा, पर्सा, कञ्चनपुरलगायत जिल्लामा निर्माण शुरु भएको आयोजना प्रमुख रोहितकुमार बिसुरालले बताउनुभयो।

विभिन्न जिल्लाका गरी सात पुल निर्माण भइरहेको छ। अहिले सम्भव भएका ठाउँमा काम भइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कतिपय जिल्लामा केही दिन पहिले नै निर्माण शुरु भइसकेको छ भने कतिपयमा शुरु हुने क्रममा छ।"

झापादेखि रतुवा सडक निर्माणको काम भइरहेको आयोजनाले जनाएको छ । मोरङमा मागेभन्दा कम जनशक्ति र उपकरणका लागि पास उपलब्ध भए पनि काम शुरु भइसकेको छ।

यहाँको कानपुरे-र झ्रोली र विराटनगर-र झ्रोली स्थानीयस्तरको काम भइरहेको छ । त्यस्तै सुनसरी, सप्तरी, सिराहा र धनुषामा पनि आंशिकरूपमा काम भइरहेको छ। महोत्तरीमा जनकपुर-जलेश्वर र जलेश्वर-हल्दी सडक काम अहिले भइरहेको छ । पहिले प्रशासनसँग अनुमति लिएर नै काम शुरु गरिएको भए पनि विभिन्न किसिमका अवरोध आएको प्रमुख बिसुरालले बताउनुभयो । निर्माण भइरहँदा अपरेटर पक्राउ परेसँगै काममा अवरोध भएको थियो । अहिले पुनः काम शुरु भएको छ।

बाराको कलैयामा र पर्सामा पनि सडक निर्माण शुरु भएको छ। कपिलवस्तुमा पनि प्रशासनले अनुमति दिएकाले शुरु गरिने उहाँले बताउनुभयो । दाङको लमही केनावास सडक निर्माण भइरहेको छ । बाँकेमा बजार क्षेत्रभन्दा टाढा पर्ने बगौडा सडक निर्माण भइरहेको छ । कैलाली र कञ्चनपुरमा पनि थोरै काम भइरहेको छ।

> ***लकडाउनपछिको पहिलो दुई सातासम्म निर्माण ठप्प भएकामा अहिले विभिन्न जिल्लामा शुरु भइरहेको आयोजना निर्देशनालयले जनाएको छ । झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, बारा, पर्सा, कञ्चनपुरलगायत जिल्लामा निर्माण शुरु भएको आयोजना प्रमुख रोहितकुमार बिसुरालले बताउनुभयो । विभिन्न जिल्लाका गरी सात पुल निर्माण भइरहेको छ । अहिले सम्भव भएका ठाउँमा काम भइरहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कतिपय जिल्लामा केही दिन पहिले नै निर्माण शुरु भइसकेको छ भने कतिपयमा शुरु हुने क्रममा छ।***

अहिले पूर्वाधार निर्माणभन्दा पनि मानव स्वास्थ्य महत्वपूर्ण भएकाले आयोजनाले त्यस क्षेत्रमा चहलपहल कम होस् भनेर थोरै मात्रामा काम गर्नका लागि अनुमति मागिरहेको प्रमुख बिसुरालले बताउनुभयो । तर, प्रशासनले त्योभन्दा पनि अझै घटाएर मात्रै अनुमति दिइरहेको छ।

कुनै पनि स्थानमा सडक निर्माण गर्दा मेसिन चलाउने, अपरेटर, सुपरभाइजर, मजदुरलगायत फरक-फरक जनशक्ति आवश्यक पर्छ । प्रशासनले त्यो नबुझेर कुनै एउटा खालको जनशक्तिको अनुमति नदिँदा काम अघि नबढ्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले २५ माग्दा अनुमति १० को दिनुहुन्छ, त्यो कटाइएको खालको जनशक्ति नहुँदा काम शुरु नै गर्न नसकिने हुनसक्छ।"

सरकारले आयोजना निर्माणको काम अघि बढाउने भनिए पनि प्रशासन कार्यालयसँग समन्वयको अभाव देखिँदा समस्या आइरहेको छ । प्रशासनसँग मागेजति जनशक्ति र उपकरणको अनुमति पाउँदा केही काम हुने सम्भावना भए पनि त्यसमा कटौती हुँदा काम कम मात्रै भइरहेको हो।

कतिपय जिल्लामा त्यहाँका प्रशासन कार्यालयले निर्माण व्यवसायी जाँदा कार्यालयको कर्मचारी र कर्मचारी जाँदा व्यवसायी आएपछि पास दिने भन्ने गरेका छन् । प्रशासनले अनुमति दिएमा काम गरे पनि दबाब दिने अवस्था नभएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "जहाँ सहजरूपमा सबै जनशक्ति उपलब्ध हुन्छ त्यहीँ काम भइरहेको छ।"

आयोजनाले चालू आवमा ३५० किमी सडक कालोपत्रको लक्ष्य लिएकामा अहिलेसम्म १४६ किमी सम्पन्न भइसकेको छ । त्यस्तै १९ पुल सम्पन्न गर्ने लक्ष्य लिइएकामा अहिलेसम्म छ सम्पन्न भयो। रासस

# अलपत्र नेपाली स्वदेश फर्काउने संयन्त्र बनाउन सुझाव

काठमाण्डु । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) मध्यपूर्व समितिले विदेशमा अलपत्र नेपाली नागरिकलाई प्राथमिकताका आधारमा स्वदेश फर्काउन सुझाएको छ।

कोभिड-१९ पछि साउदी अरब, संयुक्त अरब इमिरेट्स (युएई), कतार, कुवेत, बहराइन र ओमनमा देखिएको समस्या र भविष्यमा आउन सक्ने जटिलताका विषयमा केन्द्रित मध्यपूर्व क्षेत्रको बैठकले परराष्ट्र मन्त्रालयको संलग्नतामा तत्काल विशेष समिति तयार पार्न पनि सुझाव दिएको छ।

क्याम्पबाट निकालिएका कामदारलाई तत्काल 'सेल्टर'को व्यवस्था गरी खान-बस्ने प्रबन्ध मिलाउनुपर्ने, रोजगार गुमाएका कामदारको तथ्याङ्क सङ्कलन गरी पुनः सोही देशमा रोजगार गरी बस्नेलाई सहजै कम्पनी परिवर्तन गर्न पाउने व्यवस्थाका लागि सम्बन्धित मुलुकलाई आग्रह गर्नुपर्ने सुझाव पनि दिइएको छ।

बैठकले आफैं टिकट काट्ने तथा नेपालमा क्वारेन्टाइनको खर्चसमेत व्यहोर्न सक्नेको तथ्याङ्क सङ्कलन गरी उनीहरुलाई तत्काल स्वदेश फिर्ताको व्यवस्था गर्न, नेपालका होटेल, विद्यालय तथा सार्वजनिक भवनमा क्वारेन्टाइनको व्यवस्था गर्न तथा स्वदेश फर्केका नेपालीलाई कृषि क्षेत्रमा अनुदान, प्याकेज तथा सहुलियत कर्जा उपलब्ध गराई स्वरोजगार बन्ने वातावरण मिलाउन पनि आग्रह गरेको छ।रासस

# अब राहत होइन काम दिन्छौँ

तनहुँ । तनहुँको शुक्लागण्डकी नगरपालिका-८ ले बन्दाबन्दीबाट प्रभावित भएर काम नपाएका मजदुरलाई काममा खटाएको छ।

बन्दाबन्दी भएपछि काम नपाएर प्रभावित बनेका मजदुरलाई वडा कार्यालयले मङ्गलबारदेखि काममा खटाएको हो।

यस अगाडि राहत वितरण गरिएका मजदुरलाई विकास निर्माणको काममा लगाइएको वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो दिन १८ जना मजदुरलाई नाला मर्मत तथा सरसफाइमा खटाइएको छ।

सधैँ राहत दिनेभन्दा पनि काम गर्ने वातावरण मिलाइदिन आग्रह गरेपछि उनीहरुलाई काममा लगाएका छौं, उहाँले भन्नुभयो। रासस

# एक महिलासहित ५ पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज ।पलंगमुनी लुकाइएको अवस्थामा लागुऔषध सहित ५ जना पक्राउ परेका छन् ।पक्राउ पर्नेहरुमा १ जना महिला सहित ५ जना छन् ।

लागूऔषध घरमा भण्डारगरिखरिद बिक्रिगरि रहेको सुचनाको आधारमा बुधबार दिउँसो ४ बजे प्रहरीको टोलीले उनीहरुलाई पक्राउ गरेको हो।



घरको बक्सपलङ भित्र बिक्रि बितरणका लागि लुकाइछिपाई राखेको लागूऔषधमा डिआलेक्स डिसि एक सय एमएलको ८७ बोतल, सोही परिमाणको ओनेरेक्स १ सय ३ बोतल, नाइट्राजेपाम २० पिस, नाइट्राभेट ३६ पिस, र सिम्प्लेक्सट ५७ पिससहित उनीहरुलाई पक्राउ गरिएको पर्सा प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा वीरगञ्ज महानगपालिका वडा नं. ३ बस्ने रामबालक पटेलका छोरा बर्ष ४६ को सन्तोष पटेल, पटेलकी श्रीमती ३७ वर्षिया बबिता देवी, वडा नं.३ का २८ बर्षीय टिँकु श्रीवास्तव, बिन्दवासिनी गाउँपालिका वडा नं.२ बहुअर्वाभाठा बस्ने २८ बर्षीय राजनाथ यादव र बाराको प्रसौनी गाउपालीका वडा नं.३ नौतनवा बस्ने ३२ बर्षका मुग्रिम साह रहेको पर्साकी प्रहरी उपरीक्षक गंगा पन्तले बताइन्।

उनले पक्राउ परेकाहरुलाई हिरासतमा राखि थप अनुसन्धा भइरहेको जनाएकी छन् ।

# प्रोजेक्टको सिमेन्ट बिक्री गर्ने पसलमा सिलबन्दी

**टुडे समाचारदाता**

जनकपुरधाम । आँनली फर प्रोजेक्ट उल्लेख गरिएको सिमेन्ट महँगोमा बिक्री गरेको पाइएपछि सिरहाका एक सिमेन्ट पसलमा सिल गरिएको छ ।

मिर्चैया बजारस्थित भाग्य विधाता आयरण स्टोरले अनली फर प्रोजेक्ट लेखिएको मारुती सिमेन्ट बिक्री गरेको पाइएपछि उक्त पसलमा सिल गर्दै त्यसका मालिक राजकुमार मगरलाई नियन्त्रणमा लिएको सिरहा प्रहरीले जनाएको छ ।



लकडाउनको समयमा अटो रिक्सामा १० बोरा सिमेन्ट लोड गरी लग्दै गर्दा प्रहरीले रोकेको थियो । त्यसपछि सिमेन्ट लग्ने टिकाराम पोखरेलसँग सोधपुछ गर्दा उनले रु ७ सय ६० पर्ने सिमेन्ट रु ८ सयमा मगरको पसलबाट खरीद गरेको बताएका थिए ।

यसपछि इलाका प्रहरी कार्यालय मिर्चैयाबाट पुगेको प्रहरी टोलीले मगरको पसलमा ३ सय ४० बोरा उक्त सिमेन्ट फेला पार्दै उनलाई नियन्त्रणमा लिएको सिरहा प्रहरीका प्रबक्ता एवं डिएसपी बिनोद घिमिरेले बताए ।

# वीरगंजमा स्यानेटाइज गरिदै

**टुडे समाचारदाता**

वीरगंज । कोरोना भाईरस (कोभिड-१९) को प्रकोपले विश्व नै अक्रान्त बन्न पुगेको छ । हाल सम्म विश्व भरी लाखौं मानिसले यस रोगबाट आफनो ज्यान समेत गुमाई सकेका छन ।



विश्व स्वास्थ्य संगठनले यस रोगको कुनै औषधि उपचार नरहेको जिकिर गर्दै आएता पनि समाजिक दुरी तथा व्यतिगत साफसफाई नै यसको मुख्य उपचारहरु मध्य एक रहेको बताएको छ ।

यही यथावत कुराहरुलाई मनन् गर्दै स्व गिरिजा प्रसाद कोईराला फाउण्डेशनपर्सालेवीरगंजमहानगरलाई सोडियम हाईपोक्लोराईट नामक सर्फेस स्यानेटाईजरबाट महानगरको अधिकांश वडाहरुलाई स्यानेटाईज गरि सकेको फाउण्डेशन पर्साका अध्यक्ष मोहम्मद सहाबुद्दिनले बताए ।

वीरगंज महानगरको ३२ वटै वडाहरु स्यानेटाईज गरिने फाउण्डेशन पर्साका सदस्य मनोज राउत कुर्मीले जानकारी गराएका हुन । सदस्य कुर्मीका अनुसार हालसम्म वीरगंज महानगरको १ देखि वडा नं २५ सम्म सेनेटाईज गरिसकिएको उनले बताए ।

बाकि रहेको वडाहरु स्यानेटाईज भईरहेको तथा एक हप्ता भित्र सम्पुर्ण वडाहरु सकाउने फाउण्डेशन पर्साका सचिव धिरज गुप्ताले बताए। अगामी दिनहरुमा पनि पर्साका जनता तथा गरिब नागरिकहरुलाई फाउण्डेशनले परेको बेला यथासम्भव सहयोग गर्ने प्रतिब्धता फोउण्डेशन पर्साका अध्यक्ष सहाबुद्दिनले बताए ।

# सप्तरीका तीन खाद्य उद्योगमा गरियो सिलबन्दी



**टुडे समाचारदाता**

राजविराज । सप्तरीका तीन वटा खाद्य उद्योगमा सिलबन्दी गरिएको छ । अनुज्ञा पत्र नलिई संचालन गरेको भन्दे हनुमाननगर कंकालनी नगरपालिकाका तीन वटा खाद्य उद्योगमा खाद्य तथा गुण नियन्त्रण कार्यालयको अगुवाईमा बुधबार गएको टोलीले सिलबन्दी गरेको हो । खाद्य तथा गुण नियन्त्रण कार्यालय, राजविराजका प्रमुख सुरेश सिंहले वडा नम्बर ९ स्थित नारायणी फिड्स एण्ड स्न्याक उद्योग र नारायणी च्यूरा तथा भुजा उद्योग तथा वडा नम्बर ३ स्थित माँ सरस्वती फुड् प्रोडक्टमा सिलबन्दी गरिएको बताए । उनका अनुसार उद्योगमा सिलबन्दी गर्दै तीन दिनभित्र कागजातसहित उपस्थित हुन निर्देशन दिइएको छ ।

**नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रदेश २ सरकारको दोस्रो चरणको राहत वितरण प्रारम्भ

**राजेन्द्र यादव**

जनकपुरधाम । प्रदेश २ सरकारले दोस्रो चरणको राहत वितरण प्रारम्भ गरेकोछ ।प्रदेशको आठवटै जिल्लाको १ सय ३६ वटा पालिकामा प्रदेश सरकारले राहत वितरण गर्न लागेको हो ।



प्रदेशको अस्थायी राजधानी जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर ७ मा बुधवार बिहान प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामनरेश राय यादवले राहत वितरणको शुभारम्भ गरे ।

धनुषा जिल्लाको १ सय ६९ वडामा घरेलु तथा साना उद्योग कार्यालयले राहत वितरण गर्नेछ ।वडा कार्यालय र प्रदेश सभा सदस्यको संयुक्त संयोजनमा बितरण भइरहेको राहत सामग्रीको बोरामा स्टिकर लगाएर गुणस्तरको सुनिश्चितता गरिएकोछ ।

राहत बितरणगर्दै मन्त्री यादवले विपन्न, मजदुर, दलितहरुका लागि प्रदेश सरकारले पहिलो चरणमा पालिकाहरुलाई उपलब्ध गराइएको नगदको सदुपयोग नभएको विभिन्न सञ्चार माध्यमहरुबाट जानकारी आएपछि दोस्रो चरणमा सरकारले नै घरेलु कार्यालयमार्फत राहत वितरण गर्न थालेको मन्त्री यादवले जनाए ।

भोजनको समस्यामा रहेका मानिसलाई अखाद्य सामग्री उपलब्ध गराउनु कानुनी, समाजिक, धार्मिक सबै दृष्टिले अपराध भएको उल्लेखगर्दै मन्त्री यादवले भने, कोही विपन्न नछुटोस्, त्यसमा वडा कार्यालय, प्रदेश सांसद, पालिका प्रमुखहरुले विशेष ध्यान दिनुपर्छ ।

घरेलु तथा साना उद्योग कार्यालय धनुषाका प्रमुख सञ्जिव दुबेको अध्यक्षतामा भएको दोस्रो चरणमा उपलब्ध गराएको राहत सामग्रीको गुणस्तर, तौलमा कुनै समस्या आउन नदिन सम्बन्धित निकायहरुलाई सजगता अपनाउन आग्रह गरे ।

राहत वितरण समारोहमा उद्योग,पर्यटन, वन तथा वातारण राज्यमन्त्री सुरेश मण्डल, प्रदेश सभासदस्य परमेश्वर साह, जनकपुरधामकी उपमेयर रिता मिश्र, धनुषाका प्रमुख जिल्ला अधिकारी कोषहरी निरोला , मन्त्रालयका निमित्त सचिव जगन्नाथ जयसवाल धनुषाका एसपी रमेश कुमार बस्नेत, सशस्त्र प्रहरीका एसपी राजेश उप्रेती, वडा नम्बर ७ का वडाअध्यक्ष जानकीराम साह , नागेन्द्र साह लगायतका उपस्थिति रहेको थियो ।

प्रदेश सरकारले जारी गरेको निर्देशिकाको परिधिमा रहेर चामल लगायतका खाद्य सामग्री खरिद गरिएको जनाउँदै दुबेले भने, हप्ता दिन भित्रमा जिल्लाका सबै वडाहरुमा राहत सामग्री बितरण भइसक्नेछ ।उनले तोकिएको मापदण्ड अनुसारको चामल, दाल लगायतका सामग्रीहरु खरिदगर्दा सरकारले निर्धारण गरेको भन्दा झण्डै प्रति राहत प्याकेटमा झण्डै पौने दुई सय रुपैया कममा खरिद गरिएको उनले जनाए ।

हरेक वडा सम्म ठेकदारले सामग्री पुर् याउने खर्च समेत संलग्न रहेकोले तोकिएको समयमा समान आपूर्ती गरिने प्रतिबद्धता जनाइएको उनले बताए ।

प्रदेश सरकारले दोस्रो चरणमा २५ किलो चामल, २ किलो मसुरोको दाल, १ लिटर खाने तेल, १ किलो नुन, सोयाविन, साबुन उपलब्ध गराएकोछ ।यसका लागि प्रदेश सरकारले सबै जिल्लालाई २ करोडको दरले रकम उपलब्ध गराएकोछ ।आवश्यकता अनुसार प्रदेश सरकारले राहत उपलब्ध गराइरहने मन्त्री रायले जनाए ।

यस महानगरपालिकालाई २५ लाख, उपमहानगरपालिकालाई २० लाख, नगरपालिकालाई १५ लाख र गाउँपालिकालाई १० लाखको दरले नगद उपलब्ध गराइएको थियो ।तर कतिपय पालिकाहरुले हाल सम्म राहत वितरण गर्न सकेको छैन् ।कतिपय पालिकामा चर्को बिबाद भएकोछ ।

# अखाद्य सामान बेच्ने व्यापारी धरौटीमा रिहा

लहान । म्याद गुज्रेको २८ बोरा मैदासहित पक्राउ परेका सिरहाको लहानका व्यापारी पवन मुन्धडा रु तीन लाख धरौती तिरेर रिहा भएका छन् । इलाका प्रशासन कार्यालय लहानका प्रमुख कमलराज भण्डारीको नेतृत्वमा खटिएको संयुक्त बजार अनुगमन टोलीले गत वैशाख २१ गते गोदामभित्र म्याद गुज्रेको मैदा ट्रकमा लोड गरी बिक्रीका लागि लैजाँदै गरेको अवस्थामा मैदासहित मुन्धडालाई पक्राउ गरेको थियो ।

कुनै पनि गुणस्तरहीन, म्याद समाप्ती, बिल विजक नभएका, लेभल नभएका वस्तु ढाँटेर वा झुक्याएर बिक्री वितरण गरेमा रु दुईदेखि तीन लाखसम्म जरिवाना गर्ने कानूनी प्रावधानअनुसार व्यापारी मुन्धडासँग रु तीन लाख धरौटी तिराएर रिहा गरिएको सिरहाका प्रमुख जिल्ला अधिकारी सरोज गुरागाईँले जानकारी दिए ।

वीरगञ्ज खाद्य उद्योग प्रालि परवानीपुर पर्साद्वारा उत्पादित राजहंस ब्राण्ड उच्चस्तरको मैदा आधुनिक मेसिनबाट उत्पादित भनिएको मैदा तीन महिनाअघि नै गुज्रिए पनि गोदाम राखेर बिक्री वितरण गरिरहेको पाइएकाले कारवाही गरिएको प्रजिअ गुरागाईँले बताए ।रासस

# राजदेवी मन्दिरको मेला स्थगित

**मुकेश कुमार यादव**

लहान । सिरहाको लहान नगरपालिका वडा नम्बर १५ ढोढनास्थित वर्षमा एक पटक लाग्ने श्री राजदेवी पंचावती मन्दिरको मेला स्थगित गरिएको छ।

मेलाको अवसरमा मन्दिरमा विशेष पुजा अर्चना गरिन्छ। शान्तिका अग्रदूत तथा अहिंसाका प्रवर्तक गौतम बुद्धको जन्मजयन्तीको दिन विशेष पुजा अर्चना तथा मेला कोरोना भाइरसका कारण यसपटक स्थगित गरिएको जनाइएको छ।

कोभिड-१९ को लकडाउनका कारण यसपटक ढोढनाको बानो गाउँदेखि करिब ५०० मिटर उत्तर-पूर्वमा रहेको उक्त मन्दिरमा पुजा अर्चना संगै मेला नलाग्ने भएको हो । वर्षो वर्षदेखि लाग्दै आएको मेला यसपटक स्थगन गरिएको राजदेवी पंचावती मन्दिर संरक्षण विकास समितिले जनाएको छ।

यस वर्ष बैशाख २५ गते बिहिवार बुद्धको जन्मजयन्ती पनि रहेको छ। मन्दिरमा भाकल पुरा गर्न सिरहा, सप्तरी, उदयपुर, धनुषासहित छिमेकी मुलुक भारतको बिहारको उत्तरी क्षेत्रका दर्शनार्थीहरुको भिड लाग्ने गर्दथ्यो।

यस मन्दिरमा पशुपक्षीको बलि दिएर राजदेवी माताको भाकलअनुसार पूजाअर्चना गरे सन्तान प्राप्ति, रोगव्याधिबाट मुक्ति र मनोकांक्षा पूरा हुने विश्वास रहेको छ। मन्दिरमा बोका, पाठी, हाँस, परेवा, कुखुराको बलि चढाउने गरिन्छ। एक बिघा पाँच कठ्ठा पाँच धुर क्षेत्रफलमा जङ्गलको बीचमा रहेको मूर्ति बिनाको मन्दिर छ। बलि दिइएको पशुपक्षीको रगतले मन्दिर परिसर रक्ताम्मे हुने भएपनि भोलिपल्टदेखि दुर्गन्धि नआउने र झिँगा समेत नलाग्ने हुदा त्यसमा राजदेवीको शक्ति रहेको जनविश्वास रहेको छ।

त्यस्तै सिरहाको बरियारपट्टी गाउँपालिका वडा नम्बर ३ नभटोली, धनगडिमाई नगरपालिकाको कुर्वा, गोलबजार नगरपालिकाको निपनियाको राजदेवि मन्दिरमा पुजा र मेला स्थगित भएको छन।

# बहुराष्ट्रिय कम्पनीसहित तीनवटा उद्योगहरु सञ्चालनमा

**रञ्जन यादव**

जीतपुर । सरकारले चरणबद्ध रुपमाउद्योगखोल्नेतयारीगरिरहेको बेला बारामा बुधबारदेखि एक बहुराष्ट्रिय कम्पनीसहित तीनवटा ठुला उद्योगहरु सञ्चालनमा आएका छन् ।



बाराका प्रमुख जिल्ला अधिकारीको निर्णयमा बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. २ सिमरामा अवस्थित सूर्य नेपाल, जगदम्बा स्टील, हुलास स्टील उद्योग सञ्चालन गर्ने भएका हुन् ।

प्रशासनले अनुमति दिएपछि उद्योगहरुले सञ्चालनको तयारी थालेका छन् । मङ्गलबार जिल्ला प्रशासन कार्यालय कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण गैरे , ईलाका प्रहरी कार्यालय सिमराका प्रमुख गोबिन्द पुरी , जिल्ला प्रशासन कार्यालय बारा, कलैयाका शाखा अधिकृत शेर बहादुर थापा, औधोगिक सुरक्षा बल औरहाका प्रमुख, उद्योग वाणिज्य संघका अध्यक्ष संजय साह लगायतको टोलीले उद्योगको स्थलगत निरीक्षण गरेका थियो ।

सुरक्षाको दृष्टिकोणले उपयुक्त र प्राथमिकतामा रहेका उद्योगहरुलाई सञ्चालन गर्ने अनुमती दिएको सहायक प्रमुख जिल्ला अधिकारी गैरेले जानकारी दिए ।

लकडाउनमा बन्द रहेका ती तीनवटा उद्योगहरुले केही दिन अगाडि जिल्ला प्रशासन कार्यालय बारामा उद्योग सञ्चालन गर्न माग सहित निबेदन दिएका थिए ।

उद्योगी र कामदारबीच समन्वय गरेर सुरक्षाको दृष्टिकोणले पनि राम्रो बातारण भएका उद्योगहरुलाई प्रशासन कार्यालयले बाराले सावधानी अपनाएर काम गर्न अनुमती दिएको छ ।

सम्भव त कामदारहरुलाई उद्योगमै बस्ने ब्यवस्था मिलाईन्छ । बस्ने बातारण नभएको अवस्थामा उद्योगको गाडिले सुरक्षित तरिकाले उद्योगमा ल्याउने र लैजाने ब्यवस्था मिलाईएको जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघका अध्यक्ष संजय साहले जानकारी दिए ।

खुलेका उद्योगहरु २० देखि ५० प्रतिशत उत्पादन क्षमतामा काम गर्ने छन् । माग र सुरक्षाकोलागि उपयुक्त बाताबरण भएका उद्योगहरुलाई क्रमसःप्राथमिकताको आधारमा सञ्चालनकोलागि अनुपमति दिने जनाएको छ ।

## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

- नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।
- खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।
- रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।
- अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।
- रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।
- माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com